# प्रदेश सभा
# गण्डकी प्रदेश
# सातौं अधिवेशन
# (पहिलो बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति : २०७७/१२/२५ गते, दिनको १.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको सातौं अधिवेशनको पहिलो बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको १ बजेर ३० मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, प्रदेश सभाको सातौं अधिवेशनको पहिलो बैठकको कारवाही प्रारम्भ हुन्छ। यस प्रदेश सभाको सातौं अधिवेशनको पहिलो बैठकमा उपस्थित सबै माननीय सदस्यहरुलाई हार्दिक स्वागत गर्दछु।

सर्वप्रथम माननीय प्रदेश प्रमुखबाट यो अधिवेशन आह्वान सम्बन्धी पत्र प्राप्त हुन आएको छ। सो को व्यहोरा म पढेर सुनाउँछु।

मितिः २०७७/१२/१९ गते

**विषयः प्रदेश सभाको अधिवेशन आव्हान गरिएको।**

माननीय सभामुखज्यू
प्रदेश सभा, गण्डकी प्रदेश, पोखरा।

प्रदेश सरकार गण्डकी प्रदेश,मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको

धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश सभाको अधिवेशन प्रदेश सभा भवन, पोखरामा संवत् २०७७ साल चैत्र २५ गते बुधवार दिनको १३.०० बजे आव्हान गरेको छु।

अमिक शेरचन

प्रदेश प्रमुख

अब लोकतन्त्र प्राप्तिका लागि जनयुद्ध, जन आन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलनमा जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट मौन धारण गरौं।

(एक मिनेटको मौन)

धन्यवाद।

माननीय सदस्यहरु, नेपाल लगायत विश्वभर फैलिरहेको कोभिड-१९ को महामारीको कारण हामी प्रभावित भएका छौं। यस महामारीबाट ज्यान गुमाउन परेका देश तथा विदेशमा रहनुहुने सम्पुर्ण नेपालीहरुमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।साथै यस महामारीबाट प्रभावित भएका सम्पूर्ण नेपालीहरुमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

माननीय सदस्यहरु, अब यस सभाको सातौं अधिवेशनको प्रथम बैठकको अवसरमा माननीय सदस्यहरुलाई आ-आफ्ना भनाइ राख्न समय दिन्छु। सर्वप्रथम म माननीय श्री हरिशरण आचार्यलाई बोल्न समय दिन्छु।

**माननीय हरिशरण आचार्य**

माननीय सभामुखज्यू, शायद नियमित अधिवेशनको हिसाबले हामी सातौं अधिवेशनमा छौं तर विशेष अधिवेशन जोड्दाखेरि आठौं अधिवेशनमा छौं जस्तो लाग्छ। यो अधिवेशनसम्म आइपुग्दा हामीले राष्ट्रिय राजनीतिमा नयाँ उतार चढाव ब्यहोरिरहेका छौं र हाम्रो नेपाल यो गण्डकी प्रदेशभित्र हाम्रा आत्मसम्मान हाम्रा बुझाई र आफ्ना परिवन्द र घेराहरु यो सबै सिमा तोड्दै तोड्दै हामी आज नयाँ ठाउँमा उभिएका हौं र नयाँ

परिस्थितिबाट अघि बढि रहेका छौ र मलाई लाग्छ नेपाल र नेपाली अथवा हाम्रो राष्ट्र अहिले पनि स्वाधीन छ र यो स्वाधीन राष्ट्रलाई त्यो अपनत्व र त्यसको विधिवत रुपमा त्यसको निरन्तरता दिने कुरा हामी सबैको कर्तव्य हो मैले अनुभूत गरिरहेको छु । यो राष्ट्रलाई यो परिवर्तनको यो क्षणसम्म ल्याउनका निमित्त महत्वपूर्ण योगदान गर्नुहुने विभिन्न मुक्ति आन्दोलन, जनयुद्ध, जनआन्दोलन लगायतका ती सम्पूर्ण महान शहिदहरु प्रति म हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु र यसैगरी उक्त आन्दोलनहरुमा बेपत्ता हुनुहुने बेपत्ता जन बेपत्ता साथीहरु प्रति म हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु। साथै घाइते अपाङ्गहरु प्रति सम्मान व्यक्त गर्न चाहन्छु र आज कोभिड-१९ को कारणले विश्व आक्रान्त बनिराखेको छ। यो परिस्थितिमा नेपालमा अझ विशेष गरी नेपालबाट बाहिर रोजगारीको शिलशिलामा अथवा अध्ययनको शिलशिलामा अथवा भ्रमणको शिलशिलामा जानुहुने कैयौं नेपालीहरुको मृत्यु भएको छ। नेपालभित्रै हजारौं नेपालीको ज्यान गएको छ। ती सबै ज्यान गुमाउने नेपालीहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु र यसैगरी यो कोभिडका कारणले अहिले पनि हस्पिटलका बेडहरुमा हुनुहुन्छ र अहिले पनि आइसोलेशनमा हुनुहुन्छ अथवा विभिन्न रुपमा उपचार गराई राख्नु भएको छ।

कोभिडका सबै विरामीहरु प्रति शिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्दछु र अहिले यो नियमित अधिवेशनको सातौं अधिवेशनमा बस्दाखेरि हामीले आज संसद भवन पनि हामीले तल र माथि दायाँ र बाँया गरी राखु पर्ने यो परिस्थिति हाम्रा लागि निम्तिएको छ। हामी पुरानो ठाउँबाट नयाँ ठाउँ र नयाँ ठाउँबाट पुरानो ठाउँ जाने आउने यो क्रम यो कोभिडकै कारणले बनिराखेको छ तर पनि मलाई के अनुभूत भई राखेको छ भने हामी कोभिडसँग जुध्न सक्छौं, संघर्ष गर्न सक्छौं, लड्न सक्छौं र फेरि नेपालमा त्यसको निर्मूल पनि गर्न सक्छौं भन्ने कुराको एउटा राम्रै उदाहरण सरकार र आम जनताले त्यो सबै कुराहरु देखाई राखेको छ ।

त्यसैले म यो प्रति गौरव गर्न चाहन्छु र यो सँगसँगै कोभिड-१९ लाई लिएर भई राखेका भ्रष्टाचार, विकृति, विसंगति यस्ता गलत पक्षहरुको विरुद्धमा संघर्ष गर्ने हिम्मत र आँट आम नेपाली जनतामा पैदा होस् म त्यो पनि कामना गर्न चाहन्छु र आज नेपालमा

राजनीतिक दृष्टिकोणले कस्को भागमा के पर्छ भनेर तुलो जोख्ने काम शुरु भएको छ। नेपालको राजनीतिक घटनाक्रमले हामी यो देखिराखेका छौं । कसको तुलोमा कति वेट (Weight) बढाउने भनेर एक ठाउँबाट अर्को चोक्टा तान्ने खालको यो परिदृश्य नेपालको राजनीतिमा फोहोरी खेलको शुरुवातमा देखा परिसकेको रहेछ। आज हामी यो निकृष्ट नमूना हाम्रो प्रदेशमा नआओस् भन्ने हामी कामना गर्न चाहन्छौं। आज गण्डकी प्रदेश भित्र आखिर नेपाली राजनीतिको अलि अलि थोरै हावा चल्न शुरु भई सकेको छ र मलाई अनुभूत भइराखेको छ हामी त्यो राष्ट्रिय राजनीति भित्र पटक पटक हाम्रा सम्माननीय प्रधानमन्त्रीले दलीय मूल्य मान्यता आत्मसम्मान प्रति आत्मघाती कदम चाल्नु भयो र अन्तिममा त्यो आत्मघाती कदमले आफैलाई बढार्दैछ भनेको कहिले अनुभूत गर्नुभएन। आज त्यो सबै चिजको पुष्टि इतिहासदेखि वर्तमान समयसम्म हुँदैछ।

त्यसको मात्र पर्खाईमा हामी छौं र मलाई यो पनि अनुभूत छ कि राजनीतिक दृष्टिकोणले हामी यो ठाउँसम्म आईपुग्दाखेरि हिजोका कैयौं बाधहरुलाई आफूले पहिरिएर हिड्नेहरु आज ती बाधहरुकै बरखिलाफ भएर हिडने पनि हामी राम्रैसँग देख्न सक्छौं र यसो हेर्दै गर्दाखेरि हिजोका घटनाक्रमहरु र आजका घटनाक्रमहरु, हिजोका आन्दोलनका चरणहरु र आजका आफूले कार्यान्वयनमा गई राखेका विषयवस्तुहरु यी सबै कुराहरु हेर्दाखेरि मलाई लाग्छ नेपालको राजनीति झन् पछि झन् फोहोरी बन्दैछ। यो फोहोरी राजनीतिबाट हामीले मुलुकलाई मुक्त गर्नका निमित्त अथवा स्थिर राजनीति प्रणालीमा अगाडी बढ्नका निमित्त अझै अझै मैले यो पनि बुझि राखेको छु कि यो नेपालमा अब फरक प्रकारको एउटा राजनीतिक वैकल्पिक धारको आवश्यकता झनै रुपमा बढदै गएको त्यो अनुभूत भई राखेको छ। सारा नेपाली जनताले त्यसको कुरा खोजी गरी राखेको हो। फेरी पनि हामीले अनुभूत गरिरहेका छौं।

यसो हेर्दै जाँदाखेरि हामी यो पनि देखिराखेका छौं कि नेपालमा अस्थिर प्रकारको राजनीतिक प्रणाली एउटा पदले अर्को पदमाथि डिक्टेट गर्ने प्रणाली अनि एउटा पदले अर्को पदलाई छाडा छोडने प्रणाली यो दुईवटै कुरा यो गलत छन् यो प्रणालीको अन्त्य गर्नका निमित्त पूर्ण समानुपातिक संसद अनि त्यो संसदबाट हामीले आम नेपाली

जनताको समावेशी लोकतन्त्रलाई स्थापित गर्ने त्यो मूल्य मान्यतालाई स्थापित गर्ने त्यो एउटा संस्कारको एउटा राजनीतिक घटनाक्रमको विकास गर्न जरुरी छ भन्ने कुराको राम्रैसँग त्यो उदहारण जनताको बिचमा देखा परिसकेको छ। आम जनताले त्यो कुराको वकालत गर्न शुरु गरिसकेको हामीले राम्रैसँग देख्न पाउँछौं। त्यसो भएर हामीले भनी राखेका छौं। आम जनताले एउटा निर्वाचन क्षेत्रबाट तीस चालिस हजार भोट ल्याएर प्रधानमन्त्री हुने जुन प्रणाली छ त्यो प्रणालीको अन्त्य भएर प्रमुख हुने जुन प्रणाली संसदले मात्रै प्रतिनिधिहरुले चुन्ने, आम जनताले चुन्ने खालको व्यवस्थाको जति बेलासम्म हुँदैन त्यतिबेलासम्म यो मुलुकमा राष्ट्रिय राजनीतिको हिसाबले त्यो स्थिर राजनीतिक प्रणाली शुरुवात हुन सक्दैन भन्ने कुराको दृष्टान्त अहिले नेपालमा देखिसकेको छ।

त्यसैले यो हिसाबले हेर्दाखेरि आज जनता समाजवादी पार्टी, नेपाल त्यसको ज्वलन्त उदाहरण हो अबको नेतृत्व जनता समाजवादी पार्टीको विचार संमृद्ध यो मुलुक निर्माणका निमित्त त्यो प्रकार दृष्टिकोणले अब नेतृत्व गर्ने कुरा निशंका आम रुपमा पैदा भई सकेको छ। त्यसैले म राख्न चाहन्छु कि नेपालको राजनीतिमा अब वैकल्पिक राजनीतिक शक्ति उदाइसकेको छ। एउटा हिजो हामी कम्युनिष्ट आन्दोलनमा हुँदाखेरि त्यो क्षितिजमा एउटा रातो सूर्य छ त्यो रातो सूर्य हाम्रो भविष्य हो र त्यही भविष्यका पर्खाईमा हामी बसिराखेका छौं भनेर साम्यवादी परिकल्पना गर्नेहरु पनि सबैकुरा त्यो पछाडि परिसकेका छन् त्यसैले हामी नयाँ परिकल्पनामा अगाडी बढि सक्या छौं भन्ने यो दृष्टान्त मैले राख्न चाहें । आज यो मुलुकमा जो राष्ट्रिय राजनीतिको घटनाक्रम यो प्रदेशमा पनि धेरै थोरै जोडिन आई सक्यो। मैले देखिराखेको छु आज प्रदेश सरकारले प्रदेश सरकार गण्डकी प्रदेशसम्मको यो अन्तरसम्बन्ध एक आपसमा रहिराख्यो तर भयो के भने गण्डकी प्रदेश सरकारले काम गर्दै जाँदाखेरि आफूले आफैलाई बिर्सियो। आफूले आफैलाई बिर्सियो, आफू कुन धरातलबाट आएको छु भन्ने कुराको त्यो सरकारले सबै बिर्सियो अनि त्यस पछाडि आफ्नो वर्ग धरातल आफ्नो संस्कार आफ्नो आचरण ती सबै बिर्सिएर आज प्रदेश सरकार अलमलाई रहेको छ। ढलपल, ढलपलको स्थितिमा छ। मैले त्यो अनुभूत गरिराखेको छु। त्यसैले प्रदेश सरकारले आज त्यो स्वाभिमान गुमाई सकेको छ। आज नयाँ नयाँ प्रकारको एउटा राजनीतिक घटनाक्रमले त्यसको

बाटो खोजी रहेको छ। मैले यो पनि राख्न चाहन्छु।

मलाई आज यो प्रदेश सभाको रोष्ट्रममा उभिएर बोल्दै गर्दाखेरि हामीलाई अबको राजनीतिक निकासको नेतृत्व अबको राजनीतिक निकासको पहरेदार, अबको राजनीतिक निकासको एउटा अग्रगामी सोंच हामीले लिन जरुरी छ। त्यो आवश्यक छ भन्ने कुराको पनि मैले राम्रो अनुभूत गरिराखेको छु। यसो भन्दै गर्दा खेरि आज संसद हामीले हाम्रो संसदलाई कति जिम्मेवार बनाउन सक्यौं । विगतमा हेर्दाखेरि संसदलाई हामीले जुन रुपमा जिम्मेवार बनाउन खोज्यौं त्यो जिम्मेवारीको साथ संसदले भूमिका निर्वाह गर्न खोज्दाखेरि पनि सांसदले भूमिका निर्वाह गर्न खोज्दा पनि आज त्यो भूमिका सरकारले पटक्कै वास्ता गरेन। म अहिले पनि राख्न चाहन्छु। आज प्रत्येक समितिले निर्णय गर्छ। प्रत्येक समितिका माननीयज्यूहरुले हस्ताक्षर गर्नु हुन्छ तर त्यो हस्ताक्षरलाई रद्दीको टोकरीमा फाल्ने काम भन्दा बाहेक सरकारले केही गरेको छैन। आज हामी एउटा निर्णय गर्छौं अनुगमन गर्ने एउटा उदहारण पेश गर्छौं अनि त्यो उदहारण पेश गरी सकेपछाडि सरकारले त्यसलाई रद्दिको टोकरीमा फालेर अनि कस्तो प्रकारको सरकार चलाउँदै छ ? कस्तो प्रकारको सांसद जन्माउँदै छ कस्तो प्रकारको जनताको प्रतिनिधि हुँदैछ मैले त्यो खोजि गर्न चाहन्छु। साँचै म प्रदेश सरकारसँग अनुरोध गर्न चाहन्छु कि हामीले पटक पटक समितिका मिटिङ्गहरुमा माइन्यूट गर्छौं, त्यो माइन्यूट बेकम्मा सावित भाछ। कहिले पनि कुनै पनि चीज सरकारले यो अहिलेसम्म यो हामीले गऱ्यौं। समितिले निर्देशन गरेको चीज, समितिले बनाएको चीज, समितिले भनेको चीज, यो चीज हामीले पालन गऱ्यौं भनेर सरकारको कुन उदाहरण छ ? त्यसैले म राख्न चाहन्छु सरकार संसद प्रति उत्तरदायी बनोस् ।

सरकार जति बेलासम्म संसद प्रति उत्तरदायी बन्दैन त्यति बेलासम्म सरकारको अस्तित्वपनि नामेट हुन्छ भन्ने कुरा म राख्न चाहन्छु। किनभने संसद, यो संसदीय प्रणाली हो संसदीय प्रणालीका पहरेदारहरुले संसद प्रति उत्तरदायी हुन्नन् भने अरु किन हुने त ? हामी त संसदीय प्रणाली भन्दा विपरित धारका मान्छे हौं। हामी त्यो राजनीतिक दलको विचार बोकेका मान्छे हौं। त्यसो भएका कारणले म विशेष गरी संसदीय मूल्य मान्यता र त्यसको आधारमा त्यसलाई आधार मानेर टेकेरै हिडनु भएका सरकारका

प्रतिनिधिहरुसँग म अनुरोध गर्न चाहन्छु तपाईंहरुले संसदीय मूल्य मान्यतालाई, आफ्ना आस्थालाई पूरा गर्नुस् अनि बल्ल त्यस पछाडि तपाईं संसदीय मूल्य मान्यताको प्रणाली अनुसार अगाडि बढेको ठहर्छ। मैले आज अहिलेसम्म आउँदाखेरि कुनै पनि ठाउँमा समितिका संसदका चार वटा विषयगत समितिहरु छन्। चार वटा विषयगत समितिहरुले जुन जुन बेला जसरी निर्णय गर्छ। त्यो निर्णय एउटा पनि कार्यान्वयन नभएर आज समितिले दिएको निर्देशन कार्यान्वयन हुँदैन भने समितिले दिएको निर्देशनलाई पालन गर्दैन भने समितिले दिएको निर्देशनलाई त्यसलाई अवलम्बन गरिदैन भने त्यो समितिको मिटिङ्गमा किन आउनु? के अर्थ छ भनेर माननीयहरुले त्यसलाई तिरस्कृत गरेको घटनाक्रम पनि हाम्रो विशेष गरी अर्थ विकास समितिमा रहेको छ।

आज यो यो विषयवस्तुलाई आज संसदले, सरकारले त्यसलाई जिम्मेवारपूर्ण बनाउन सक्दैन भनें हामी संसदीय मूल्य मान्यतालाई एउटा आस्था र शिरोधार्य गरेर हिडछौं भन्ने कुराको के अर्थ छ? त्यसैले हामी संसदलाई अर्थपूर्ण बनाऔं। आगामी दिन सांसद हुनुको अर्थ र संसद भित्र रहेर हामीले जिम्मेवारी पूरा गर्ने कुराको विषयवस्तुसँग हामी एक आपसमा अन्तरसम्बन्धित बनेर जिम्मेवार बनौं। यही विषयवस्तु राख्दै फेरि पनि यो आजको सातौं अधिवेशनमा हार्दिक हार्दिक शुभकामना साट्दै विदा हुन चाहन्छु। धन्यवाद। नमस्कार।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय श्री पियारी थापालाई बोल्न समय दिन्छु।

**माननीय पियारी थापा**

माननीय सभामुख महोदय, आज हामी सातौं अधिवेशनको प्रारम्भिक दिनमा छौं। यो अधिवेशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दै यो अधिवेशन अझै उपलब्धिमूलक होस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु र वास्तवमा हामी यतिखेर गण्डकी प्रदेश सभाले अहिले तीन वर्ष तीन महिना बिताई सकेको छ र यो तीन वर्ष तीन महिनामा गण्डकी प्रदेश सरकारले बनाउनु पर्ने सय वटा कानुन मध्ये करिब आधा आधी कानून

बनाएको छ र त्यो कानूनको प्रभावकारी कार्यान्वयनको विषयमा सरकार चुकिरहेको अनुभूति हुन्छ। त्यसलाई सुधार्नुपर्ने छ र त्यो विषयमा गहन कार्य गर्नु पर्नेछ। यो कार्य होस् भन्ने मैले अपेक्षा गर्न चाहन्छु र बास्तवमा ती सय वटा कानून बनाउन हामीलाई यो पाँच वर्षको अवधि लाग्नु पर्ने हो र आधा आधी कानून बनाउन हामीले लगभग आधा वर्ष भन्दा आधा वर्ष भन्दा अझ बढि धेरै समय बिताई सक्यौं तर हामीले त्यो सय वटा कानून यस्तै हिसाबले हेर्ने हो भने, त्यो सय वटा कानून बन्छन् कि बन्दैनन् भन्ने कुरा पनि यहाँ एउटा अन्यौलको विषय रहेको छ र यो तर्फ पनि सरकारले गण्डकी प्रदेश सरकारले राम्रैसँग बुझोस् भन्ने मैले अपेक्षा गर्न चाहन्छु र गण्डकी प्रदेश सरकारलाई यो सुझाव दिन चाहन्छु। बास्तवमा भन्ने हो भने नेपालको संविधानको २०७२ को अनुसूची ६ को ७, ९ र २० सम्बन्धित तर्जुमा गर्नुपर्ने कानूनहरु जो मौलिक हक अधिकारसँग सम्बन्धित छन् । ती विषयमा सरकार प्रदेश सरकार गण्डकी प्रदेश सरकारले खासै काम गर्न सकेको छैन ।

त्यस कारणले गर्दा यी स्वास्थ्य, शिक्षा जस्ता र खानेपानी सिंचाई जस्ता महत्वपूर्ण मौलिक अधिकारहरुमा सरकारले कानून बनाउन के कारणले ढिला गरेको छ? त्यस कारणले यी विषयमा सरकार गम्भिर हुनु पर्ने हो कि नपर्ने हो? यो विषयमा सरकार गम्भिर होस् हामी यो शुभकामना दिन्छौं हामी सरकारलाई यो खालको सुझाव पनि दिन चाहन्छौं। वास्तवमा अहिले गण्डकी प्रदेश सरकारलाई यो गण्डकी प्रदेश सरकारलाई ठूलो प्रकारको जिम्मेवारी छ तर त्यो जिम्मेवारी यो सरकारले गहन रुपमा लियो कि लिएन? त्यो जिम्मेवारीलाई सरकारले पूरा गर्न त्यो खालको कदम पहलकदमी लियो कि लिएन भन्ने मुख्य प्रश्न हो जस्तो मलाई लाग्छ। अहिले कोभिडका कारणले गर्दाखेरि आम जनसमुदायहरुमा परेको त्यो खालको वितण्डा, म त्यो वितण्डा भन्छु, त्यो खालको वितण्डालाई एउटा त्यसलाई एउटा त्यसलाई एउटा माथि उठाउने सन्दर्भमा त्यो वितण्डालाई रोक्ने सन्दर्भमा त्यो वितण्डालाई यो सरकारले निर्मूल गर्ने सन्दर्भमा के कति काम गर्न सक्यो? हामीले वास्तवमा हेर्ने हो भने यो सरकारले त्यो खालका कामहरु चुस्त दुरुस्त द्रुत रुपमा गर्न सकिरहेको छैन। त्यो कारणले गर्दाखेरि यी पनि यो अधिवेशनमा यी विषयहरु पनि पर्छन् भन्ने मलाई लाग्छ र कानून बनाउने सन्दर्भमा

पनि अलि यो छ महिना बाध्यकारी संविधानले जुन बाध्यकारी अवस्था सिर्जना गरेको छ, छ महिना भित्रमा यो संसदको बैठक बोलाउनु पर्छ जुन बाध्यकारी अवस्थाको थियो त्यसले मात्रै आज बाध्यकारी अवस्थाले आज हामी यो बैठकमा जम्मा भएका हौं कि जस्तो मलाई अनुभूति हुन्छ। किनभने यो विषयमा ६ महिनाको अवधि दिनमा हामीले हेर्ने हो भने सरकारले यसको अवस्था हेर्‍यौं भने त्यो खालको बाध्यकारी अवस्था नहुने थियो भने सरकारले यसलाई अझ लम्बाउने प्रोसेसमा थियो जस्तो मलाई हामीलाई अनुभूति हुन्छ।

त्यसकारणले सरकारले यसको गाम्भिर्यतालाई बुझ्नु पर्छ र यो बुझोस् पनि मैले भन्न चाहन्छु र प्रदेशभित्रको प्रदुषण नियन्त्रण वास्तवमा भन्ने हो भने अहिले प्रदुषणका कारणले गर्दाखेरि थप यो एकातिर कोभिडको कारणले एउटा जनमानसमा एक प्रकारको वितण्डा मचेको छ अर्को फेरि यो प्रदुषणले गर्दाखेरि यो वायु प्रदुषणले गर्दाखेरि विभिन्न खालका रोगहरु आगामी दिनहरुमा यसले महत्वपूर्ण विभिन्न प्रकारका रोगहरुलाई संकटको चरमचुली नाग्न सकिने अवस्थालाई हामीले किन नजरअन्दाज गरिरहेका छौ? यो मानेमा सरकार किन गम्भिर हुन सकेन भन्ने मलाई लागि रहेको छ र यसलाई गम्भिर हुनका निमित्त मैले अनुरोध गर्न चाहन्छु र यो देशको अहिले अत्यन्तै, देश अहिले अत्यन्तै संकटको भूमरिमा रुमलिएको छ एकातिर कोभिडको दोस्रो लहरले आम नेपालीहरुको जनजीवन झन कष्टकर बनाई रहेको छ भने अर्को तर्फ प्रदुषण गर्ने वायुमण्डलका कारणले गर्दा स्वास्थ्य सम्बन्धी समस्या थप गम्भिर बनाएको स्थिति छ तर यो सबै जटिलतालाई बेवास्ता गर्दै हामी के देखिरहेका छौं भने न त सरकारले जनताको स्वास्थ्य सम्बन्धी न जनजीविका सम्बन्धी न त सम्बन्धित संमृद्धि सम्बन्धी चासो दिएको छ। जल मण्डल, वायु मण्डल, स्थल मण्डलको कुनै वास्ता नगरिकन अहिले सरकार के मा मात्र रुमलिएको छ भने कसरी मन्त्री मण्डललाई बचाउने? कसरी आफ्नो स्वार्थ बचाउने?

कसरी आफ्नो सत्ता बचाउने खेलमा यो फोहोरी खेलमा लागि रहेको अनुभूति हुन्छ। यसले गर्दाखेरि आम नेपाली जनता जनताहरुको स्वास्थ्य सम्बन्धी समस्या र अन्य

रोजगारी सम्बन्धी समस्या र अन्य जनजीविका सम्बन्धी समस्या अत्यन्तै गौण बन्दै गइरहेको छ। यस्तो विषयले के देखाउँछ भने सरकार जनता प्रति उत्तरदायी भएन। यो बारम्बार हामीले उठाउने कुरा हो त्यस कारणले गर्दाखेरि सरकार जनताप्रति उत्तरदायी बनोस् हामी यो चाहन्छौं। जनताको जनअभिमतको अवहेलना गर्दै अर्धमूर्छित पारिएको प्रतिनिधि सभालाई सर्वोच्चले सदर गरिदियो। सर्वोच्चले सदर त गरिदियो तर त्यसका कामकारवाही चुस्त दुरुस्त हुन सकिरहेको छैन। न त नैतिकताको प्रश्नको कुनै सवाल छ न यो वास्तवमा भन्ने हो भने अहिले नैतिकताको प्रश्न पनि प्रमुख हो जस्तो मलाई लाग्छ त्यो नैतिकताको प्रश्नलाई कुनै छैन। एकतर्फि  एकतर्फिले राजिनामा देउ भन्ने अर्को तर्फ म राजिनामा दिन्न मेरो समर्थन फिर्ता लेउ भन्ने यस्तो खालको यस्तो खालेको परिस्थितिले देशलाई अझ अझै अस्थिरता तर्फ धकेलिएको छ यो मानेमा पनि सरकारले गम्भिर रुपमा ध्यान दिनु पर्छ जस्तो मलाई लाग्छ।

प्रधानमन्त्री फेरि पनि कुनै पनि बहानामा संसद विघटनको अवस्थामा जान चाहेको अहिलेको तत्कालीन पार्टी भित्रको समस्यालाई समाधान नगरिकन त्यसलाई चरमचुलीमा राखेर राम्रोसँग प्रदर्शन गरेको मलाई हामीलाई लागेको छ। हैन नेपाली जनताले दिएको म्यानडेट यो नाटक देखाउनका लागि हो? नेपाली जनताले दिएको अभिमत यहि नाटक देखाउनु भनेर दिएको कि देशलाई संमृद्ध बनाउन देशलाई सुखी बनाउ भनेर दिएको हो? यी मानेमा अलिकति लज्जाको बोध गर्नु पर्छ कि पर्दैन? त्यस कारणले गर्दाखेरि यी विषयमा सरकार गम्भिर बन्न पर्ने जरुरी छ र अहिले सत्ताको निमित्त सिंहदरबारमा रहेको जुन प्रकारको फोहोरी खेल के हो? सत्ता र शक्तिको निमित्त जुन फोहोरी खेल अहिले प्रत्येक प्रदेश प्रदेशमा गई सकेको छ। त्यस कारणले गर्दाखेरि यो फोहोरी खेल गण्डकी प्रदेश सरकारमा नआओस् भन्ने हामी चाहन्छौं।

गण्डकी प्रदेशलाई अस्थिरता तिर नलैजाऔं हाम्रो मान्यता छ हामीले त्यो अनुरोध गर्न चाहेका छौं र संघीयताका कारणले गर्दा खेरि वास्तवमा भन्ने हो भने यहि संघीयताका कारणले गर्दाखेरि सिंहदरबारमा भएको जुन फोहोरी खेल थियो, सत्ताको फोहोरी खेल थियो। त्यो अहिले प्रत्येक प्रदेश प्रदेशमा पुगेको छ। यो के यो हाम्रो कुरा हो ? यो

राम्रो विषय हो ? तपाईं हामीले सोच्ने कि नसोच्ने ? अहिले सरकार काम काज एका तिर कुम्लो बोकी ठिमी तिर । के सरकारलाई यो कुरा सुहाए ? जायज कुरा हो ? यो कुरा सुहाउँछ सरकारलाई ? जनताको म्याण्डेटले यहि माग्छ ? त्यही कारणले गर्दाखेरि सचेत भएर यो जनताको समस्याको समाधानका निमित्त अहिले जुन प्रकारका कोभिडको समस्या छ, जनजीविकाको सवाल छ, जुन प्रकारको यो भ्रष्टाचार सुशासनको समस्या छ यी सबै कुरालाई समाधान गर्नका निमित्त यो सरकार जुन जनताले जनअभिमत दिएको थियो त्यही सरकारले यो त्यही त्यो जनमतले सरकार संचालन गर्नु पर्छ।

हाम्रो मान्यता त्यो छ। त्यस कारणले गर्दाखेरि जुन प्रकारको फोहोरी खेलहरु र त्यो जुन प्रकारको एउटा भागभण्डाको खेलहरु छ। यसलाई तत्काल रोकियोस् र यो जुन जनताले जनताले जसलाई जनमत दिएर पठाएको छ त्यही जनमतको सही कदर होस् भन्ने हामी चाहन्छौं र यही भन्दै फेरि पनि यो गण्डकी प्रदेश सभा, यो सातौं अधिवेशन अझै सफल रहोस् र एउटा प्राप्तिमूलक रहोस् भन्ने शुभकामना व्यक्त गर्दै आफ्नो भनाई यहाँ अन्त्य गर्न चाहन्छु। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय श्री हरि बहादुर चुमानलाई बोल्न समय दिन्छु।

**माननीय हरि बहादुर चुमान**

माननीय सभामुखज्यू, करिब साढे दुई वर्षपछि फेरि उही पुरानै आफ्नै भूमिकामा त्यति बेलाको आफ्नै भूमिकामा उभिन आई पुगेको छु। यो देशमा राजनीतिक पार्टीहरु पार्टी निर्माण गर्छन् एकता गर्छन् रुपान्तरणका योजनाहरु बनाउँछन् । अदालत सबलाई बल गरेर र यस्तो विडम्बनाको स्थिति अब हामीले व्यहोर्नु पर्ने। हामी त चाहन्थौं अझ यो अझ एकीकृत बनोस् पार्टीमा विवादहरु हुन सक्छन्, बहसहरु हुन सक्छन् त्यसलाई प्रत्यक्ष रुपले नसके पनि अप्रत्यक्ष रुपले सहयोग पुर्‍याउलान हाम्रो संरचनाहरुले भन्दा झनै अब त्यसलाई तोड फोड गर्ने यो खालको परिस्थिति हामीले व्यहोर्नु पर्‍यो।

हुन त त्यसो नभाको भए म आज दल नेताको रुपमा यहाँ आउन पाउँदैन थिएं होला तर फेरि त्यसले त्यसको अर्को पाटो  के गऱ्यो भने दल नेता बनाई दियो । त्यसकारण नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रको दल नेताको हैसियतमा म फेरि रोष्ट्रममा सम्बोधन गर्न आई पुगेको छु। हामीले यो देशमा धर्म निरपेक्षता, समानुपातिक समावेशी प्रतिनिधित्व सहितको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गऱ्यौं। यसको निम्ति यति ठूलो बलिदान भयो। धेरैले नेपाली आमाका सपूतहरुले बलिदान गर्नु भयो। थुप्रै बेपत्ता छन्, थुप्रै घाइते अपाङ्ग छन् र नेपाली जनताले धेरै आफ्नो शरिरबाट तथा आखाँबाट आँशु बगाए शरिरबाट रगत र पसिना बगाए । यसरी प्राप्त गरेको यो संघीय लोकतान्त्रिक गणतन्त्र।

यो संघीय लोकतान्त्रिक गणतन्त्रलाई यसको मर्म सहित जुन मर्म हो त्यो मर्म सहित यसको कार्यान्वयनमा जानु पर्थ्यो तर यसको मर्म बोध भई राखेको देखिएन। हुन त यहाँ अघि चर्चा पनि भयो अहिले देखिएका यो देशमा देखिएका अस्थिरता र फोहोरी खेलहरु भन्ने शब्दहरु पनि प्रयोग भयो यी सबै संघीयताको कारणले भाका हुन भनेर अब एक थरी साथीहरुले त भनी राख्नु भाछ तर त्यो गलत हो। कुरा के हो भने संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म नबुझ्नाले अर्थात् खास गरिकन संघीयताको मर्म बुझ्न नसक्नाले, त्यसलाई ठीक ढंगले कार्यान्वयन गर्न नसक्नाले यी समस्याहरु आएका हुन्। म त भन्छु कि संघीयतालाई पूर्णता दिन नसक्दा संघीयताको मर्म अनुसार त्यसलाई कार्यान्वयनमा जान र त्यसलाई पूर्णता दिन नसक्दा यी समस्याहरु आएका छन् । त्यस कारण संघीयतालाई दोष थुपर्नु हुन्न । त्यसको बारेमा अब इतिहासले पनि न्याय गर्ला। मलाई लागेको के हो भने यदि यो देशमा हामीले संघीयता स्थापना गर्न सक्दैन थियौं ।

यदि यो प्रदेश सरकार र प्रदेश सभाका रुपमा पनि रहने थिएन र यति यतिन्जेल हामीले संघीयतालाई मजबुत पार्नको निम्ति प्रदेश सरकारलाई, प्रदेश सभालाई, स्थानीय तहलाई मजबुत पार्नको निम्ति नै मिहिनेत गऱ्यौं र हामीले यसमा धेरै मिहिनेत गऱ्या छौं गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेश सभाले धेरै मिहिनेत गऱ्या छौं । अब यसको मूल्याङ्कन र हामी गर्दैं जान सक्छौं, गर्दैं पनि आएका छौं र यति हुँदाहुँदै पनि यो, यो संघीयता

कार्यान्वयनको सन्दर्भमा हाम्रो काबु भन्दा बाहिरको चिज थियो। हामीले व्यहोर्नु पऱ्यो। हामी प्रदेश सरकार, प्रदेश सभा अझ मजबुत बन्नु पर्छ। अझ बलियो बन्नु पर्छ। अझ स्वायत्त बन्नु पर्छ भन्दै मिहिनेत गरिराखेको हौं तर केन्द्रमा संघ सरकारले त्यो मर्म बुझेन र गर्दै के गयो भने अब प्रदेशलाई कसरी कुनबाट कमजोर पार्न सकिन्छ। स्थानीय तहलाई कसरी कुन बाटोबाट कमजोर पार्न सकिन्छ भनेर निरन्तर लाएको अब देखियो। मैले भनें विविध मञ्चहरुबाट पनि भनें संविधान संविधानले दिएका अधिकारहरु संविधानले एकल सूचीमा उल्लेख गरेका अधिकारहरु, अधिकारहरुको राज्यको श्रोत शक्तिको बाँडफाँड हो ।

त्यसलाई कानुन बनाएर, कानून बनाएर पनि पुग्दैन भने अब कार्यविधि अन्य अन्य विभिन्न तरिकाबाट  लेख्दै जाने र संघ केरे यो संघीयतालाई कमजोर पार्ने काम हुँदै गयो। त्यसकारण अब यसको विरोध त हामीले गऱ्यौं सरकारमा रहेर पनि गऱ्यौं बाहिर रहेर पनि गऱ्यौं  तरपनि संघ सरकार र संघ सरकारको नेतृत्व गरिराख्नु भएको हालका प्रधानमन्त्री केपी ओलीज्यूले यसको मर्मलाई अब बुझ्न सक्नु भएन र बन्दै के गयो भन्दाखेरि आज होला भोलि होला अब त अब त कुरा केही बाँकि छैन टुङ्गियो अब त अधिकार प्राप्त होला भन्ने अपेक्षा गर्दागर्दै अब त्यो नहुने तिर गयो। म यस सन्दर्भमा एउटा मात्रै उदहारण आफैले काम गरेको कारणले एउटा मात्रै उदहारण दिन चाहेको कि यो प्रहरी समायोजनको सन्दर्भमा अब प्रहरी समायोजनको सबै कुरा टुङ्गिएको हो। अब सूचना निकालदिएर अब त्यो समायोजनको प्रकृयालाई अगाडि बढाउनु पर्थ्यो।

त्यति लामो मिहिनेत गरियो। अब हामीले ऐन बनाउँदा पनि यहाँ गर्व अनुभूतिको कुरा पनि मैले यहाँ राखें। बल्ल हामीले गण्डकी प्रदेश अब सरकार हुने भयो। सरकारको रुपमा उभिएको महसुस भाछ भन्ने हिसाबले एउटा राखेको थिएं अब त्यो ऐनलाई कार्यान्वयन गर्नको निम्ति अब छिट्टै प्रहरी समायोजन भएर आउने छ भनेर हामी प्रधानमन्त्री कै सातै प्रदेशका आन्तरिक मामिला मन्त्री र संघका गृह मन्त्री सहित बसेर अब टुङ्गियो अब कहिं बहस त छन् यी बहसहरु अब कानूनको सन्दर्भमा छन् । अब त्यो विषयमा केही बेला बहस गरौंला तर समायोजनको प्रकृया आजका मितिमा टुङ्गियो,

समायोजनको प्रकृया अगाडि बढोस् भनेको त त्यो बढदै बढेन र यति अब के देखियो त अब बढने छाँटै छैन अब समायोजन तिर जाने छाँटै देखिएन। यहि हिसाबले यहीं निर के स्पष्ट हुन्छ भनेदेखि अब यो संघीयताको मर्मको बोध गर्नुको सट्टा बरु यो माथि प्रहार भयो। एक पछि अर्को माथि हुँदै गरिराखेको त्यस कारण यसको त हामीले विरोध त गरिरहयौं । अब विरोध त गरिरहयौं अब बाहिर के पर्‍यो भने अब सरकारमा बसिराखेको छ अनि सरकारकै विरोध गरिराखेको छ हुन त हामी संघ सरकारको विरोध गर्‍या हो यो प्रकृयाको विरोध गर्‍या हो। यो एउटा अप्ठ्यारो स्थिति महसुस गर्दागर्दै पनि हामीले यो विषयमा विरोध गर्न छोडेनौं र मैले पनि आफ्नो ठाउँबाट पार्टीले पनि आफ्नो ठाउँबाट यसको विरोध गर्दै गयो र सँगै यति त यो यो त गईराखेकै थियो अब पछिल्लो चरणमा आएर झन झन अनौठा घटनाहरु घट्न पुग्यो। पार्टी भित्र बहस हुन्छन् विवाद हुन्छन् ।

अहिले पनि हुन्छ भने पार्टी भित्रको बहस जसरी तसरी त्यो पार्टी भित्रै टुङ्गयाउँने कुरा हो। अब त्यो जनताबिच जान सकिन्छ। कहिले काँहि पार्टीका बहस राजनीतिक पार्टीका बहसहरु आफ्नो घेराबाट केन्द्रीय समिति यसको महाअधिवेशन यी आजबाट पनि नटुङ्गयाउने स्थिति भयो भने आम जनताको बिचमा लैजाने कुरा पनि हुन्छ। जति ठूलो समस्या आयो त्यति ठूलो घेरामा लगेर मात्रै यसको समाधान गर्न सकिन्छ भन्ने एउटा सिद्धान्त हो तर त्यसो नगरेर भई दियो के त अब संसदमा पार्टीभित्र कुरा छ, बहस छ। अब संसद माथि प्रहार गरेर अब अस्थिरता तर्फ देशलाई अस्थिरता तर्फ लाने काम भयो। अब त्यसको अब विरोध गर्‍यो अब त्यसको विरोध गर्दै आयो अब यो सन्दर्भमा पनि के भन्यो भन्दाखेरि विरोध त गर्नु पर्‍यो यो त गर्नु नहुनै कुरा हो, गर्नु हुन्थ्येन, गलत भयो भनेर हामीले विरोध गर्‍यौं तर अब त्यहिं सिमित रहेर यहाँहामीलाई लागेको कुरा के हो भने यति मात्रै होइन, पार्टीको बहसको कारणले त्यहाँ गएर प्रहार गरिएको देशलाई अस्थितरता तिर लगिएको।

यति मात्रै होइन अब यसले त के गर्ने भयो त हामीले शुरुमा जुन उपलब्धि भन्या थियौं यी सबै समावेशी समानुपातिक प्रतिनिधित्व होस्, धर्म निरपेक्षताको कुरा होस्, संघीयताको

कुरा होस्, गणतन्त्रको कुरा होस, यी सबै कुरामा अब एक पछि अर्को अब प्रहार हुँदै जानेवाला छ। त्यसलाई रोक्न जरुरी छ र हुन त यो पार्टी हामी यो  स्थितिमा दुई वटा पार्टीमा नआएको भएपनि हामीले विरोध गर्नु पर्थ्यो तर बन्दियो के त भन्दाखेरि यी बहसहरु यी अन्तरविरोधहरु बढदै जाँदा अब दलपनि अलग हुन पुग्यो र अलग दलकै हिसाबले पनि अब देशलाई सही बाटोमै डोऱ्याउनु पर्छ भन्ने उद्देश्यका साथ हामी अब अगाडी बढिराख्या छौं। यस सन्दर्भमा फेरि पनि मैले दोहोऱ्याएर भन्न चाहें कि संघीयता कार्यान्वयन गरियो यो धर्म निरपेक्षता समावेशी समानुपातिक समावेशी प्रणाली लगायतको लोकतान्त्रिक गणतन्त्र यसलाई, यसलाई अझ मजबुत बनाउन जरुरी छ। यसलाई मजबुत पार्ने नेतृत्व हामीले नै गर्नुपर्छ। हामीले जो पनि गऱ्यौं, गर्दै आयौं र हामीले नै गर्नुपर्छ यो माथि आँच आउन दिन हुँदैन। यो रुपले हामी अगाडि बढि राखेका छौं तर कुरा के भईदियो त भन्दाखेरि अब संघमा जे जति घटनाहरु घट्छन् अब त्यस्तो प्रभाव  प्रदेशमा पर्दै जाने।

मैले यहाँ चर्चा गरें अब प्रदेशलाई स्वायत्त बनाउन सकिएन। यसलाई अझ कमजोर पार्ने काम भई रहे र यसको विरोध गरी रहे पनि फेरि थिति के भयो भन्दाखेरि यो जुन अदालतले अब संसद विघटन हुँदैन। अब अहिले देशको राजनीति जुन अवस्थामा आएर अडकिएको छ, यो स्थितिबाट देशलाई मुक्त गर्नको निम्ति जुन रुपले हामीले अब संघर्ष पनि गर्दै आयौं र संघर्ष पनि गर्दै जाने हो के भईदियो भने अब सरकारमै बसेर मैले यहाँ अब के राख्ने भएं भने अब सरकारमै बसेर अब जे जति पनि उहाँहरु हुन्छ, त्यसको प्रभाव सिधै प्रदेशमा पर्ने एक, अर्को कुरो त्यसको विरोध फेरि अब  सरकारमा बसेर गर्न यो नैतिकताले पनि दिने कुरा त यो नैतिक कसी पनि बन्दै गयो यो महसुस भयो। त्यसकारणले पनि अब मैले धेरै चर्चा गरिन थुप्रै उपलब्धीहरु हासिल भएकै हो त्यसमा मिहिनेत गरेकै हो। हुन त यो सिंङ्गो प्रदेश सरकारको उपलब्धी हो तैपनि आफू यस्तै गरेर आन्तरिक मामिला मन्त्री भएको नाताले खास गरी कानून निर्माण गर्ने कुरामा निकै मिहिनेत त गरिएको छ। यहाँहरु सबैलाई थाहा भएको कुरा हो।

४६ वटा त अब गत अधिवेशनसम्म हामीले संशोधन सहित हामीले निर्माण गरिसक्या

थियौं। अहिले पनि ४ वटा विधेयक यहाँ पेश भई सकेका छन् र अब यसको सँगै यसको कानूनी प्रकृयामा पनि गण्डकी प्रदेश सरकार र हाम्रो आन्तरिक मामिला तथा कानून मन्त्रालय निरन्तर लागेकै हो। लाग्दा लाग्दै पनि यी विविध मैले चर्चा गरेका कारणहरु प्रदेशलाई मजबुत बनाउने अवसर नै नदिएको कारणले अब अझ यो झन कमजोर पार्दै लाने उद्देश्य पनि लुकेको कारणले त्यो देखिएको कारणले अब त्यो सम्भावना कमजोर बन्न पुगेको छ। यसको निम्ति हामी आफ्नो ठाउँबाट मिहिनेत गर्ने छौं। अब संघर्ष गर्दै जाने छौं र सँगै अर्को कुरा के बन्यो भन्दा जब पार्टी अब पार्टी भित्र संघर्ष पैदा भयो, गलत गतिविधिहरुलाई हामीसम्म अब गर्न सकिने कुरा भएन र पार्टी दुई वटा पार्टी त अब बनी नै सकिसकेपछि मैले अघि नै भनें अब अरु अन्य अन्य ढंगले पनि विभिन्न पूर्वाग्रहहरु बढदै गयो। हामी सरकारमा नै छौं, सरकारमै बसि राख्या छौं तर त्यहाँ दुई वटा पार्टी त भई सकेकै छ अनि त्यस पछि अब त्यहाँ प्रदेश सरकारमा मैले औंल्याइनुपर्ने कुरा मैले धेरै औंल्याइ राख्या छु।

एउटा औंल्याउने कुरा के भयो अब त्यहाँ फरकपन त देखिंदै जाने भयो विरोध पनि बढदै जाने भयो एउटा यस्तो स्थिति देखियो। अब कुरा के रहन्छ भन्दाखेरि अब पार्टीमा पार्टी त नेपाल कम्युनिष्ट माओवादी केन्द्र हो। माओवादी केन्द्रमा बहस हुने भो, विभेद भो, अन्याय भो, अपमान भो, उठने कुरा भो, अब  अब त्यस बारेमा अब सरकारमा बसेर भन्दा सरकार भन्दा बाहिर रहँदा नै यसको प्रतिकारहरु गरिन्छ। पार्टीहरु यस बारेमा अंउलो ठड्याउने गरिन्छ अब यो  बन्दै गयो अहिले यो बुझाई बन्दै गयो र यो एउटा जटिल राजनीतिक परिस्थितिमा निर्णय त नबुझेनि हुन्छ जनताले चाहेको त पार्टी त संगठित भएर जावोस्, अझ संगठित भएर जावोस् र  हामीले निर्वाचनको घोषणा तर्फ जे हुने गर्‍या छन् ती कार्यक्रमहरु पूरा गर्दै जावोस् त्यही अपेक्षा थियो यी अपेक्षा भन्दा बाहिर गई सक्या छ।

अब यो बाहिर गएको स्थितिमा मैले यो रोष्ट्रम प्रयोग गर्दै जनतासँग अब जुन वचन प्रतिबद्धता त्यहाँ जाहेर गर्‍या थियो जुन प्रतिबद्धता जाहेर गर्‍या थियो हामीले घोषणापत्रमा जे उल्लेख गर्‍या छौं त्यसलाई दृढतापूर्वक कार्यान्वयन गर्ने छ यसमा हामी

सफल भई छाडने छौं भनेका ती अभिव्यक्ति नदिएमा हुन त मैले यो चर्चा गऱ्या थिएं नेताहरुलाई पनि अपठ्यारो पऱ्या थियो कि आफ्नो दिमागले आफ्नो ढंगले, आफ्नै बुतामा अडेर हाम्रा नेताहरुले त काम गर्नु पर्थ्यो तर काम गरेर सकेको देखिएन। मैले त यतिसम्म भनें यहाँको माइक्रो म्यानेजम्यान्ट अरु कसैले गर्छ। त्यही माइक्रो म्यानेजमेन्टमा उहाँहरु कुदि राख्नु भाछ र अनि अर्कालाई दोष लगाई राछ। त्यो दोष अर्कालाई लगाउने तर सबै सबै फेरि के बन्ने त भन्दा तिनै माइक्रो म्यानेजम्यान्टको योजनाभित्र कूदने अनि एकले अर्कोलाई सत्तोसराप गरेर यो देश अगाडी बढदैन यो विषयमा हामी सबैले गम्भिरतापूर्वक सोच्न जरुरी छ र अँउलो ठड्याउन जरुरी छ र यस्ता क्रियाकलापहरुको विरोध गर्नु जरुरी छ।

त्यही रुपमा आगामी दिनमा अब हामी अगाडी बढने छौं र यति चर्चा गरेर हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रले को संसदीय दलको बैठक हामी हिजो पनि बस्यौं आज पनि बस्यौं र यो संसदीय दलको बैठकले अब माओवादी केन्द्रका माओवादी केन्द्रका पार्टनर प्रदेश सरकारमा पनि प्रतिनिधित्व गर्ने मन्त्रीहरुले राजीनामा दिन पर्छ भन्ने निर्णय गरेको कारणले यो दिई नै सक्यो आजै हामी दुबै जना गण्डकी प्रदेश सरकारमा रहेका म आन्तरिक मामिला मन्त्री हरि बहादुर चुमान र भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री श्री लेख बहादुर थापा आजै मुख्यमन्त्रीज्यूलाई राजीनामा दिएर हामी यहाँ अगाडी आएका छौं र आज यसै घडीबाट हामी अब सरकारमा भएनौं। नेपाल कम्युनिष्ट पार्टी संसदीय दलका नेता अर्थात् संसद सदस्य प्रदेश सभाका सदस्यको हैसियतले हामी उभिएका छौं।

यो कुरा म यहाँ सभामुख मार्फत् यहाँहरु सबैमा जानकारी गराउन चाहन्छु र अबका हाम्रा गतिविधिहरु संघर्ष रहेर हामी दृढतापूर्वक कम्युनिष्ट आन्दोलनलाई एकीकृत गर्ने उद्देश्यका साथ हाम्रो हामी अगाडी बढि राख्ने छौं। यसमा अब जे सही हो, जे सत्य हो, त्यो कुरा त आखिर सत्य साबित भएरै छाडछ त्यही भएर सत्यलाई पनि सत्य हो भनेर पनि निकै पुष्टि गर्नु पर्दो रहेछ र त्यो मिहिनेत हामी गरी राखेका छौं। छिटै फेरि कम्युनिष्ट आन्दोलन एकै ठाउँमा आउने नै छ भरसक हामीले प्रयत्न गरौं हाललाई

सरकारलाई सहयोग गर्न सकिएन। मुख्यमन्त्रीज्यूले तीन वर्ष भन्दा अब केही महिना बढि पनि भयो देशको एउटा जिम्मेवार मन्त्री भएर देश र जनताको सेवा गर्ने अवसर दिनु भएकोमा उहाँलाई हार्दिक धन्यवाद दिंदै र यो सातौं अधिवेशन प्रदेश सभाको सातौं अधिवेशन आफ्नो जिम्मेवारी हो। हामी सबै आफूतिर फर्केर आफ्नो जिम्मेवारी दृढतापूर्वक पूरा गर्दै यो प्रदेश सभालाई सातौं अधिवेशनलाई भव्यतापूर्वक सफल पार्नेछौं। त्यही सफलताको शुभकामना दिएर विदा हुन चाहन्छु। धन्यवाद । नमस्कार।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म माननीय प्रमुख प्रतिपक्ष दलका नेता श्री कृष्ण चन्द्र नेपाली पोखरेललाई बोल्न समय दिन्छु।

## माननीय कृष्ण चन्द्र नेपाली पोखरेल

माननीय सभाम‍ुख महोदय, आज गण्डकी प्रदेश सभाको सातौं अधिवेशनमा उपस्थित भई प्रदेश सभाको सफलताको शुभकामना दिनका लागि मौका दिनु भयो सर्वप्रथम म माननीय सभामुखज्यू प्रति दलको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। मेरा भनाईहरु राखु भन्दा पहिलै यो देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नको लागि शहादत प्राप्त गर्न हुने शहिदहरु, शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु।

(**माननीय सभामुखः** माननीय सदस्यज्यू फोन बन्द गर्दिनु पर्‍यो।)

साथ साथै यो छ महिनाको दरम्यानमा विविध कारणबाट ज्यान गुमाउनु हुने व्यक्तिहरु प्रति उहाँका परिवार प्रति हार्दिक संवेदना र मृतकहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु। साथसाथै हामी संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा छौं र दुनियामा जुनसुकै देशमा पनि यदि लोकतन्त्रको हनन् हुन्छ यदि मानव अधिकारको हनन् हुन्छ भने हामी चुप लागेर बस्न सक्दैनौं। यस सन्दर्भमा हाम्रो देश नेपालको २००७ सालको क्रान्तिमा हामीहरुलाई हतियार समेत दिएर हामीलाई सहयोग पुर्याउने हाम्रो मित्र राष्ट्र तत्कालीन बर्मा र अहिलेको म्यामारका सैनिक तानाशाहहरुले त्यहाँको लोकतन्त्रवादी

नेता आङ्ग साङ्ग सूची जसले ८०% भन्दा बढि मत ल्याएर सरकार सञ्चालन गर्ने सन्दर्भमा सिधै लोकतन्त्रको हनन् गरेर त्यो जेलमा राखिएको छ यस प्रति हाम्रो दलको तर्फबाट हामी विरोध जनाउन चाहन्छौं र सभामुख मार्फत् म केन्द्रिय सरकारसँग अनुरोध गर्न चाहन्छु कि यसको भर्त्सना होस्। माननीय सभामुख महोदय, आजको माहौल विचित्र भयो। म भन्दा पहिलै मित्रहरुले आफ्नो आफ्नो कुरा राखु भयो र हाम्रो निवर्तमान भर्खरै राजीनामा दिएका मन्त्री तथा कम्युनिष्ट पार्टी माओवादी केन्द्रका दलका नेताले जुन भावना यहाँ व्यक्त गर्नु भयो जुन पिडा यहाँ व्यक्त गर्नु भयो त्यो म हामी सबैले महसुस गरे थियौं तर पनि म उहाँलाई के भन्न चाहन्छु भने फेरि दलको नेता हुनु भएकोमा बधाई छ।

हामी चाहन्छौं हामी सबै एकसाथमा एकातिर बसौं अब उहाँले के गर्नु हुन्छ मलाई थाहा छैन। वास्तवमा हामीले त्यतिखेरै भनेको हो अलिकति पछाडी लैजान चाहन्छु। अहिले जुन पिडा उहाँले पोखु भाकोछ कि संघीयताको मूल्य र मर्मका विरुद्धमा यो सरकार गयो। हामीले जे चीजको लागि लडेका थियौं त्यो चीज सरकारले दिन सकेन भनेर उहाँहरुले कुरा गर्दैगर्दा मलाई त्यो दिन पनि याद छ त्यतिखेर हामी पनि अचम्मित भाका थियौं रातारात कुन शक्तिले मिलाई दियो तपाईंहरु एक यू टर्नबाट यसरी आउनु भयो। त्यतिखेरै हामीले भन्या थियौं यो अप्राकृतिक छ गाह्रो छ यो जानको लागि किनभने त्यहाँका नेताजीहरुको पृष्ठभूमि उहाँहरुको प्रकृति स्वभाव आदि इत्यादि हामीले त्यतिखेरै बुझ्यौं तर मान्नु नै पर्छ हाम्रो सम्माननीय प्रधानमन्त्रीको वाकपटुता, उहाँको प्रभाव पार्ने खुबी आदि इत्यादिमा उहाँहरु जानु भयो हैन भने तपाईंले याद गर्नु पर्थ्यो वर्तमान प्रधानमन्त्रीलाई त यो संघीयता नै पचेको थिएन साँच्चै भन्ने हो भने त्यो मैले भन्या हैन उहाँले भन्नु भाकोछ ।

कुनै बेला संघीयताको लागि हामी सडकमा जाँदै गर्दा तर त्यो भुल्नु भयो उहाँ। म भन्दिन भन्नु भयो प्रचण्डजी र प्रधानमन्त्रीजीकै शब्द सापट लिनु भयो । प्रचण्डजीले भन्नु भयो भने प्रधानमन्त्रीजीले भन्नु भाछ त्यो म अलिकति पुडके मान्छे छु । मलाई प्रधानमन्त्री दिएर फुर्काई दिनुस भनेर प्रचण्डजीले भन्नु भयो। यति फुर्क्राएँ मैले तर

प्रधानमन्त्री दिएर फुर्कायउन सकिंदैन सार्वजनिक आएको अभिव्यक्ति हो मैले भन्या होइन। अर्थात्  यो मैले किन भनेको हो भने कि बुझ्न नसकेपछि परिणाम त्यही हो तरपनि अहिले किन कोट्याएको हो भने सत्यतालाई स्वीकार्नु पर्छ। हो यो प्रदेशको सन्दर्भमा माननीय मन्त्री जी यहाँको सरकार हाम्रो प्रदेश सभाको आफ्नै किसिमको भयो र अर्को पार्टी यतातिर यतिमात्रै भनिकन म के भन्न चाहन्छु भने यो छ महिनाको बिचमा बिचमा हाम्रो विशेष अधिवेशन भाको थियो र हामी प्रस्ताव गर्ने व्यक्तिहरु थियौं। हामीले सकभर विशेष अधिवेशनको विषयवस्तुमै केन्द्रित रहेर त्यसलाई टुङ्गयाउने कुरा थियो तर देशका घटनाहरुको चाहिने सन्दर्भमा हामी त्यो हाउसमा पनि छिर्न सकेनौ र हामी चाहन्थ्यौं तत्कालै प्रदेश सभाको बैठक बोलाइयोस् र मैले भन्नु नै पर्छ सरकार, आखिरी बैठक बोलाउने सरकारको नियम हो अहिलेसम्मको प्रकृति हेर्दा के हो भने सरकार जहिले पनि यो सभा फेस गर्नबाट टाढा रहने कोशिश गरेको देख्छु म अर्थात् यो प्रदेश सभा धेरै भन्दा धेरै चलोस् धेरै भन्दा धेरै छलफल होस्।

जनताका समस्याका विषय विभिन्न समस्याका विषय उदार भएर जानु भन्दा पनि करले बलले बोलाउँ भोलि समयमा पुग्ने छ आज हामी, यो पनि एउटा हामीहरुको प्रवृति होइन भन्ने मलाई लाग्दछ भविष्यमा यस्तो नहोस्। सभामुख महोदय, निश्चित रुपमा मैले भनेको छु २०६२/०६३ को आन्दोलन पछि २०७२ को संविधान अन्तर्गतको जुन चुनाव भयो एउटा विचित्रको रिजल्ट आयो। विचित्र मैले किन भनी राखेको छु भन्दाखेरि दुनियाँबाट सबै देश कम्युनिष्ट पार्टीहरु धेरै कमजोर हुँदै गए, समाप्त हुँदै गएका छन् र हाम्रो देशमा कम्युनिष्ट पार्टी सबै भन्दा ठूलो भयो र मलाई खुशी छ भने कम्युनिष्ट पार्टी भन्दापनि संसदीय लोकतान्त्रिक मूल्य र मान्यतालाई अवलम्बन गर्दै बहुदलीय प्रतिस्पर्धामा विश्वास राख्ने वाचा बन्धन सहितको कम्युनिष्ट पार्टी भएको हुनाले पार्टीको नाम मात्र फरक हो भन्न पनि सकिन्थ्यो तर हामीले के सोच्या थियौं भने यो देशमा अहिलेसम्मकै इतिहासमा इतिहासले यो मैले होइन इतिहासले बोलेको हो जहिले पनि समस्याको समाधान दिने पार्टी भनेको नेपाली काँग्रेस नै हो।

यसो भन्दै गर्दा शायद साथीहरुलाई अलिकति लाज हुन्छ तर इतिहास हेर्नुस।

२०६२/०६३ को आन्दोलन हेर्नुस। संविधान सभाको इलेक्शन हेर्नुस जहिले पनि समस्या समाधान गर्ने पार्टी हो र कम्युनिष्ट पार्टीले समस्यालाई बल्झाएको अवस्था हो। यो ऐतिहासिक तथ्य हो। म यो रोष्ट्रममा भन्न चाहन्छु। यस अर्थमा हामीले सोच्यौं चुनाव हामीले गरायौं। हामी हार्यौं। सानो पार्टी भयौं। हामीले स्विकार्यौं। सहजतापूर्वक स्विकार्यौं। दुई वटा पार्टी मिलेर लडनु भयो। बहुमत आयो । फेरि एक पार्टी हुनु भयो। मेरो शुभकामना अब नेपाल अगाडी बढछ पक्कै पनि किनभने हामी माथि एउटा चार्ज के थियो भने जहिले पनि अस्थिरता सिर्जना गर्छ यहाँ गर्छ त्यहाँ गर्छ।

काँग्रेस प्रतिको यो ठीक हो यो पाँच वर्ष कम्युनिष्ट पार्टीले आफ्नो घोषणा पत्र अनुसार अगाडी बढोस्। यो देश विकास हुन्छ भने काँग्रेसको घोषणा पत्र बाट होस् या कम्युनिष्टको घोषणाबाट होस् भन्ने हाम्रो एउटा मान्यता रहयो र त्यसरी नै हामी एउटा जिम्मेवार प्रतिपक्षको रुपमा रहयौं। तर सभामुख महोदय के पाइयो? मैले भनेको होइन। आज यो देशको अन्य राजनीतिक पार्टीहरु हइन, नागरिक समाजलाई, विद्वानहरुलाई या जो राजनीतिमा संलग्न छैन सबैलाई सोध्नु होस् । यो तीन वर्षमा के पायो देशले भने काण्डै काण्डको चाङ्ग पायौं हामीले। हो त काण्डलाई दोहोर्‍याउँदा हामी सबैलाई कण्ठै छ त्यो काण्ड चाहे अनि सुन काण्डदेखि बालुटार हुँदै विविध काण्ड, गोकुल काण्ड, बैंक न्यारो बडी अनि यस्तै यस्तै भने हरठाममा काण्डै काण्डले भरियो। यति मात्रै होइन यो ठूला ठूला आयोजनाहरु हिजै शुरुवात भएका आयोजनाहरु थिए। यी सबैमा भ्रष्टाचार र जनताले कुनै पनि अनुभूति गर्न पाएन । यो अवस्थामा मुलुक पुग्यो तर पनि हामीले के सोच्यौं भने हामीले औंल्याएका छौं र जनताले भोलि तर एउटा पक्का के हो भने पाँच वर्षसम्म नेपाली जनताले जे स्थायित्व खोजेको छ, वर्तमान सरकारले राम्रो नराम्रो गर्‍यो यो उसको जिम्मा हो तरपनि हामीले सहयोग गर्दै गयौं तर त्यो कुरो भएन। एकाएक संसद विघटन भयो यो कि राखेको छु भने सो सदनमा पहिला यो मौका पाएको थिएन। संसद विघटन भयो र प्रधानमन्त्रीजीले के भन्नु भयो।

मलाई काम गर्न दिएन। मलाई हाथ खुट्टा बाँधियो । यहाँ गरियो त्यहाँ गरियो भनेर

उहाँले आफ्नो सफाई दिनु भयो उहाँ सफाई दियो तर वास्तवमा सदनमा कसैले रोकेको थिएन। कुनै पनि किसिमको सदनमा अवरोध भा थिएन। अवरोध कहाँ भयो भने उहाँको वर्किङ्ग कमिटिमा भयो उहाँको पार्टीमा भयो तर पार्टीको झमेला पार्टी भित्र साथीहरुलाई मिलाउन नसक्नु, पार्टी भित्र सहअस्तित्व स्विकार्न नसक्नु र विभिन्न काण्ड आदि इत्यादिमा भाग भण्डामा कुरा नमिलेर सदनमा यसरी सक्याउन पाइन्थेन बलिदान गर्न पाइन्थेन तर उहाँले चढाई दिनु भयो र अहिले मुलुक पछि हामी सबैलाई थाहा छ मलाई के लाग्छ भन्दाखेरि त्यो हदसम्म अदालतको निर्णय  थियो।

सारा राष्ट्रले कुनै तर कहाँनिर कुरो भन्दाखेरि २३ फेरि अर्को निर्णय बढा ड्रामाटिक तरिकाले तीन वर्षको मुद्दा थाँति राखेको त्यही दिन भटाभट निर्णय गरियो त्यो पनि हो भन्दाखेरि अब चाहिने हिजोको नेकपा रहेन। तिमिहरुले पन्ध्र दिन भित्र आएर नयाँ पार्टी खोल्ने भए खोल नत्र एमाले माओवादी भनेर घोषणा भयो। अब जति त्यो निर्णय जुन थियो। त्यो स्वाभाविक थिएन। हामीले त्यो ठहर गरेकै थिएन तर पनि अदालतले भनेको कारणले हामीले त्यो कुरा लियौं। तपाईहरुले लिनु भयो। अब प्रश्न के हो भने अहिलेसम्म जुन राजनीति मुलुकको गई राखेको छ र एउटै प्रश्न गराई के हो भने। वर्तमान प्रधानमन्त्रीजी संसद उहाँले मारदिनु भयो अर्को सेन्समा विघटन गर्‍या हो।

अदालतले रि गरेको हो अब रि गरेको संसदमा आई सकेपछि प्रधानमन्त्री एज इ इस अगाडी बढने हो? कहाँको नजीर कहाँको नैतिकता ? न विधानले दिन्छ। कम से कम प्रधानमन्त्रीज्यू भन्न सक्नु पर्छ। मैले विघटन गरेको हो। मैले जनताको बिचमा जान खोजेको हो तर मेरो निर्णयलाई कोर्टले बदर गरिसकेपछि मैले नैतिकताको आधारमा राजिनामा दिन्छु त्यो भन्न सक्नु पर्थ्यो तर त्यो भएन । यति मात्रै होइन संवैधानिक व्यवस्था यद्यपि आफुले प्रतिनिधित्व गरेको दल त्यो फुट्यो भने ३० दिन भित्र विश्वासको मत लिनु पर्ने भनेर स्पष्ट व्यवस्था छ त्यो पनि भएन र आज मुलुक यो अवस्थामा छ गएको अवस्थामा छ।

त्यसो भएको हुनाले म यतिमात्र के भन्न चाहन्छु भन्नाले वर्तमान सरकार खासगरिकन

वर्तमान प्रधानमन्त्रीज्यूको जुन शैली छ जुन प्रवृत्ति छ र जसरी उहाँ हिडनु भाको छ त्यसले सिंङ्गो संघीय लोकतान्त्रिक गणतन्त्र माथि एउटा प्रश्न चिह्न उठाएको छ र आज सडकमा हेर्नु आज प्रधानमन्त्रीज्यूकै सामुने सदनमा राजतन्त्रको वापसी हुनु पर्छ भनेर बोल्ने हिम्मत कोले त्यो माहौल कोले दियो? भने यो स्विकार्नु पर्छ उहाँले र मेरो पार्टीले निर्णय गरेको छ कि प्रधानमन्त्रीज्यूले राजीनामा दिन पर्छ यसर्थ म पनि यो रोष्ट्रमबाट सभामुखज्यू मार्फत म यो अनुरोध गर्न चाहन्छु कि प्रधानमन्त्रीले अविलम्ब राजीनामा दिनु पर्छ या विश्वासको मत लिनु पर्छ। यो मैले रहरले या मेरो इच्छाले होइन।

संवैधानिक व्यवस्था छ। त्यहि संविधान हो। दुई वटा अवस्थाको परिकल्पना गरेको अवस्था हो। त्यो मध्ये एउटा त क्लियर छ। त्यो के छ भने पार्टी त फुटेको छ एउटा पेरिसडाँडामा छ एउटा उतापट्टि छ अब त्यो धुमबाराहीको पार्टीको त्यथा अर्कै छ त्यो अर्को कुरो हो तर कम से कम पार्टी त फुटि सक्यो नि अब के भयो। भन्दा अब विश्वासको के भन्छ समर्थन फिर्ता लिएन भने अर्को काण्ड मैले सुनेको छु र मलाई खुशी लायो कि आज यहाँ जसरी माहौल अहिले केन्द्रले फिर्ता लिएको छ। लिएको होला लेला यो मैले किन भनी राखेको छु भन्दाखेरि को प्रधानमन्त्री होला नहोला अर्को पाटो हो। तर एउटा कुरो के हो दुई तिहाई बहुमत भएर पनि मुलुक चलाउन नसक्नु, दुई तिहाईको बहुमत हुँदाहुँदै विघटन गर्नु र म ताजा जनादेशमा जान्छु भन्नु र एकै चोटी दुई तिहाई मैले मात्रै ल्याएको धाक भन्नु अब त्यो सामान्य दिमागले बुझ्ने कुरो होइन त्यो उहाँले कुन तागतको आधारले यस्तो भन्नु भाको छ।

आफ्नो पार्टी भित्र आफ्नो व्यक्तिलाई एउटा सन्तुलन मिलाउन नसकेर र राष्ट्र सारा राष्ट्रलाई यो पद्धतिलाई जुन धरापमा उहाँले पार्नु भएको छ यसको हामीले पहिले पनि विरोध गर्‍या हो अहिले पनि म विरोध गर्न चाहन्छु। यसर्थमा म के भन्न चाहन्छु भने यो केन्द्रीय राजनीति निश्चित रुपमा पर्छ प्रभाव छिटाबाछिटा आफ्नो कुरा हो। म अहिले आफ्नै प्रदेशमा पनि भन्न चाहन्छु यहाँपनि हो व्यक्तिगत तवरमा अहिले पनि म भन्छु कम्पेरेटिभले यहाँको सरकार हामी प्रतिपक्षी लगायत हामी प्रतिपक्षहरु निश्चित रुपमा हामी राम्रै उसमा हिडेका छौं । यद्यपि हाम्रा धेरै कुराहरु मिलेका छैनन् होला मिलायौं

जे गऱ्यौ तरपनि वैधानिक कुरो आई सकेपछि अब म मुख्यमन्त्रीज्यूतिर फर्कनु चाहन्छु तपाईं त्यहीं बसिरहनुस, विश्वासको मत लिएर जितेर बस्नुस मेरो शुभकामना तर त्यहाँ सम्माननीय प्रधानमन्त्रीले नलिएपछि मैले पनि लिन्न भन्न पाइदैन। किनभने संविधानले भनेको छ आफूले प्रतिनिधि गरेको दल यदि फुट्यो भने तपाईले विश्वासको मत लिनु नै पर्छ। तपाईंको पार्टी फुट्यो कि फुट्यो यदि फुटेको हो भनेदेखि तीस दिन भित्र तपाईंले विश्वासको मत लिनु पर्छ।

विश्वासको मत त त्यो तपाई माथि डिपेण्ड गर्छ लिनु भयो अगाडी बढनुस फ्रेस भएर अगाडी बढनुस सक्नु भएन भने केही विकल्प होला यो त भोलि रिजल्टले देखाउने हो तर एक्सरसाइज र संविधानको हामी सबैले पालना गर्नु पर्छ यसर्थ म सरकार प्रमुखलाई अनुरोध गर्न चाहन्छु राम्रा नजीरहरु नराम्रा नजीर लिनु हुँदैन। राम्रा नजीर लिनु पर्छ अब त्यो के हो भने प्रधानमन्त्रीजीका नराम्रो जुन नजीर कायम गर्नु भाको छ त्यसलाई तपाईले अवलम्बन नगर्नुस भन्ने मेरो अनुरोध छ। अब यो यत्ति राख्दै यसो भनिकन अहिले हामी एकदम चलखेलै भयो आदि इत्यादि नसोचौ तर यथार्थ त त्यही हो। यति हुँदाहुँदै पनि म अब अलिकति अर्को साइडमा जान चाहन्छु सभामुख महोदय अघि साथीहरुले पनि यहाँ धेरै उठाउनु भएको छ। हिजो हामी कोरोनासँग लडयौं। कोरोनासँग लडदा हामीले सशक्त रुपमा सरकारलाई दवाब पनि दियौं सहयोग पनि गऱ्यौं र हाम्रा नमिठा अनुभव पनि भए। सरकारको सदाशयता रहँदा रहँदै पनि म गलत भन्दैन हाम्रा यहाँका दाजु भाई दिदी बहिनीहरुलाई हस्पिटल भर्ना गर्दाखेरिका पिडा।

त्यो आईसियू नपाएर, भेन्टिलेटर नपाएर मरेका पिडा त्यो हामीले अहिले पनि भुल्या छैन र अहिले जबकि फेरि केन्द्र सरकारले प्रक्षेपण गरे अनुसार ज्येष्ठ असारमा फेरि कोरोना आउँछ सेकेण्ड लहर आउँछ भनेर जुन कुरा भाको छ विगतका कुराहरुलाई हामीले कमजोडीलाई महसुस गरेर त्यसको लागि तयार रहौं र म फेरि अर्को पनि भन्न चाहन्छु। कोरोना कै सन्दर्भमा जो भ्याक्सिनको जो म्यानेजम्याण्ट गऱ्या छ सरकारले म धन्यवाद पनि दिन चाहन्छु भोलिका दिनमा कोही पनि प्रदेशवासीले भ्याक्सिनबाट विमुख हुनु पर्दैन भनेर मलाई विश्वास छ साथसाथै यसैसँग जोडिएको अब यो सरकारले जुन

इण्टरप्राइजेज सर्भाइभल फण्डको रुपमा व्यवसायिक जीवन रक्षाकोष फण्ड भनेर जुन खडा गऱ्यो। हामी पनि खुशी भयौं। हामीले त्यसलाई स्वागतै गऱ्या हो । त्यो वितरण पनि भई राख्या हो तर वितरण हुँदाखेरि त्यो कुन लक्ष्यले कसरी कहाँ पुग्यो कसरी जानु पर्थ्यो फेरि बैंकहरुले आफ्नो पैसा लगानी गरेको स्टाइलमा फिल्डमा गाको थियो सरल तरिकाले त्यो भएको अवस्था छैन।

आज म त्यो स्मरण गराउन चाहन्छु त्यता ध्यान आकर्षण गराउन चाहन्छु। यसै सन्दर्भमा भोलिको संकट आउँदै गर्दा हामी सबै प्रदेशकै हिसाबले नवलपुर जिल्लाको रजौरी स्थित प्राकृतिक चिकित्सालय छ उसले जुन सेवा दियो त्यो तपाईं हामी सबै थाहा छ। त्यो उदहारणीय छ यहाँहरु सबैलाई थाहा होला टोटल लक्षण सहितका ७८६ जना बिमारी भए उसले आफ्नोकहाँ राखेर सन्चो बनायो ७८६। त्यो ७८६ लाई मेन्टेन गर्दैगर्दा सरकारको मापदण्ड अनुसार पर हेड पैंतिस सय रुपयाँ दिनु पऱ्यो तर अहिलेसम्म जम्मा ७७ लाख रुपैया मात्रै दिएको छ। बाँकि हुन आउने रकम जुन छ तीन करोड पच्चासी लाख रुपैया सरकारले कमिटमेन्ट गरेको उनीहरुले सेवा गरेको र मुख्यमन्त्रीज्यू गएर पनि त्यहाँ कमिटमेन्ट गर्नु भाको छ रिटनमा। त्यो पैसा अहिलेसम्म गएको रहेनछ। त्यो पैसा उनीहरुले किन मागि रहेको छ भने त्यहाँ अर्धनिर्मित ठुलो भवन छ हेर्नुस त्यो पैसा गयो भने त्यो भवन कम्पलिट भएपछि भोलिका दिनमा महामारी आउँदै गर्दा अरु ७८६ डबल लगभग बाह्र तेह्र सय बिमारीलाई एकोमोडेट गर्न सक्ने हैसियत त्यो प्रदेशको शिक्षालय हुनेछ यस अर्थमा त्यतातिर ध्यान जावोस् भन्न चाहन्छु र अर्को एउटा प्रमुख प्रतिपक्षी दलको हैसियतले हामी सबै चाहन्छौं यो सरकार आफ्नो लक्ष्यमा सफल होस्।

त्यो भनेको के हो भन्दा बजेट विनियोजित भई सकेपछि समयमै खर्च होस्। कहाँ भयो के भयो कता कमि त्यो छोड्दिनुस तर बजेट, विनियोजित बजेट समयमै पुरा होस् ताकि जनताले त्यो सेवा सुविधा पाउन। यो हाम्रो जहिले पनि उद्देश्य हो । त्यसरी हेर्दै गर्दा अहिले गण्डकी प्रदेश सरकारको यो दोस्रो चौमासिकसम्म आई पुग्दा स्थिति निराशाजनक छ। यसो भन्दा मैले त्यसै भनेको होइन मसँग जुन डाटा छ म यहाँ राख्न

अनुमति चाहन्छु।

फाल्गुन मसान्तसम्म भौतिक  पूर्वाधार मन्त्रालयको चालु तर्फ ४१.५१, पूँजीगत तर्फ २६.३७ जम्मा ३६.% खर्च भएको रहेछ। कानून मन्त्रालयको चालु तर्फ ४०.५२, पुँजीगत तर्फ १७.७९ टोटल २२.२५, सामाजिक तर्फ चालुमा २२.८२ पुँजीगतमा १३.९४ टोटलमा १९.७०, मुख्यमन्त्रीज्यूको कार्यालय चालुमा ४.७२ पुँजीगतमा १.४४ जम्मा ३.५३% खर्च भाको छ। पर्यटन मन्त्रालय चालु २८.६५ पुँजीगत २४.११ जम्मा २७.२४, कृषि चालु तर्फ १०.७१ पुँजीगत तर्फ १७.३५ टोटल जम्मा ११.७४, प्रदेश  सभा ५८.५७ चालु तर्फ ४७.३१ पुँजीगत ५७.७२ जम्मा, लोकसेवा आयोग चालुमा ४.४० पुँजीगत १८.९ टोटल ६.८, मुख्यन्यायाधिवक्ताको कार्यालय ४९.८ चालु  पुँजीमा ८८.२१ ६२.२९ हुन आउँछ, आर्थिक मामिला मन्त्रालय १६.५२ पुँजी तर्फ २८.१२ र जम्मा १७.४२, नीति तथा योजना आयोग चालु २९.०७ पुँजीगत ३.३५ जम्मा २२.१७ अर्थात् टोटल बजेटको चालु तर्फ २०.९५ पुँजीगत तर्फ २७.७८ टोटलमा २४.९८ खर्च भएको अवस्था छ । नौ महिनामा लगभग लगभग जम्मा २५% बजेट खर्च भाको छ। अब चार महिनामा ७५% कसरी खर्च हुन्छ? यसबाट के देखिन्छ भने सरकारले काम गर्न सकिराखेको अवस्था छैन। यो हामीलाई आवश्वस्त बनाउने हो यो भएको विनियोजित बजेट खर्च नहुने र फेरि पछि त्यो डबलिएर आउने यो जुन परम्परा छ यसबाट मुक्त हुनु पर्छ र आगामी दिनमा यो बिचमा सरकारले यो  खर्च गर्न सकोस् भन्न पनि म चाहन्छु। यस पछि म एक दुई वटा कुराहरु मेरो जिल्लासँग रिलेटेड तर मेरो जिल्ला मात्रै होइन प्रदेशसँग रिलेटेड कुराहरु म यहाँ राख्न चाहन्छु त्यो के हो भने तपाईहरुले सुन्नु धेरै पटक हाउसमा हामीले राखिराखेका छौं ।

यो दुम्किवास जुन सडक छ हामीले कोरोनादेखि चिचयायौं । त्यहाँतिर अलि अलि काम काम भाछ सुन्या छौं तर आज त्रिवेणीको त्यो सडक इआईए पनि हुन सक्या छैन। साढे तीन वर्ष भई सक्यो । केन्द्रमा सरकार यहाँ सरकार यो छ उ छ तर्क भा छन् तर त्यो एआई हुन सक्या छैन। सडक बन्न सक्या छैन। हामी अब त्रिवेणी जाँदाखेरि

हामीलाई त्यहाँ जनताले घेरेर हामीलाई पाँच नम्बर पठाईदिनुस भनेर जो प्रेशर आएको छ। खै त्यो प्रेशर त्यो अनुसार काम हुन सकेन। अहिलेसम्म नभएको अवस्था छ। त्यसो भएको हुनाले म सरकारसँग अनुरोध गर्छु यसलाई सिरियसली लिनुस् । अ अहिले एउटा भन्सार अपग्रेड भाको छ यो पनि सुनाई दिए तर त्यहाँ क्वारेनटिन भन्दो रहेछ त्यो जनावरहरु पशुहरु इण्डियाबाट आएर त्यहाँ चेक गर्ने व्यवस्था नभएको हुनाले अहिले पशु ल्याउनै छोडयो। एउटा कर्मचारी पठाई दियो भने हजारौं पशु त्यहाँबाट आउन थाल्छ भन्सार वृद्धि हुन्छ। यी कुराहरु तर्फ सरकारले ध्यान दिनु पर्छ।

हुन सकेको छैन। बढो दु:खको कुरो हो यो। त्यस्तै अर्को अब त भाषण गर्न पनि मन्त्रीज्यूले छोड दिनु भयो जस्तो लाग्छ। हामीले पनि छोडयौं त्यो के हो भने एउटा फास्ट ट्याक। डेढ गाउँ टु दुम्किवास भनेको भने तर आजसम्म कुन रुटलाई फास्ट ट्याक गराउने हो । धेरै उत्तर दक्षिण सडक छन् त्यो मध्ये कुन लाई बेस मानेर जाने हो। त्यसको डिपिआर कम से कम गर्न सक्नु पर्‍यो त्यो पनि भाको अवस्था छैन। त्यस्तै नारायणी नदीको मैले पटक पटक जिकिर गर्छु हाउसमा हो अहिले सुनें मैले एउटा डिपिआर भाको तर त्यो डिपिआर चितवन बाग्मती प्रदेश गण्डकी प्रदेश त्यो ज्वाइण्टली हो कि हाम्रो मात्रै हो कि त्यो कसरी हुने हो। त्यो कसरी जाने हो। त्यो तर्फ जानु पर्‍यो त्यो सिरियस कुरो हो।

नारायणी नदिको अवस्था के हुन्छ भने बर्खामा बाढि आउने एउटा पाटो छ। हिउँदमा पनि तपाईंको कस्तो छ भने म अस्ति चितवन जाँदै गर्दा म एउटा सामुदायिक वनमा गएँ। सारा जनताले मलाई घेरे के भने चितवन तर्फकाले अर्थात् बागमति प्रदेशले डोजर लाएर पानी उता खनिदिया हुनाले हिउँदको पानी जति उता गयो हामीकहाँ यत्रा हजारौं साइबेरियाबाट आउने चराहरु अरु विविध जनावरहरु आउँथ्ये अब जम्मै उतातिर जान थाले अर्थात् यो यति सिरियस हुनु पर्यो कि हिउँदको पानी पनि बराबर किसिमले जाने व्यवस्था कोलाई भन्ने ?

सरकारको दिमागमा कम से कम यहाँ मन्त्रीजीहरु मुख्यमन्त्रीज्यूले त्यो कुरालाई

राखिदिनु पऱ्यो भन्न चाहन्छु म त्यति मात्रै होइन। मैले अर्कै एउटा कुरा भन्नु छ। यो प्रदेशको राम्रै साँच्चै भन्ने हो भने नवलपुरको जुन यो जैविक विविधता छ। त्यसलाई हामीले बचाउन सक्यौं भने ठूलो आम्दानी हुन्थ्यो । ठूलो हामीलाई गौरव हुन्थ्यो त्यसको एउटा उदहारण दिन चाहन्छु। त्यहाँ एउटा हलचल रेष्टुरेन्ट भन्छ गिद्धको रेष्टुरेन्ट भन्ने यहाँ अर्थ लाग्छ गिद्ध संरक्षण भनेर आज भन्दा १२-१३ वर्ष अगाडि एक जना चौधरीजीले गिरिश महतो भन्नेले सामुदायिक समुदायलाई साथमा लिएर शुरु गर्नु भयो। शुरु गर्दाखेरि उहाँको सात प्रजातिका त्यतिखेर सात प्रजातिका ७२ वटा गिद्धबाट उहाँले शुरु गर्नु भाको अहिले कति छ भन्दाखेरि आठ प्रजातिका ३३४ गिद्ध स्टाण्ड बाय। त्यो कसरी बाँच्या छन्? त्यो पनि बुझ्नु पर्यो भन्दा जति पनि यी गाईहरु बुढाई सक्या छ त्यहाँ लगेर छोड दिन्छ।

मरेपछि खान्छ यदि मरेको भेटाएन भने उनीहरुले राँगो या भैंसि कहिं किनेर ल्याएर दिन्छ अनि त्यसले खान्छ। त्यो तपाईहरु जतिखेर गएनि हेर्न सकिने हो। त्यो मैले किन सुनाई राखेको छु भने यो चीजले के गऱ्यो भन्दाखेरि म अस्ति जाँदा गैंडाहरु आई राख्या थिए कसरी आयो गैंडा भनेको उनल दुई सय हेक्टरमा घाँस उमारे छन्। ग्रास ल्याण्ड बनाई दिए छन् र दुई सय हेक्टरमा घाँस उमारदिए पछि त चितवन भन्दा घाँस यता मिठो मान्यो गैंडाले सबै यता आई राखेको अनि भेट ल्याण्ड पोखरीहरु कुँवाहरु उनको आफ्नो स्रोतबाट अहिले गैंडाहरु यहाँ आउँछन् र सौराहा भनेर वन्यजन्तु हेर्न जानु नै पर्दैन गण्डकी प्रदेशको नवलपुरको पनि त्यही सामुदायिक वनहरु छन्। तीन चार वटा त्यहाँ जानु भयो भने जम्मै जनावर त्यहाँ आउँछन्। तर हामीले उसलाई सपोर्ट कति गऱ्या छौं भन्दाखेरि त अहिलेसम्म तीन लाख रुपैया दिएको रैछ ।

त्यसले उहाँहरुले एउटा बर्ड रेस्क्यू सेन्टर बिरामी भाका चराहरु ल्याएर बचाउनेका लागि एउटा घर बनाउने बाहेक अहिलेसम्म प्रदेश सरकारको ध्यान गाकै छैन। यो मैले किन सुनाई रहेको छु भनेको यो सबै प्रदेशको गौरव हो। त्यस्तै मैले यो भन्दा पहिलै हाउसमा र व्यक्तिगत मन्त्रीज्यूसँग कुरा गरेको हो। भृकुटी कागज कारखाना सबैलाई थाहा छ निजीकरणमा गयो। कारखाना चल्न सकेन। मजदुर र मालिकको

बिचमा खेतानको बिचमा सम्झौता भयो। सम्झौतामा के सम्झौता गरे भन्दाखेरि तपाईहरुले पाउने तलब आजबाट फेक्ट्रि बन्द । आजसम्मको तलबमा १०% ब्याज जोडेर म तपाईंलाई दिन्छु र जहिले सम्म म भुक्तानी गर्छु त्योबेलासम्म तपाईंहरुको ५०% को दरले स्यालेरी पनि पाउनु पर्छ। सम्झौता भयो के भयो यो खण्डहर भई राखेको छ। आज सारा मजदुरहरु तीन साढे तीन सय मजदुरहरु बिचल्लीमा छन् । अब के गर्ने त भन्दाखेरि त्यो त्यसैमा समस्या रहेको छ। कि मारवाडीको यिनलाई दिने र सरकारबाट लिएको ऋण र तिर्नु पर्ने बक्यौता तीन अर्ब भन्दा बढी हुँदैन। तर यो प्रोपर्टी जुन छ छप्पन बिगाहा जमिन छ। गैडाकोटको छप्पन बिगाहा जमिन भनेको अरबौंमा हुन्छ। त्यो जमिन र त्यो फेक्ट्रिको भार सरकारले र त्यो पहल हामीले गर्नु पर्यो। प्रदेश सरकारको पहल गरेर यदि त्यो प्रोपर्टी हामीले प्रदेश सरकारमा हामीले ल्याउन सक्यौं भने त्यो एउटा ठूलो उपलब्धी हुनेछ। यो कुरा तर्फ म यहाँहरुलाई ध्यान दिन चाहन्छु र अर्को म धेरै अब जान्न, अब अहिले आखिर हामीले यो लडेर ल्याएको केले हो ।

जनताले दैनिक जीवनमा उनीहरुले परिवर्तन अनुभूत भएन र यहाँहरुलाई स्मरण गराउन चाहन्छु। अहिले पनि म भन्न चाहन्छु। आज मालपोत कार्यालयमा जानुहोस् नापी कार्यालयमा जानु होस्, यातायात कार्यालयमा जानुहोस त्यहाँ त्यो भद्रगोल अवस्था त्यहाँ त्यो भ्रष्टाचार यो वर्णन गर्न सकिदैन। यी तीन वटा चीजलाई यदि सरकारले नियन्त्रण गरिदिने हो भने वास्तवमा त्यो माथिका वाइडबडि काण्ड, ब्रोड बडी काण्ड विविध काण्ड त्यो जनतालाई थाहा नै छैन र उनलाई त्यो मालपोत काठमाडौं नापी शाखाले जुन टर्चर दिएको छ। यो केन्द्रिय सरकार त निकम्मा भएकै छ। उनीहरुलाई फुर्सतै छैन केन्द्रिय सरकारलाई फुर्सतै छैन। जोड घटाउ विघठन, गठन ध्यान त्यहाँमा छ तर कम से कम प्रदेश सरकार त गर्न सक्ने त होस्। प्रदेश सरकारले त्यो चीजको अहसास दिलाउन सक्नु पर्छ।

त्यो नैतिक मात्रै होइन कर्तव्य पनि हो। त्यसो भएको हुनाले आज यो सब बेथितिको फाइदा कसले उठाई राखेको छ भन्दा र विचित्र छ हाम्रो देशको परिस्थिति अहिलेको

अवस्था एकाथरी साथी रोष्ट्रममा आउँदै संघीयताले खत्तम पार्यो भन्छ। उसले गणतन्त्र भएर उहाँले के नै गर्नु भाछ। यहीं आएर उहाँले भन्नु भाछ। अर्को राजावादी त्यहाँ बसेर के भन्छ भने अब राजा ल्याउनु पर्छ। औलो ठठ्याएर भन्दाखेरि हामी जनप्रतिनिधि सुनेर प्रतिवाद गर्ने दम हामीमा हराउँदै गाको छ किन? हामीले त्यो चीज जनतालाई दिन सकेनौं हामीले वकालत मात्रै हाम्रो प्रतिवादले मात्रै यो सिस्टम बलियो हुँदैन।

यसको पक्षमा हामीले जबसम्म जनतालाई उतार्न सक्दैनौं यो सिस्टम बलियो हुँदैन। त्यसो भा हुनाले म फेरि पनि अनुरोध गर्न चाहन्छु भोलिका दिनमा अब छिटाबाछिटाको कुरा आयो त्यहाँ तिर नजाम जे होला यहाँ हुँदै जाला तर जबसम्म जो छ त्यसको नैतिक दायित्व के हो भन्दाखेरि यी सबै कुराहरु लिएर अगाडी बढनु पर्छ भनेर मैले मेरो कुराहरु राख्दै र यो प्रदेश सभा विगत भन्दा अझ बढि सशक्त रुपमा चाहिने हामीले जनताको पक्षमा आवाज उठाउन सक्नु पर्यो जनसरोकारका विषयमा, प्रदेशका हक हितका विषयमा हामी अगाडी बढन सकौं र यो प्रदेश सभालाई बिजनेस भएन भनेर अलपत्राउने अवस्था सरकारतर्फबाट नहोस् यिनै कुरा राख्दै मेरा भनाईहरु यहीं बन्द गर्न चाहन्छु। धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङलाई बोल्न समय उपलब्ध गराउँछु ।

## माननीय पृथ्वी सुब्बा गुरुङ

सभामुख महोदयज्यू, आज हामी गण्डकी प्रदेश सभाको सातौं अधिवेशनको यो प्रारम्भिक दिनमा उपस्थित भएका छौं। गण्डकी प्रदेश सभामा प्रतिनिधित्व गर्नु हुने सबै संसदीय दलको नेता माननीयज्यूहरु बोलिसक्नु भएको छ। अहिले हामी जुन परिस्थितिमा यो गण्डकी प्रदेश सभाको यो सम्मानित सभा समक्ष हामी उपस्थित छौं। यस सभा समक्ष हाम्रो केही केही विगतका कामहरुको समिक्षा गर्नु पर्ने हुन्छ। हाम्रो गण्डकी प्रदेश सभा जुन रुपमा यो संघीयता कार्यान्वयनको सवालमा गम्भीर हुनु पर्ने हो प्रभावकारी भूमिका

निर्वाह गर्नुपर्ने हो त्यो काम  अहिले गण्डकी प्रदेश सभाले गरेको छ। किनभने हामी संघीयता कार्यान्वयनको प्रारम्भिक चरणमा भएको कारणले गर्दाखेरि हाम्रो अरु अरु तपसिलका कामहरु धेरै भएपनि संघीयता कार्यान्वयनमा हामीले खेलेको भूमिका आज हाम्रो पहिलो  भूमिका हुनुपर्छ। हाम्रो मूल्याङ्कन त्यसैको आधारमा हुन्छ। यो पहिलो पटकको सात वटा सरकारहरु सात वटै प्रदेश सभाहरुको भूमिका यो संघीयता कार्यान्वयनको सम्बन्धमा कस्तो भयो भन्ने कुरा हुन्छ।

संघीयताको माध्यमबाट जनतालाई अधिकारसम्पन्न बनाउने कुरामा जनतालाई सेवा प्रदान गर्ने कुरामा र मुलुकको संमृद्धिको अभियानमा  यसले आफूले गर्नुपर्ने दायित्वका कामहरु कत्तिको भूमिका निर्वाह गर्न सक्यो यो आजको विषय छलफलको विषय हुन्छ। हामी एकले अर्कोलाई गाली गर्नुभन्दा पनि म यो यो गण्डकी प्रदेश सभामा हामीले बनाउनु पर्ने यसले निर्वाह गर्नुपर्ने संघीयता कार्यान्वयनको लागि अझ सहजीकरण गर्नु पर्ने संमृद्धिको अभियानको बाटो खुला होस्। अहिले पनि म के भन्न चाहन्छु भनेदेखि गण्डकी प्रदेश सभाले गण्डकी प्रदेशको आफ्नो क्षमता कुन रुपमा प्रस्तुत गर्न सक्नु पर्ने हो गर्‍या छैन। यद्यपि अरु प्रदेशलाई हेर्दाखेरि हाम्रो प्रदेश सभा धेरै कमजोर होइन त्यसकारणले गर्दाखेरि गण्डकी प्रदेश सभामा व्यक्त भएका विचारहरु साच्चै नै हाम्रो आजको हामीले अवलम्बन गरेको डेमोक्रेसी जुन हामीले कम्पलेन छ हामी लिबरल डेमोक्रेसीको अभ्यास गरिराख्या छैनौं ।

लिबरल डेमोक्रेसीलाई आफ्नो अभिष्ट मानिने साथीहरुले बुझ्नु पर्छ यो कुरालाई। हामी समावेशी लोकतन्त्रको लोकतन्त्रको अभ्यासमा छौं हामी कम्पेटेटिभ डेमोक्रेसीको अभ्यासमा छौ हामी सब्सटेसिभ डेमोक्रेसीको अभ्यासमा छौं हामी । त्यसकारणले त्यसले कुनै नकुनै परिणाम दिनु पर्‍यो। कुनै न कुनै त्यसले आफ्नो भूमिका निर्वाह गर्नु पर्‍यो। हिजोको जस्तो संसदीय प्रणालीमा लोकतन्त्र भन्ने मान्यतामा  आज  होइन र यो प्रदेश सभामा पनि हुनु भएन भन्ने लाग्छ मलाई। यसकारणले यो गण्डकी प्रदेश सभाले अहिले चाँही हाम्रो प्रदेशको शासकीय क्षमता अभिवृद्धिको लागि उसले के भूमिका निर्वाह गर्‍यो कानून बमोजिम के भूमिका निर्वाह गर्न सक्यो ?

यो सरकारको काममा उसले पार्लियामेन्टरी पार्टीहरु जुन मिनि पार्लियामेन्ट भनेर पनि चिनिन्छ पार्लियामेन्टरी पार्टीहरुको भूमिका कस्तो रहयो । यसको कत्तिको योगदान दियो खाली यसले हामीले दिएको निर्देशन सरकारले पालना गर्नु पऱ्यो भनेर भनी राखेको छ। या सार्थक या हस्तक्षेपकारी या तपाईको प्रदेश सरकारलाई बाटो देखाउने खालका उसले महसुस गर्ने खालको उसलाई सहयोग पुग्ने खालको कस्तो रहयो भूमिका? आज मिनि पार्लियामेन्टको रुपमा चिनिने पार्लियामेन्ट पार्टिहरुलाई सबैले चिन्या हो । सबै चारै जना सभापति यहाँ हुनुहुन्छ। भूमिका कति प्रभावकारी छ भनेर आफै समिक्षा गरौं।

हामीले चाहेको जस्तो अहिलेको आवश्यकता अनुसारको भूमिका अझै पनि हाम्रो प्रभावकारी हुन सकेको छैन। पहिलो पटकको यो पार्लियामेन्टरी पार्टी भएको हुनाले यो अलमलमा होला तैपनि हामीले महसुस गर्नु पर्ने कुरा के हो भने हाम्रो भूमिका आजको आवश्यकता अनुसार अझ प्रभावकारी हुन सकेको छैन। यो कुरा कम से कम महसुस गर्नु भयो भने यो संसदलाई प्रभावकारी बनाउन सकिने होला किनभने संधै संसद चलि राख्ने कुरा हुँदैन। संसद नचले पनि समितिहरु चलि राख्या हुन्छ पार्लियामेन्टरी पार्टीहरु सक्रिय हुन्छ। बाह्रै महिना सक्रिय हुन्छ त्यसकारण बाह्रै महिना पार्लियामेन्ट सक्रिय हुनुपर्छ भनेको मतलब के छ भने पार्लियामेन्टरियनहरुको भूमिका प्रभावकारी हुनु पऱ्यो । बाह्र महिनाको सेड्यूल हुनु पऱ्यो। यहाँ अलि लामो दिन प्रदेश सभा चल्न थाल्यो भने यहाँ माननीयहरुको उपस्थिति पातलो हुन थाल्छ। सानो सानो कार्यक्रमहरुलाई महत्व दिने तर यो विधि विधान निर्माण गर्ने ठाउँलाई उपस्थितिलाई त्यसले गौण ठानी राख्या हुन्छ। यसले हामीले समिक्षा गर्ने कि नगर्ने ? यो कुराको महसुस गर्ने कि नगर्ने ? यो कुराको आत्मआलोचना सबैले गर्ने कि नगर्ने ? गर्नु पर्छ भन्ने मलाई लाग्छ ।

त्यसकारणले यो रोष्ट्रमबाट सत्तारुढ पार्टीको नेताको हैसियतले बोल्दाखेरि नेकपा एमालेको हैसियतले बोल्दाखेरि म यो सबै माननीय सदस्यहरुलाई यो आग्रह गर्न चाहन्छु कि हामीले आफ्नो भूमिकालाई प्रभावकारी बनाउने कुरामा सत्तापक्ष प्रतिपक्ष सबैले अझ

प्रभावकारी बनाउ। म अनुरोध गर्न चाहन्छु र हामीले यो सरकारको पनि समिक्षा गरिराख्या छौं। तपाईंको पनि एक खालको आलोचना गर्नु भयो टिप्पणी गर्नु भयो सुझाव दिनु भयो समर्थन गर्नु भो यसको लागि म धन्यवाद दिन चाहन्छु। पार्लियामेन्टले या पार्लियामेन्टमा उठेका विषयहरु यदि त्यो लजिकल छ भने, यदि त्यो तपाईंको अब्जेक्टिभ खालको छ भने, यदि त्यो ग्राउण्ड रियालिटीमा उभिएको छ भने यदि त्यो त्यो आलोचनाको कारणले हाम्रो लोकतन्त्रमा जे खालको समस्याहरु आई रहेको छ त्यसलाई समाधान गर्ने कुरामा त्यसले बाटो देखाउन्छ भने यदि त्यस संघीय शासन प्रणालीका जे अवरोधहरु छन्।

अनसिन जे खालका केही फोर्सहरु छन् त्यसलाई अन्त्य कुरामा यसले योगदान दिन्छ भने गण्डकी प्रदेश सरकारले त्यसलाई शिरोधार्य गरेर आत्मसात गरेर त्यो कार्यान्वयन गर्ने पक्षमा जहिले पनि रहने भन्ने कुरा म निवेदन गर्न चाहन्छु। हामीले कुरा राख्नु पर्यो । मलाई समर्थन गर्‍यो कि विरोध गर्‍यो कि भन्ने आधारमा होइन। त्यो वस्तुवादी छ कि छैन, त्यो तार्किक छ कि छैन, त्यो ग्राउण्ड रियालिटीको आधारमा छ कि छैन, त्यो देश र जनताको हितमा छ कि छैन। त्यो हाम्रो लोकतन्त्र हाम्रो तपाईं डेमोत्रयासीको फेडरेशनको बसमा छ कि छैन महत्वपूर्ण कुरा हो । त्यसमा कहिले कहिले सरकारले नदेखेको विषयहरु छन् भने तपाईले देखाइदिएको क्रम अनुसार यसलाई सहर्ष स्वीकार गरेर तपाईंलाई धन्यवाद दिन चाहन्छु। अझ त्यो तपाईंको हाम्रो लक्ष्य प्रासिको लागि या हामी जुन सबै यो लोकतन्त्रलाई सुदृढीकरण गर्ने संघीय लोकतन्त्रलाई सुदृढ गर्ने पक्षमा हामी छौं।

नेपालले अवलोकन गरेको संघीय शासनलाई बलियो बनाउने पक्षमा हामी छौं यसमा सरकारले गरेको कुनै कमि कमजोरीको कारणले गर्दाखेरि या सरकारले गरेको देखाएको ढिलासुस्तिको कारणले गर्दाखेरि यो सरकारले नदेखेको कारणले गर्दाखेरि यो सरकारले महसुस नगरेको कारणले गर्दाखेरि यदि यसमा केही समस्या भाछ भने र त्यसमा तपाईंले देखाउनु भयो भने हामी त्यसलाई रियलाइज गर्छौं। हामी त्यसलाई कार्यान्वयन गर्ने प्रयत्न गर्छौं। भगिरथ प्रयत्न गर्छौं । तर चाहीं आलोचनाको लागि आलोचना विरोधको

लागि विरोधको कुनै अवस्था रहँदैन। यसकारणले म के भन्न चाहन्छु माननीय सदस्यज्यूहरु माननीय सभामुख मार्फत यो हाम्रो सरकार हामीले महसुस गरिरहेको विषय हामीहरुलाई अरु अरुको सामु ह्याङ्ग भाको होला गण्डकी प्रदेश सरकारको प्रदेश सभा राम्रोसँग चल्या छ। गण्डकी प्रदेश सरकार प्रभावकारी ढंगले चल्या छ भनौं नि हामी तर हाम्रो आफ्नो रियालाइजेशन के भयो नि एज अ चिफ मिनिस्टर गण्डकी गभर्मेन्ट गण्डकी प्रदेश कसरी चल्या छ भन्ने कुरामा हामीले एउटा रियलाइजेश गर्‍या छौं। यसो माननीय सदस्यज्यूहरुले उठाउनु भयो, प्रमुख प्रतिपक्ष दलको माननीयज्यूले उठाउनु भयो । सरकारको काम या सरकारको बजेट कार्यान्वयन गर्ने काम प्रभावकारी ढंगले गर्न सक्या छैन भन्ने कुरा साँचो हो नि । हामीले सुनिराछौं ।

हामीले सोचेको कुरा साउनको एक गते जुन हाम्रो नयाँ आर्थिक वर्ष शुरु हुन्छ र त्यो पहिलो चौमासिक भित्र हाम्रो अर्थमन्त्रीज्यूले यहाँ बजेट भाषण गर्ने बेलामा पनि ती कुराहरु बजेटमै समाहित गरेको छ कि सम्बोधन गर्‍या छ कि हाम्रो यो प्रथम चौमासिक भित्र हामीले गर्नु पर्ने सबै तपाईको विधि विधानका कुराहरु, प्रकृयाका कुराहरु, कार्यविधिका कुराहरु सबै गरौं । हामीले त्यो डिपिआर बनाउनु पर्ने होला असेसमेन्ट गर्नुपर्ने होला त्यो सबै गरेपछि हामी टेण्डरमा जानु पर्ने होला। अनि ठेका सम्झौता गर्ने होला। त्यो काम सकौं पहिलो चौमासिक भित्र अनि दोस्रो चौमासिकको पहिलो हामी धुमधामसँग हामी कार्यान्वयनमा जाऔं यो पहिलो वर्षदेखिको उद्देश्य हो तर हामीहरु यसमा सफल भाको छैनौं। हामी पहिला लामो डेढ सय दुई सय जति एक सय सन्तावन्न जति कार्यविधि बनाउनेतिर लाग्यौं हामी। अनुभवको कारणले हामीले एकीकृत कार्यविधिले हुने कामहरुका लागि पनि हामीले एक सय सन्ताउन्न कार्यविधि बनाउनका लागि सात आठ महिना लाग्या थियो हामीलाई। त्यो वर्ष पनि हामीले धेरै गर्न सकेन।

हामी करिब ६५%-६६% हामी बस्नु पर्‍या थियो। पहिलो आर्थिक वर्षमा, दोस्रो आर्थिक वर्षमा पनि हामीले यो वर्ष तपाईकहाँ हामी ९०% कटाउने भन्या थियौ तर दुर्भाग्यपूर्ण कोभिड १९ को कारणले, पेन्डेमिकको कारणले, जुन महामारी शुरु भयो,

महामारीको कारणले, जुन लकडाउनमा गयो, सबै चीजहरु बन्द भए, विकास निर्माणको काम बन्द भयो, कामहरु बन्द भयो, सबै उद्योग कलकारखानाहरु बन्द भयो सबै बजार बन्द भयो त्यसले गर्दाखेरि यो हामीले मात्रै गर्न सक्या छैनौ यो सब कसरी गर्नु तरपनि हामी मात्र कमजोर छैनौं। हामीले फेरि पनि ६६% मा चित्त बुझाउनु पऱ्यो तर हाम्रो लक्ष्य ६६% थिएन हामीले केरे ९० नै कटाउने भन्या हो। यस वर्ष हामीले ९५% हाम्रो बजेटको लक्ष्य राखेर काम गरेका छौं। यो वर्षपनि पहिलो चौमासिक भित्र गर्नु पर्ने सबै कामहरु प्राविधिक कामहरु सक्नु पर्छ भनेर भनेका थियौं । धेरै पटक हामीले ताकेता लाउँदा लाउँदा पनि हाम्रो काम हुन सकेन त्यस भित्र पनि अनसिन तपाईंको धेरै कुराले अवरोध सिर्जना गऱ्या हुन्छ। ढिलासुस्ति या कामको प्रायोरिटी नचिन्ने समस्या या ढिलासुस्ति गर्ने समस्या र हाम्रो हामी धेरै प्रोसेसमा विश्वास गर्छौं।

रिजल्टमा होइन यसकारण प्रोसेसको प्रोसेसमा नगईकन फेरि महालेखाले प्रश्न उठाई राख्या हुन्छ । हामीलाई अख्तियारले प्रश्न उठाई राख्या हुन्छ। यो सबै कुरा जोगिंदा जोगिंदा काम गर्दा पनि हाम्रो सार्वजनिक खरिद ऐन, उही पुरानो टाइपको छ अहिलेसम्म परिवर्तन भाको छैन। यी कुराहरुबाट बाँधिएका छौं हामी त्यसकारण त्यो चीज हामीले ताकेता लाउँदा लाउँदा पनि हामी छिटो हिडन खोज्दा खोज्दा पनि हाम्रो खुट्टामा लगाउने लाई रहने नेलहरुले त्यसले गर्दाखेरि हामीले सापेक्षिक रुपमा तल भयों। तर तर हामी आशावादी छौं। यस पटक हामीले दोस्रो चौमासिकको समिक्षा गर्दा नगर्दा गएको वर्षमा हाम्रो समग्रमा टोटल १७% थियो खर्च दोस्रो चौमासिक आउँदाखेरि पहिलो वर्षमा हाम्रो ११% थियो अहिले हाम्रो २७% पुग्या छ। हामी यस्तो मुख्यमन्त्री कार्यालय भनेपछि हाम्रो एक अरब तीन करोड कोभिड १९ को सर्भाइभल भण्डको हो अनि ७२ करोड हाम्रो माननीयज्यूहरुको पूर्वाधार कार्यक्रम त्यही छ।

त्यो १% मात्रै छ। हामीलाई लेखा नियन्त्रक कार्यालयले दिने अर्थ मन्त्रालयले दिने खर्च जेटि खर्च जति खर्च भई सक्यो जेटि खर्च बिल भरेको सबै फर्छयौंट भएरपनि आई सक्यो। त्यसको मात्रै रिपोर्ट आउने छ। अहिले ७२ करोड हाम्रो चाँही माननीयज्यूहरुलाई २-२ करोड जुन हामीले ३६ वटा निर्वाचन क्षेत्रमा बाँडेका छौं।

त्यो काम त्यतिकै छ र एक पैसा पनि खर्च नभएको छ। धेरै पैसा खर्च भई सक्यो सम्भवतः ७२ करोड नै खर्च भएको हुनु पर्छ तर त्यसको एउटा विधि छ माननीयज्यूहरुको नेतृत्वमा हुने एउटा अनुगमनले अनुगमन गरी सकेपछि लास्टको भुक्तानी दिई सकेपछि त्यसको खर्च आउँछ। त्यो हामीले जिल्ला जिल्ला पठाई राख्या छौं। त्यसो भएपछि अबको एक महिनाभित्र सम्भवतः त्यो सबै कुरो क्लियर भएर ७२ करोड खर्च भई सक्या हुन्छ। त्यो शिर्षकमा अब हाम्रो १००% खर्च हुन्छ। कोभिड १९ को एक मिलियनको केरे बिलियनको जुन हाम्रो एन्टरप्राइजेज सर्भाइभल फण्ड छ। त्यो एन्टरप्राइजेज सर्भाइभल फण्ड  सबैले मन पराएको हो ।

एकदमै लोकप्रिय र  सबै आधारभूत  व्यापारीहरुको उद्यमीहरु, साना  उद्यमीहरु, धेरै व्यवसायीहरु, साना साना व्यवसायीहरुले ठूलो राहत  महसुस गरेको र यो  एकदमै ट्रान्सपेरेन्ट रुपमा अगाडी बढेको कुनै मन्त्री वा सांसदले भनेर त्यहाँ नहुने हामीले एउटा कार्यविधि बनाएका छौं। राष्ट्रबैंक सँग हाम्रो सम्झौता भाछ। राष्ट्रबैंकले हामीसँग १८ वटा बाणिज्य बैंकहरुले सम्झौता गरेका छौं। यस कारणले यो मन्त्रालयले बाँडने रकम होइन भन्ने कुरो बुझ्नु पर्छ। बैंकहरुले चाँही बैंकहरु हामीसँग सहमत गऱ्या छन् हामीले एक अरब बराबरको ब्याज दिने भन्या हो। त्यो बराबरको साँवा त प्रदान गर्नका लागि हामीले सहमत गराएका छौं। राष्ट्र बैंकलाई हामीले सहमत गराएका छौं। यो काम गरिदिए बापत उनीहरुलाई हामीले कमिशन दिएका छौं। एक पैसा पनि एक पाई पनि हाम्रो  व्यवसायिकहरुले त्यो ऋण लिए वापत ब्याज तिर्नु पर्दै त्यो यो अभियान सात वटै प्रदेशमा कहीं पनि छैन। नेपाल सरकारको पुर्नखर्चले एक अरब पचास करोडको पुर्नखर्चले ठूलो ठूलो व्यापारीहरु पचास करोड भन्दा माथिका तीस करोड भन्दा माथिका करोड जो वार्षिक तपाईको कारोबार गर्नेहरुले हुने भयो तल तलका केही कारवाही हुन सकेन।

अहिले पनि त्यसमा गुनासो के छ भने कम से कम पन्ध्र बिस करोडको या पाँच सात करोडको एक वर्षमा आर्थिक कारोबार गर्नेहरुलाई पनि समावेश गरिदिनु पर्छ तपाईंले भनेको छ। हामीले खाली पचास लाख बराबरको आम्दानी गर्नेहरुलाई समावेश गरेका

छौं। आधारभूत मात्रै समावेश गरेका छौ। हामी आधारभूत वर्गको जुन व्यवसायीहरु छन् जुन केरे पर्यटन व्यवसायीहरु छन् या कृषि व्यवसायीहरु छन, हाइयर उद्यमीहरु छन् या यातायात व्यवसायीहरु छन् । त्यसलाई हामीले सम्बोधन गर्न खोजेको हो। हाम्रो आफ्नो पनि सिमा हेर्नु पऱ्यो। हाम्रो बजेटको भोल्यूम सारै सानो छ त्यस कारण त्यो भोल्यूम भित्र एक अरब छुट्याउने ठूलो कुरा हो त्यसकारणले म यसमा अहिले करिब करिब साढे सात हजार जतिको आवेदन आएको होला। हामीले दुई पटक दोहोऱ्याएर गरिन्छ। त्यो भाहुनाले करिब करिब ८ अरब जति यहाँ खर्च हुन्छ।

कोरोनाबाट प्रभावित पर्यटन कृषि उद्योग यातायातहरुलाई नियमित र गतिशील बनाउनको निम्ति व्यवसायी जीवनरक्षाकोषको व्यवस्था गरी जीवन रक्षाकोष कार्यविधि संचालन कार्यविधि, २०७७ बमोजिम व्यवसायी जीवन रक्षा कर्जा कार्यक्रमको सार्वजनिक सूचना आव्हान गरिकोमा हालसम्म गण्डकी भित्रका बैंकहरु अन्तरगतका ४८० शाखाबाट ६७७८ निवेदकहरुबाट यो सात अरब सतसट्ठी करोड उन्तिस लाख सत्तिस हजार रकम माग गरिएको छ। जसमध्ये एघार वटा बैंकबाट रु तीन अरब दश करोड एघार लाख अडतिस बराबरको रकम नेपाल राष्ट्र बैंकमा स्विकृतिको लागि पेश भएको छ। अब हाम्रो व्यवसायीहरुले त्यहीबाट सावाँ ऋण लिनु हुन्छ र ब्याज हामीले तिरिदिनु पर्छ र हाम्रो कबुल के छ भने यो ब्याज ३ वर्षसम्म हामी लगातार तिर्नु पर्ने भन्या छ र हाम्रो अहिले यो कार्यक्रम शुरु हुँदाखेरि हाम्रो प्रथम र दोस्रो चौमासिक सकियो। यो कार्यविधि बनाउँदाखेरि हाम्रो बिस तिस चालिस पटक हामी बैठकमा बस्या होला ।

वाणिज्य बैकहरु बसेका छौं कृषि बैंकसँग बसेका छौं हामी व्यवसायीहरु बसेका छौं राष्ट्रबैंकहरुसँग बसेका छौं । हाम्रो मन्त्रालयमा धेरै पटक छलफल भाको छ। यो कार्यविधि कसरी म्यानेज गरिने यस्तो कार्यविधि कसैले बनाएको छैन। संघको कार्यविधि र हाम्रो कार्यविधि धेरै नमिल्ने भयो त्यस कारणले गर्दाखेरि यो र यस पटक हाम्रो अनुमान के छ भने एक अरबको हाम्रो मात्रै तीस करोड मात्रै जान्छ यस पटक किनभने तीन महिना मात्रै हामीले वैशाख जेठ र असारको मात्रै हामीले ब्याज तिर्नु

पर्छ।  किन बैशाखबाट मात्रै त्यो ऋण लागु हुन्छ तर अर्को वर्षको लागि हामीले हिसाब गर्दाखेरि एक अरबले पुग्दैन अब हामीलाई । एक अरब बिस करोड, तिस करोड जतिको  यो जीवन रक्षाकोषमा हामीले छुट्टयाउनु पर्ने हुन्छ र यो फेरि त्यो भन्दा अर्को वर्ष  ढेड अरब जति लाग्न सक्छ। फेरि त्यो रकम फेरि पनि छुट भयो भने फेरि पनि हामीले तिर्नु पर्ने हुन्छ केही केही छुटेको हुन सक्छ। त्यो गर्दा खेरि यो त्यसकारणले यो हामीले प्रभावकारी ढंगले ट्रान्सपेरेन्ट ढंगले व्यवसायीहरुलाई सबभन्दा ठूलो राहत मिलेको एउटा कार्यक्रम र एउटा नमूना कार्यक्रम प्रदेश सरकारको हाम्रो गण्डकी प्रदेश सरकारको यो कार्यक्रम रहेको छ र अहिले  यो सरकारको कामको बारेमा थोरै कुराकानी गर्दाखेरि अघि माननीयज्यूले सविस्तार भन्नु भाछ र त्यसमध्ये हाम्रो  हामी के छौं ।

एक नम्बर प्रदेशमा के भयो बहुवर्षमा गएका योजनाहरु मध्ये आफ्नो कार्यकाल भ्याई नसक्ने गरी पचास साठी अर्ब भुक्तानी गर्ने ठाउँमा त्यसको स्रोतको कुनै सुनिश्चितता नभईकन यो बहुवर्षीय योजनामा जाँदाखेरि त्यसले ठूलो गम्भीर  संकट पैदा गर्छ अब कुनै कुनै कार्यक्रमहरु सम्पन्न हुँदैन। कार्यक्रमको संख्या यति बढाई दियो अब पचास करोड लाग्ने ठाउँमा दुई करोड अब पचास करोड लाग्ने दुई करोड हाल्यो र त्यसलाई बहुवर्षीय बनाईदियो त्यतिको जबरजस्ति अर्थमन्त्रीज्यूले  ठेलेर त्यहाँ भताभूङ्ग पारेको स्थिति छ। त्यसलाई हामीले अस्ति मध्यम कालीन संरचनाको हिसाब किताब गर्दाखेरि यो वर्ष हाम्रो बजेट बढदैन भनेर कुरा हामीले हिसाब किताब गरेका छौं । यो वर्ष वाञ्छित रुपमा नेपाल सरकारले राजश्व उठाउन सकेको छैन भ्याट उठ्याउन सकेको छैन।

त्यस हिसाबले गर्दाखेरि गत वर्षको जति बजेट नघटिदिए हुन्थ्यो भने छौं हामी तर बजेट हाम्रो घटन सक्छ । गत वर्ष हामीलाई प्राप्त भएको जम्मा २४ अरब त  होनि । हामीले बाँकि पहिलो औंल्याएर हिसाब गर्दाखेरि पाँच अरबको २९ अरब भयो। त्यसपछि त्यो तीन अरबको ठाउँमा पाँच अरब भन्यौं हामीले यो राजश्व उठछ भनेर ३३ अरब भयो अनि बाँकि हामीले दुई अरब ऋण लिने भन्या छौं। त्यसले गर्दाखेरि हामीले

३४ केरे ३५ अरबको हाराहारीमा बजेट बनाएका छौं। तर अहिले हामी त्यस्तो बनाउन सक्छौं कि सक्दैनौं पाँच अरब कल्पना गरेको ठाउँमा करिब करिब ढेड अरब उठ्या छ। राजस्व उठेको छ । हो त्यहिनिर हामीले प्रश्न गर्नु पर्छ। हामीले राजश्व उठाउने कुरामा के के कुराले बाधा पुऱ्यायो सान्चै हाम्रो संरचनाहरुले गतिशील ढंगले काम गऱ्यो कि गरेन? हाम्रो संस्थाहरुले व्यवस्थित रुपले काम गऱ्यो कि गरेन। हाम्रा कर्मचारीहरु ठीक ढंगले काम गऱ्यो कि गरेन? कुनै इन्सेटिभ या राम्रो ढंगको साधन स्रोतको प्रबन्ध गर्न सके कि सकेन ? हो शासकीय क्षमता केरे गण्डकी प्रदेश सरकारको वृद्धि भाछ कि भाछैन कुरा यहाँनिर भन्दाखेरि गण्डकी सरकारको मुख्यमन्त्रीको हैसियतले म भन्न चाहन्छु।

हामीले अहिले पनि त्यो शासकीय क्षमता अभिवृद्धि गर्न सकेको छैन। मैले बारम्बार भन्या हुन्छु म बारम्बार तपाईहरुसँग प्रतिबद्धता जाहेर गर्छु तर त्यसभित्र अझ पनि हामीले एभल खालका कर्मचारीहरुको ठूलो अभाव छ। प्राविधिक तरफको कर्मचारीहरुको ठूलो अभाव छ र तर अहिले पनि दरबन्दी हाम्रो मिलान हुन सकि सक्या छैन। अहिले पनि एक तिहाई कर्मचारीहरु हाम्रो दरबन्दी अनुसार आएको छैन। कर्मचारीहरुको अभाव एकातिर छ अपर्याप्त एकातिर छ भने त्यसभित्र अनि सक्षम खालको अनुभवी खालको र योग्य खालको प्राविधिक खालको जनशक्तिको अभाव छ हामीलाई । हामीले थुप्रै पटक करारमा विज्ञापन गर्दापनि आउँदै यहाँ मान्छे। किनभने त्यस्तो खालको सुविधा अझै पनि दिन सकेको छैन हामीले । नेपाल सरकारको जागिर छोडेर प्रदेश सरकारको जागिर खाने कुरामा अझै माथि रिस गऱ्याको देखिन्छ हो यहाँनिर हामीले प्रदेशको शासकीय क्षमता अभिवृद्धि गर्न सक्या छैनौं। यसको फिलिङ्ग भाको छ हामीलाई ।

त्यस कारण हामीले लिगल ब्याकग्राउण्डबाट धेरै काम गर्नु पर्छ त्यो लिगल ब्याकग्राउण्ड गर्नेकुरामा यो प्रदेशको गम्भिर ध्यानाकर्षण हुनु पर्छ। प्रदेश सरकारको गम्भिर ध्यानाकर्षण त्यसमा हुनु पर्छ। हामीले यस पटक मैले यस पटक भने छु। यस पटक ४०% त कटि सकेको होला भनेको तर हैन हाम्रो २४ देखि २७% खर्च भाको

छ भनेर आयो तर अहिले पनि हाम्रो कर्मचारीहरुको र मन्त्रालयहरुको मन्त्रीहरुको सचिवहरुको हामीलाई मुख्यमन्त्री कार्यालयमा कुरा के आयो भने ९०.९६% खर्च गर्न सक्छौं हामी। हामीले धेरै कुराहरुको आधार तयार गरेका छौं। अहिले हाम्रो सबै जिल्लामा हाम्रो नेपाल सरकाले स्विकृत नगरेको त्यो कुराहरु हामी आफैले स्विकृत गर्दै स्थापना गरेर अब हाम्रो खानेपानीको कार्यालय एघारै वटा जिल्लामा छ। अब हाम्रो पूर्वाधारका कार्यालयहरु एघारै जिल्लामा छन्। अब हाम्रो सिंचाईका कार्यालयहरु एघारै जिल्लामा छन्। अब हाम्रो घरेलुको या बनको यता पहिला पनि थियो। अब हाम्रो केरे अब, अब हामीले गर्नु पर्ने भू तथा जलाधारको कार्यालय जम्मा दुई ठाउँमा छ तनहुँ र पर्वतमा यसलाई पनि हामीले न्यूनतम केरे सबै जिल्लामा राख्ने । सकेन भने पाँच छ वटा जिल्लामा राख्ने तर त्यसमा पनि हाम्रो ठूलो खर्च भई राख्या हुन्छ । ठूलो निर्माण भई राख्या हुन्छ । हाम्रो ज्येष्ठ नागरिकहरुको सेवाको कुरा आयो या बालबालिकाहरुको सेवाको कुरा आयो या अशक्ति अपाङ्ग व्यक्तिहरुको सेवाको कुरा आयो या महिलाहरुको एकल महिलाहरुको या हिंसा पिडीत महिलाहरुको सेवा र सुरक्षाको कुरा आयो या दलितहरुको सामानको या उनीहरुको सुरक्षा या हकहितको ग्यारेण्टीको कामहरु उसको हिजोको महिला विकास शाखा सबै खारेज भाका छन् ।

अब कुनै संरचना छैन जिल्लामा यसकारणले यो सामाजिक जिल्ला विकासको कार्यालयहरु भनेको त्यो भनेको प्रत्येक जिल्लामा खोल्नु पर्छ यो सबै डेलिभरीहरुको काम गर्नु पर्छ भन्ने आई राख्या छ। त्यसले गर्नुपर्छ जिल्लामा यस कारणले गर्दाखेरि सामाजिक जिल्ला कार्यालय प्रत्येक जिल्लामा खोल्नु पर्छ यो सबै टिओए गरेका काम गर्नु पर्छ त्यसले शासकीय क्षमता अभिवृद्धि गर्ने काममा महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्छ। अर्को वर्ष यो भन्दा सबै कुराहरु जे जे स्थापना गऱ्या छौं जे जे कमि कमजोरी छ हामीसँग शाखा अधिकृत हाकिम छ । त्यसलाई एउटा मोटरसाइकल दिन नसक्ने स्थितिमा छौं हामी या त्यसमा कम ध्यान दिन नसकेका छौं या त्यसमा हाम्रो कम ध्यान गएको रहेछ। अब यसमा सबै ध्यान दिएर कम से कम उपसचिव सरहको जो हाकिमहरु छन् एउटा पिकअप दिन सक्नु पऱ्यो।

ठाउँ ठाउँमा जान सक्नु पर्‍यो कामको गर्नु पर्यो ।इन्सपेक्सन गर्न सक्नु पर्‍यो या तपाईको त्यो सबै कुराहरु हेर्न जानु पर्यो निरीक्षणमा जानु पर्यो या कहिले कहिले पोखरामा आउनु पर्छ या कहीं जानुपर्छ यो सबै स्रोत र साधनको उचित व्यवस्था अझ हामीले गर्या रहेनछौं गर्न सक्या छैनौ हामी संरचनाको बल्ल बल्ल यो वर्ष गर्या छौं त्यसलाई प्रभावकारी ढंगले काम गर्न सक्या छैनौं। आजसम्म हामीले यातायात कार्यालयमा हामीले आफ्नो सफ्टवेयर तयार गर्न सक्या छैनौं । हामीले संघको आउँछ भनेर पर्खदा पर्खदा अब यो वर्षदेखि अब संघको आएन भने अब ढिलो भई सकेको छ। त्यसकारण अहिलेसम्म हाम्रो राजश्व उठाउन क्षमताको हामीले अभिवृद्धि गर्न सकेनौं नि त र साँचो कुरा हो जिल्ला जिल्लामा सबै यातायात कार्यालयहरु खोल्दा पनि अहिलेसम्म कोभिडको कारण पनि छ तर त्यो छुटै कुरा हो कोभिडको कारण हुँदा हुँदै पनि यसले सब्सटेन्टिभ चीज हुन्छ भने हाम्रो आवश्यकता थियो हाम्रो विश्वास थियो तर अझै पनि हुन सक्या छैन।

अझ पनि एक अरब एक अरब उन्नासी करोड उन्साठी करोड त्रिचालिस लाख त्यो आधारमा जुन हाम्रो कुल चार अरब साठी करोड पैंसठी लाख साठी हजार राजश्व उठाउने जुन लक्ष्य हो यसमा एक अरब उन्साठी करोड र त्रिसठी लाख तेह्र हजार भनेको करिब ३४. ६% मात्रै हो। गत वर्ष यहि गर्दा यत्ति नै हामीले तीन अरब सत्ताइस करोड उठाउने लक्ष्य राख्दाखेरि एक अरब उन्साठी करोड त्रियासि करोड एक्यावन लाख उठ्या थियो त्यो बेला र त्यो  त्यतिखेर त्यो भोल्यूमबाट हामीले टारगेट गरेको राजश्वको भोल्यूम कम भएको हुनाले त्यतिखेर अर्थात् त्यो ४९% उठ्या थियो यो वर्ष हाम्रो ४९% उठ्या छैन। अब ६५% उठाउन यो ३ महिनाभित्र हामीलाई हम्मे हम्मे पर्छ । तर यी सबै कुरा उठछ उठदाखेरि पहिलो वर्षमा हामीले पौने दुई अरब अढाई अरब उठ्या थियो। त्यही भएर बढि हौसिएर हामीले पोहोर तीन अरब सत्ताइस करोड राखिदियौं ।

पोहोर  तीन अरब सत्ताइस करोड उठन सक्थ्यो होला हाम्रो १००% तर सबै चार पाँच महिना बन्द हुँदाखेरि त्यसले हाम्रो थला पारेको कारणले गर्दाखेरि गत वर्षको कुरा

हामीले साधारण रुपमा बुझ्न सक्ने विषय होइन त्यस कारणले गर्दाखेरि यो राजश्व सुधारको कार्यक्रमहरु गर्ने कुरा यो खर्च पुँजीगत खर्च गर्ने कुरामा हाम्रो क्षमता अझै पनि विकास गर्न सक्या छैन। हामीले धेरै काम गऱ्यो अनुमान गऱ्यौ तर धेरै काम भा छैन। यस विषयमा यस सम्मानित सभामा कुरा उठनु पर्छ। हामीलाई निर्देशनहरु दिनु पर्छ। सुझावहरु दिनु पर्छ। आलोचना गर्नुपर्छ। म जहिले पनि यहाँबाट आलोचनाको तपाईहरुसँग माग गऱ्या हुन्छु तर त्यो यथार्थ धरातलमा उभिएर गर्नु पऱ्यो त्यो भयो भने हामी सुध्रिने मौका हुन्छ। हाम्रो प्रदेश सरकार बलियो भयो भने हामी सबैको इज्जत बढछ गौरव बढछ प्रतिष्ठा बढछ । प्रदेश सभाले राम्ररी काम गर्नु भयो भने एउटा सभामुखदेखि लिएर सबैको साठी जनाकै यो गौरव बढने कुरा हो र ती नेपालमा हामीले एउटा नमूना  पेश गर्न सक्छौं। त्यो काममा हामी सबैले भूमिका निर्वाह गर्नु पर्छ भनेर मलाई लाग्छ र अहिले हामी एउटा कुरामा ढिला भाछौं। सबै भन्दा पहिला लोकसेवा आयोगको कानून बनाउने कुरामा सबभन्दा पहिलो प्रदेश गण्डकी प्रदेश तर लोकसेवा आयोग गठन गर्ने कुरामा हामी छैठौ मा भयों।

हामी यो संघीय केरे समावेशी कानून या निजामती कानून संघको आउला र हामीले यो गरौंला यो नआईकन यो एक हिसाबले कामै नबढने भएर त्यो भएर हामी बढि एक तरवले ओभर कन्फिडेन्सले बिग्रया छौं। जे होस् हामीले प्रदेश लोकसेवा आयोग स्थापना गर्ने काम गरिराछौ। त्यसले अब काम शुरु गऱ्यो अब हामीलाई चाहिने जनशक्ति मैले मन्त्रीहरुबाट सुनेको निजामती ऐन हामीले जे सुन्या छौं त्यो ऐन समितिबाट पास भयो निजामती ऐन । अब त्यो ऐनलाई इनडोर्स गर्नु पर्ने हुन्छ त्यहाँ सरकारको पनि छ अनुमति या सरकारको पनि  केही न केही सहयोग चाहिन्छ होला त्यहाँभित्र सरकारले के गर्छ थाहा छैन। त्यसमा प्रदेशको सचिव प्रमुख सचिव माथिबाट आउने। प्रदेशको सचिवसम्म प्रदेश लोकसेवा खुल्ने आपूर्ति गर्ने प्रबन्ध भयो अबदेखि त्यसै प्रकारले नेपाल प्रहरीमा पनि प्रदेश प्रहरी जुन संगठन बन्छ हस्तान्तरण हुन्छ हाम्रो डिआईजी जुन आउँछ हाम्रो प्रहरी प्रमुख डिआईजी जो आउँछ डिआईजी बाहेक त्यो भनेको एसएसपि सम्मको प्रमोशनको जिम्मा यहिं प्रदेशलाई दिनु पर्छ भनेर जुन कुरा हामीले गऱ्या थियौं। एसएसपि उहाँहरुले माथि राखेको प्रावधान छ एसपिसम्मको हामी

यहिंबाट गर्न सक्छौं यो सबै कुराहरु पनि धेरै लफडाको कुरा छ अनुभवहिनताको कुरा छ। उनीहरुले धेरै कुरा तल गयो भनेर लागि रहेको छ माथि। हामीलाई अधिकार पर्याप्त प्राप्त भएन भनेर लागि राखेको छ। त्यही बिचमा द्वन्द त छ नि हाम्रो सरकारहरुको बिचमा । यसकारणले यो हाम्रो अनुभवहीनताको कारणले पनि यस्तो कुराहरु भएको हुन सक्छ । यो त पहिलो अभ्यास हो हाम्रो तरपनि पहिलो अभ्यासको पनि तीन वर्ष भएपनि धेरै कुराहरु सिक्यौ हामीले शुरुमा धेरै एक्पेक्टेशन थियो हामीसँग। अहिले त्यसको धेरै समस्याहरु हामीले पहिचान गरी सक्या हुनाले हामीले त्यसमा काम गऱ्या छौं यस बिचमा हामीले केही केही कुराहरु प्राप्त गऱ्या छौं जस्तो गण्डकी विश्वविद्यालयको जग्गा प्राप्त गऱ्या छौं।

अझै पनि केही जग्गा प्राप्त  हुन बाँकि छ। हामी जिआईटीको जग्गा प्राप्त भएको छ जिआईटीको काम अब शुरु गर्न थाल्या छौं हामीले । गण्डकी इन्सटिटयूट अफ टेकोनोलजी, गण्डकी आईटि पार्कको जग्गा बल्ल हामीले प्राप्त गरीरहेका छौं। यसमा हाम्रो डिपिआर तयार भई राखेको छ। अर्को वर्ष हामी निर्माणको काम शुरु गर्छौं। यही ठाउँ जहाँ हामी उभिराछौं। यो पहिलो नगर प्रशिक्षणको नगरको भवन केन्द्र हो यो स्थानीय प्रशासन अन्तर्गतको यो जग्गा हामीलाई हस्तारन्तरण भई सकेको हो यसलाई हामीले दुई भाग लगाउँछौं। करिब  करिब चाहि पैंतालिस रोपनी जति हामी गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई छुट्याएर बाँकि एक सय चौदह रोपनीमा प्रदेश सभाको भवन बनाउने भन्या छौं। यसको डिपिआर भन्नाले हामीहरुले यसको केही निर्णय गरेर यसको शिल्यान्यास गर्न पाएका छैनौं। गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको हामीले तेंतिस करोडको लागतमा प्रशिक्षण प्रतिष्ठानको भवन बनाउने गरी यसको वहुवर्षे ठेकापट्टा उठाई सक्या छ।

यस बिचमा हामीले प्रदेश गण्डकी प्रदेशको प्रशासकीय भवनको लागि जग्गाको लागि महानगरपालिका सँग एकखालको सहमति प्राप्त भाको छ। नगर पोखरा नगर उपत्यका समितिसँग हाम्रो सहमति भाछ। त्यसको पनि धेरै कुराहरु मिलाउनु पर्ने भा हुनाले हामीले त्यसलाई सहलगानीको क्षेत्रमा प्रस्ताव गरिराखेको छौं र प्रदेशको आफ्नै

प्रशासनिक केन्द्र भयो भने आफ्नो मन्त्री क्वाटर भयो भने आफ्नै मन्त्री भवन भयो आफ्नै सभामुखको निवासहरु निर्माण गर्न सक्यो भने । प्रदेशको आफ्नै प्रशिक्षण प्रतिष्ठान भयो भने । प्रदेशको आफ्नो कर्मचारीहरुको निवास निर्माण गर्न सकियो भने यो गण्डकी प्रदेशको सरकारको बल्ल त्यसको औचित्य अनि गण्डकी प्रदेशको पुलिसको आफ्नै ट्रेनिङ्ग सेन्टर निर्माण गर्न सकियो भने सरकार हुनुको अर्थ बल्ल निस्किनछ। अहिले हामी सरकार हुने चरणमै पुग्या छैन। हामी स्टेट बिल्डिङ्गको प्रोसेसमा लामो प्रोसेसले यो सरकारले बिल्डिङ्गको प्रोसेसले पनि धेरै बाटो बिराएको छ। हाम्रो संघीय शासन प्रणालीमा यो जग्गा प्राप्ति कसरी हुन्छ? अरु संघीय प्रणाली रहेको मुलुकहरुको अभ्यास कस्तो छ हामीहरुले सबै चीजहरु हेरेर काम गर्दै जाँदाखेरि केही कुराहरु माथि केन्द्रित हुँदै गाछ फेरि यो प्रदेशहरुले मनपरि गरेर सिद्धाइदिने हो कि या कि स्थानीय तहहरुले सिद्धाइदिने हो कि डरले त्यस्तो पनि भएर त्यसले पनि हामीलाई केही अवरोध सिर्जना गर्‍या छ भन्ने कुरा हामीले महसुस गर्‍यौं। यस पटक गण्डकी प्रदेश सरकारले नेपाल सरकारसँग सहलगानीमा हामीले केही चीजहरु प्रस्ताव गरेका छौं जस्तो गण्डकी प्रदेश सरकारको प्रशासनिक भवन निर्माण आयोजना हाम्रो सहलगानीमा निर्माण गर्ने भन्या छौं।

सडकपुलहरु अहिले पनि हाम्रो १४४ वटा सडक पुलहरु निर्माण गर्नु पर्ने हो हामीले सडकपुलहरु। त्यसमा केही पुलहरु हामीले सम्पन्न गरिसक्या छौं। केही पुलहरु यो वर्ष सम्पन्न हुन्छन्। केही वर्ष चौथो वर्षमा सम्पन्न हुन्छन् केही पुलहरु। केही पुलहरु पाँचौ वर्षमा सम्पन्न हुन्छन्। यसको बावजुद पनि फेरि पनि हामीले यसले कार्यान्वयनमा रहेको पुलहरुको रकमको अभाव देख्न सकिन्छ। यो हिसाब किताब हामीले गरेका छौं। त्यसकारण सत्र वटा पुलहरु जुन निर्माण भई राखेको छ जो ठूलो ठूलो पुलहरु छन् । जस्तो तपाईंको दुई सय छप्पन मिटर लामोसम्म पुलहरु पच्चिस करोडको, अठारह करोडको, बिस करोडको पुलहरु हामी बनाइरहेका छौं ।

त्यसरी पुलहरुलाई बजेटको अभाव हुन्छ भनेर हामीले संघीय सरकारसँग उहाँहरुको नीति नियम अनुसारै हामीले सडक पुल निर्माण आयोजना सत्र वटा पुल आयोजनाहरु

पेश गरेका छौं दोस्रोमा तेस्रोमा शालिग्राम करिडोर जुन दुई तीन घण्टामा पुऱ्याउनु पर्ने छ त्यसको हामीले संघीय सरकारसँग फिफ्टि फिफ्टि पार्टनरशिपमा गर्दा त्यो सजिलो हुन्छ भनेर हामीले त्यो गऱ्या छौं र अर्को पोखराको यो फेवाताल बेगनास ताल र रुपाताल बाहेकको अरु जुन पाँच वटा जुन तालहरु छन् साना साना। यी साना तालहरुको एकीकृत कन्जर्भेसन प्रोग्राम शुरु गरेर इको टुरिस्मको प्रस्ताव पनि हामीले पेश गरेका छौ। यो नयाँ कुरा भयो हामीले तपाईंहरुलाई सुनायौं। त्यस्तै हाम्रो जिल्ला अस्पतालहरुको हाम्रो भवनहरु एकखालको बनी सक्या छ लगभग सबै बनी सक्या छ। हाम्रो भवन मनाङ्ग र मुस्ताङ्गमा बनिराखेको छ। त्यसतै प्रकारले अरु भवन नयाँ भवन बनाउनु पर्ने भवनको अभाव भएको स्याङ्गजा जिल्ला अस्पताल, तनहुँ जिल्ला अस्पताल दमौली जिल्ला अस्पताल पनि भन्छौ हामी र लमजुङ्ग जिल्ला अस्पतालको भवन हामी बनाउनु पर्ने छ। हामी अहिले यो गण्डकी संक्रामक तथा सरुवा रोग अस्पतालको भवन २६ करोडको लागतमा हामी त्यसको डिपिआर तयार गर्दै छौं। त्यहिंभित्र हामीले अर्को ल्याब पनि बनाउँदै छौं संघ सरकारको सहयोगमा।

त्यहिंभित्र हाम्रो अर्को एउटा अस्पतालको फोहोर मैलाहरु यो अस्पतालको मर्मत संभार गर्नु पर्ने एउटा सेन्टरको पनि हामी निर्माण गर्दै छौं। यसरी नै सबै नया कुरा हो र अन्तरराष्ट्रिय क्रिकेट मैदान शान्तिघाटमा निर्माण गर्ने कुरा छ त्यसको पनि हामीले एक अरब अठ्हार करोडको योजना हो यसको हामीले ५०-५० नेपाल सरकारसँग मिलेर गर्ने साझेदारी गर्ने प्रस्ताव गरेका छौं। हाम्रो आईटी पार्क सूचना प्रविधि पार्क ग्राउण्ड बोर्डमा बनाउने प्रस्ताव गरेका छौं त्यसको लागि पनि नेपाल सरकारसँग हामीले साझेदारीको प्रस्ताव गरेका छौं। त्यस्तै गाउँपालिकाको तर्फबाट एउटा प्रस्ताव आएको छ। फेदिखोला गाउँपालिकाको साझेदारीमा गाउँपालिका, प्रदेश र संघको साझेदारीमा खडकेटारी पन्चासे दोबिल्ला सडक आयोजना हामीले प्रस्ताव गरेका छौं। यो धेरै ठूलो आयोजना छ। दोबिल्ला भन्ने मात्रै हो खडकेटारी देखि पाँच करोडको करिब हामीले पाँच करोड दिने उसले १०% हामीले १५% बाँकी नेपाल सरकारले व्यहोर्ने गरी प्रस्ताव गऱ्या छौं।

अहिले हाम्रो महत्वपूर्ण काम के छ भने आधारभूत खानेपानीको कार्यक्रम यो सक्कि सकेको हामीले यो वर्ष नसक्ने अर्को वर्षमा हामी कुरा गर्दैछौं। एक घर एक धाराको कार्यक्रम हामीले अभियानका साथ संचालन गर्दै छौं र १५८ वटा खानेपानी आयोजना यस पाली निर्माण गर्नको लागि दुई अरब उन्नचालिस करोड रकम विनियोजन भएको यसबाट एक हजार पच्पन्न वटा आयोजनाहरु कार्यान्वयन भई राख्या छ अहिले र यो आर्थिक वर्षको अवधिमा हामी एकसठी सय वटा खानेपानी आयोजना सम्पन्न हुन्छ। भएका छन् यो गएको वर्ष र यो वर्ष हामीले तीन सय बयासी वटा इनटेक तेह्र सय अठारह किलोमिटर पाइपलाईन वितरण गरेर ४५८ वटा पानी पोखरी निर्माण भएर खानेपानीको क्षेत्रमा एकदमै धेरै महत्वपूर्ण निर्णय गरेर अघि बढिरहेका छौ र अहिले सम्म २१२५९ वटा निजी धाराहरु निर्माण भएका थिए ।

अहिले हाम्रो महत्वपूर्ण काम के छ भने आधारभूत खानेपानीको कार्यक्रम यो वर्ष सक्नुपर्ने भनेको हामीले! यो वर्ष नसकिने र अर्को वर्षमा हामी पूरा गर्दैछौं। एक घर एक धाराको कार्यक्रम हामीले अभियानकै साथ सञ्चालन गर्दैछौं र १०५८ वटा खानेपानी आयोजना यस वर्ष निर्माण गर्नको लागि २ अरब ३९ करोड रकम विनियोजन भएको, प्रदेश बाट १०५५ वटा आयोजना कार्यान्वयन भैराखेको छ अहिले।यो आर्थीक वर्षको अबधिमा ६१ वटा खानेपानी योजनाहरु सम्पन्न हुन्छन, भएका छन यो गएको वर्ष र यो वर्ष हामीले ३८२ वटा ईन्टेक र १३१८ कि.मि. पाईपलाईन गरेर ४५८ वटा पानीपोखरीका संरचना निर्माण भएर यो खानेपानीको क्षेत्रमा हामीले एकदमै धेरै महत्वपूर्ण निर्णयहरु गरेर अगाडी बढिराखेका छौं र अहिलेसम्म २१,२५९ वटा निजी धाराहरु निर्माण भएको छ गएको वर्ष। यो वर्ष हामीले धेरै निर्माण गर्न सक्छौं त्यसकारणले निर्माणको कामहरुमा यी कामहरु बाहेक अब यसकारणले मैले यस सम्मानित सदन समक्ष के निवेदन गर्न चाहेको भनेदेखि, के जानकारी गराउन खोजेको भनेदेखि प्रदेश सरकार अहिले पनि के कुरामा चिन्तित छ भने उसले आफ्नो साशकीय क्षमता अभिवृद्धीको लागि र साशकिय क्षमता अभिवृद्धि भित्रको भ्रष्टाचार नियन्त्रणमा उसको भूमिका प्रभावकारी भयो कि भएन ?

सुशासन कायम गर्ने अरु कुरामा उसको प्रभावकारी भूमिका रह्यो कि रहेन या यो अपराधहरु नियन्त्रण गर्ने कुरामा उसको भूमिका प्रभावकारी रह्यो कि रहेन? या यो बिकास निर्माणको कामहरुलाई बेलैमा सम्पन्न गर्ने कुरा प्रभावकारी ढंगले काम भएको छ कि छैन? श्रोतहरु व्यबस्थापन गर्ने कुरामा श्रोतहरु अट्र्याक्सन गर्ने कुरामा उसको कुनै भूमिका प्रभावकारी भयो कि भएन? निजी क्षेत्रको लगानी गर्ने कुरामा भूमिका प्रभावकारी रह्यो कि रहेन? यो कुरामा हेरिरहँदाखेरि अहिलेपनि हामिले गरिरहेका छौं ।

हामी अहिले गण्डकी प्रदेश संक्रामक रोग अस्पतालको भवन २६ करोडको लागतमा हामी यसको डिपिआर तयार गर्दैछौं, त्यहींभित्र हामीले अर्को ल्याव पनि बनाउँदैछौं संघ सरकारको सहयोगमा एउटा त्यो अस्पतालका फोहोरमैलाहरु अस्पतालका मर्मत संभार गर्नुपर्ने एउटा सेन्टरको पनि हामी निर्माण गर्दैछौं यसैले सबै आफैंमात्रै यो सालको नयाँ कुरा हो र अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान जो शान्तीघाटमा निर्माण हुने कुरा छ त्यसको पनि हामीले १ अरब १८ करोडको योजना हो ,त्यसलाई हामीले फिप्टीफिप्टीको लागतमा नेपाल सरकारसँग साझेदारी गर्ने प्रस्ताव गरेका छौं।

हाम्रो आइटी पार्क,सूचना प्रबिधि पार्क जुन हाम्रो जाउनबोटमा बनाउने प्रस्ताव गरेका छौं, त्यसको लागि पनि नेपाल सरकारसँग हामीले साझेदारीको प्रस्ताव गरेका छौं।त्यस्तै गाउँपालिकाको तर्फ बाट एउटा प्रस्ताव आएको छ,फेदीखोला गाउँपालिकाको साझेदारीमा, गाउँपालिका, प्रदेश र संघको साझेदारीमा खडकेटारी पञ्चासे दोबिल्ला सडक आयोजना हामीले प्रस्ताव गरेका छौं , यो धेरै ठूलो छैन, वहाँ दोबिल्ला भन्ने मात्रै हो।सर्केटारी देखी पञ्चासे सम्मको सडकको निर्माणको ५ करोडको करिब हामिले उसले ५ करोड गर्ने , हामीले केरे उसले १० प्रसेण्ट हामीले १५ प्रसेण्ट, अरु बाँकी नेपाल सरकारले ब्यहोर्ने गरेर हामीले प्रस्ताव गरेका छौं।

हाम्रो यो राजश्व अभिवृद्धी गर्ने कुरामा अब हाम्रो पर्यटन ऐन एकदमै जरुरी छ। आजसम्म त्यो ऐन तयार भएको छैन।पर्यटन ऐन तयार गरेर यो तारे होटल बाहेकका, यो सानो खुद्रे होटलहरु बाहेकका,सबै स्थानीय तहले हेर्ने होटल बाहेकका अरु होटेलहरुको र हामीले राजश्वको दायराभित्र ल्याउन सकियो भने त्यसले अरबौं रुपैयाँ

उठ्न सक्ने संभावना देखिन्छ। यो कुरा हाम्रो सरकारले गर्नु पर्यो कि परेन? आफ्नो क्षमता वृद्धी गर्न यो गर्न जरुरी छ। त्यस्तै प्रकारले यो अहिले पनि यो राजश्व अभिवृद्धि गर्ने कुरामा हाम्रो यातायात कार्यालयको भूमिका अझैपनि प्रभावकारी हुन सकेको छैन। हामीले धेरै प्रयत्न गरेका छौं, धेरै प्रयत्न गरेका छौं तर त्यो अहिले पनि हात्तीको मुखमा जिरो बराबरको छ। त्यहाँ अहिले पनि अनियमितता भएको कुराहरु सुनिन्छ। हामीले त्यसमा एप्सको, सफ्टवेयरको व्यबस्थापन गर्न नसकेको कारणले ई- गभर्नेन्सको सिष्टममा जान नसकेको कारणले गर्दाखेरि फेरिपनि तलमाथीका कुराहरु, घूसखोरीको कुराहरु चलिरहेको हुनसक्छ। त्यो हामीले देख्दा देख्दै पनि त्यो अलिअलि पनि नियन्त्रण गर्न सकेका छैनौं हामीले।

त्यसको नियन्त्रण गर्ने हो भने पहिलो हामीले अब मेनुअल वर्कमा होईन, हामी आईटी बेसमा जानुपर्‍यो त्यो ई- गभर्नेन्सको सिष्टममा जानुपर्‍यो। मान्छे घरै बसेर सबै कुराहरु पाउने स्थीति भयो भने कर्मचारीसँग तेरो र मेरो भन्ने संवादै हुन पाएन भने लेनदेनको काम कहाँ बाट हुन्छ? फिप्टी परसेन्ट भ्रष्टाचार त्यसरि नियन्त्रण गर्न सकिन्छ। त्यसको लागि हाम्रो त्यही आईटी बेसका कर्मचारीहरु, प्रभावकारि र राम्रा कर्मचारिहरु हामीले ल्याउन हायर गर्नुपर्‍यो, त्यही अनुसारको सफ्टवेयरहरु निर्माण गरेर जानुपर्‍यो,ई-गभर्नेन्सको निर्णय बल्ल हामी यो वर्ष ई-गभर्नेन्सको गुरुयोजना तयार गर्दैछौं भनेपछि हाम्रो काम कति ढिलो छ? हामी यी सबै कुराहरु मिलाउँदा मिलाउँदै यति ढिलो भैसकेका छौं। तर हामिले सपना देखेका छौं कि साशकीय क्षमता अभिवृद्धी गर्ने भनेर। यसकारणले यसमा हामीले साशकीय क्षमताहरु अभिवृद्धी गर्नको लागि यसपटक हामीले केही न केही हाम्रो आम्दानी के हुन्छ? हामी एउटा हाईड्रोको प्रोजेक्ट गर्न सक्छौं कि सक्दैनौं? त्यो निजी क्षेत्रसँग मिलेर। हामी एउटा ठूलो २,३ सय मेघावाटको सोलार प्रोजेक्ट गर्न सक्छौं कि सक्दैनौं,हामिले निजी क्षेत्रसँग मिलेर।

कुनै ठूलो मल कारखाना खोल्न सक्छौं कि सक्दैनौं निजी क्षेत्रसँग मिलेर। त्यस्तो खालको संबैधानिक प्राबधान या कानूनी प्राबधान अहिले सम्म हामीले बनाएका रहेन्छौं। हामीले त्यसको एउटा कम्पनी बनाउन पर्नेछ,गण्डकी प्रदेश प्राधिकरणको

मातहतमा राखेर यी सबै कम्पनी निर्माण गरेर आफ्नै कम्पनिको माध्यमबाट हामीले उसलाई रकम छुट्टयाएर उसलाई एउटा स्वतन्त्र ढंगले काम गर्न दिएर त्यसले धेरै कामहरु गर्न सक्छ भन्ने विश्वासमा हामी छौं। हामी अहिले सम्म चाइनिजहरुको गाई फार्म हामीले ल्याउन सकेका छैनौं, कहाँ कहाँ कहाँ कहाँ अल्झिराखेका छौं।जुन ढंगले हामीले सोचेका थियौं, त्यो गर्न सकेका छैनौं।कतिसम्म भने यहाँहरुलाई म निवेदन गर्न चाहान्छु, हाम्रो क्षमता कहाँ छ अहिले? हामीले ईजरायली राजदूतसँग एउटा राजदुतावाससँग मुख्यमन्त्रीले डायलग गरेर १ वर्षमा २०० जना विदेश बस्ने ईजरायलमा पढन पठाउनुपर्‍यो भनेर भन्यौं,उसले सहमति गर्‍यो, त्यो हामीले ०७५/०७६ मा सकेनौं ।

त्यो, ०७६।०७७ मा पनि सकेनौं त्यो,बल्लबल्ल यो सालमा हिजो मात्रै मैले त्यो ५५ जनाको एउटा ग्रुपको ट्रेनिङको उद्घाटन गरेर आएको छु। २ वर्षमा ४०० जना त हाम्रो नोक्सान भैसक्यो ती ४०० जना पुगेका भए के हुन्थ्यो? १ जनाले कम्तीमा १० लाख पनि लिएर आउने ११ महिनामा,शीप पनि सिकेर आउने, त्यो सिकेर आउने शीपले यहाँ व्यवसायिकरण, कृषीको व्यवसायिकरण, कृषीको यान्त्रिकिकरण ,कृषीको आधुनिकिकरण गर्न, बजारीकरण आदि, ईत्यादीको शैद्धान्तिक ज्ञान लिएर आएपछि उसले यहाँ सञ्चालन गर्ने कुराले र उनीहरुले लिएर आउने कुराले करिब १ अरब देखि डेढ अरब सम्म पैसा पनि आउँछ ५ बर्षभित्र ईजरायलको र सीप पनि लिएर आउँछ र हाम्रो कृषिको आधुनिकिकरणमा पनि योगदान दिन सक्छ भने २ बर्ष केले रोक्यो? हामीले गर्ने भनेको हैन? तर हामीले २ बर्षसम्म सकेनौं,हाम्रो कर्मचारीभित्र यस्तो खैलाबैला भो हैन? यो सरकारले नीजि क्षेत्रसँग निजीक्षेत्रलाई पैसा दिन सक्छ कि सक्दैन त्यही माथापक्षी गर्दागर्दा २ बर्ष लाग्यो।हामीले के भन्यौं ईन्कुवेशन सेन्टर हामीले आफैंले बनाईदिने, उनीहरुसँग थिएन र ईजरायलीसँग संझौता गर्दाखेरि अरु हाम्रो कृषी कार्यालयले तालिम दिएको उनीहरु नमान्ने भयो।

उनीहरुले त ईजरायलमै पढेर आएको विद्यार्थीहरु बाट तालिम प्रशिक्षक उनीहरुलाई बनाउने र उनीहरुले खोलेको कम्पनीमा काम गरेर त्यहाँबाट ट्रेनिङ सञ्चालन गर भन्छ

उनीहरुले। त्यो २०० जना ईजरायलमा पठाउने कुरा प्राप्त गर्ने हो भने उनिहरुको त्यो शर्तलाई हामीले पालना गर्नुपर्छ हामीसँग एग्रिमेन्ट त्यही गरेको छ र त्यही संस्थालाई दिने की नदिने? अनि त्यो तालिम अन द जब ट्रेनिङमा भएका वच्चाहरुको सबै खानपिन सबै जति लाग्छ पैसा ! बस्ने,खाने,पिने सबै व्यबस्था यो प्रशिक्षकहरुको सबै व्यबस्था हामीले गऱ्याछौं,गण्डकी प्रदेश सरकारले गरेको छ। हाम्रो बाबु,नानीले १ पैसा पनि तिर्नुपर्दैन। उनीहरुले त्यहाँ ३ महिना फ्री ट्रेनिङ लिएपछि त्यसपछि उनिहरु युरोपतिर,ईजरायलमा जाने हो। ईजरायलमा ११ महिना काम गरेर आउँने हो,पैसा पनि लिएर आउने हो, तर यो यहि काम त हामीले कार्यान्वयन गर्न २ वर्ष लाग्यो।

३० अरबको अनुदान आउँछ भन्ने थियो, चाईनिज काउ फार्म अहिले सम्म हामीले त्यसको ढोका खोल्न सकेका छैनौं। त्यसको बाटो तय गर्न सकेका छैनौं अहिले सम्म हामीले। हामी त्यहीँ अल्झिराखेका छौं हाम्रो क्षमता त्यहाँ निर रहेनछ। यसको लागि हाम्रो सबै कर्मचारी देखि लिएर, मन्त्री देखि लिएर, मुख्यमन्त्री देखि लिएर सबै तयार हुन पर्यो, यो प्रदेश सभाले यसको लिगल ब्याकग्राउण्ड तयार गरिदिनुपऱ्यो। हामीलाई आवश्यकता परेको छ र त्यो काममा हाम्रो छलफल हुनुपऱ्यो,हामी त्यस्तो गम्भिर खालका प्रश्नहरु जसले करिब २००० रोजगारी दिन्छ, यहाँ कति धेरै दूधको उत्पादन हुन्छ,एक दिनमै कतिसय लिटर दूध उत्पादन हुने गाईहरु यहाँ ल्याउँछन। यो सबै अनुदानमा हो उनिहरुले। ५-१० बर्षभित्र उनीहरुले त्यो हामीलाई नै सुम्पेर जाने हो। त्यस्तो महत्वपूर्ण उस(काम)लाई पनि हामीले गर्न सकेका छेनौं यो कति संकट छ हामीमा। त्यसकारणले यस वर्ष हामीले गण्डकी प्रदेश सरकारको मुख्यमन्त्रीको हैसियतले माननीय सभामुख मार्फत सबै संसदलाई,प्रदेश सभालाई के जानकारी गराउन चाहान्छु भने गण्डकी प्रदेश सरकारको शासकीय क्षमता अभिवृद्धि गर्ने सवालमा गम्भिर ध्यानाकर्षण भएकोछ। एकदम गम्भीर महशुस गरेका छौं हामीले। गम्भीरतापुर्वक महशुस गरेका छौं।

अब आगामी २ वर्षभित्र हामीले यो वर्ष धेरै कुराको आधारहरु तयार गरेर २ वर्षभित्र हामीले एउटा सरकार हुनुको अर्थ, सरकार हुनुको अर्थ चाहीं देशलाई ,दुनियालाई,

जनतालाई देखाउनुपर्नेछ हामीले! सबै राजनितिक दलहरुलाई पनि हामीले त्यो आश्वस्त पार्नुपर्नेछ कि प्रदेश सरकारहरु चल्न सक्छन। आज संघीयताका विरोधीहरुले पनि प्रदेश सरकार चल्दैन, आवश्यक छैन भनेर प्रश्न उठाईरहेका बेलामा हामीले आफ्नो क्षमता देखाउनु पर्दैन? आफ्नो औचित्य पुष्टी गर्नुपर्दैन? यो प्रदेश सरकारले आफ्नो औचित्य पुष्टी गर्ने कुरामा यो प्रदेश सभा भित्र गम्भिर छलफल हुनुपर्दछ, हामीले कहाँ काम गरिराखेका छौं हामीले कहाँ काम कमजोरि गरेका छौं,त्यो कुरा त्यहाँ गर्नुपर्दछ र राजनितिक स्टण्डबाजिको लागि भाषण गर्ने अलग कुरा हो तर एउटा साँच्चै नै आलोचना कन्स्ट्रकटिभ खालको आलोचना, कृयटिभ खालको आलोचना चाहिएको छ हामीलाई ! किनभने हामी सबै पहिलो पटक काम गर्दैछौं,यति कुरा प्रदेश सरकारको बारेमा राखेर अहिले केही राजनितिक प्रश्नहरु पनि उठिराखेको छ यहाँ।

म के भन्न चाहान्छु भनेदेखि हामी संघीयता कार्यान्वयनको एउटा पात्र! संघीयता कार्यान्वयनको पात्रहरु हौं हामी सधैं नेपाल सरकारलाई या  नेपालका ठूला दलहरुलाई या  संघकालाई मात्रै गाली गरेर पुग्दैन भन्ने महशुस मलाई भएको छ। आफ्नो ठाउँबाट कति काम गरिराखेका छौं र अरुलाई औंला देखाउनु छ? गण्डकी प्रदेशले संघ सरकारलाई गाली गरेर हाम्रो दायीत्व पूरा भएको हुँदैन,यद्यपी यो प्रदेश सभामा उत्साहका साथ भन्न चाहान्छु,नेपाल सरकार आफ्नै पार्टीको अध्यक्ष, आफ्नै पार्टीको तर्फ बाट प्रधानमन्त्री भएर पनि त्यो सरकारको विरुद्धमा संघीयता कार्यान्वयन गर्ने सवालमा प्रदेश सरकारलाई सघाउनेछ भन्ने सवालमा,उनिहरुले गाईड गर्ने सवालमा, व्यबस्थापन गर्ने सवालमा, स्थानीय सरकारलाई व्यबस्थापन गर्ने सवालमा नेपाल सरकारले जुन प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने थियो, त्यो आलोचना कांग्रेसको साथीले भन्दा मैले नै बढी गरेको छु। त्यो आलोचना हाम्रो अरु मुख्यमन्त्रीले भन्दा मैले नै बढी गरेको छु।

आफ्नो  हामी कहिले कहिले भन्छौं नि ! मुख्यमन्त्रीको बिरोध,नेपाल सरकारको बिरोध गर्ने मुख्यमन्त्रीको पद धरापमा जान्छ। हाम्रो अहिले सम्मा त्यो सोचमा छौं हामी। यो मुख्यमन्त्री पद  आफ्नो लागि हो भने धरापमा पर्छ। यो मुख्यमन्त्री पद प्रदेशको लागि

हो प्रदेशको जनताको लागि हो, संघीयताको लागी हो भने त्यो धरापमा परेर के हुन्छ ? तर जुन चिज हामीले गर्न खोज्दैछौं, मुख्यमन्त्रीले जुन चिजको लागि काम गर्दैछ, त्यो चिजै प्राप्त हुँदैन, त्यो वातावरण बन्दैन भने त्यो मुख्यमन्त्री भैरहनु के औचित्य हुन्छ? त्यसकारण हामीले यो सवालमा नेपाल सरकारले गरेका कमी, कमजोरीहरु हामीले पनि सुधार्दिनुपर्ने, कतिपय कुराहरु फेरि के हुन्छ समन्वयको,समन्वय गरेर गयो भने धेरै कुरा प्राप्त हुदो रैछ तर त्यही कुरामा झगडा गरिराख्यो भने उसले पनि नदिने हामीले पनि नदिने कुरा पनि हुन्छ।यो अनुभव हामीले यो पनि सिकेका छौं क्या यसबाट।कतिपय कुराहरु समन्वय गरेर धेरै कुराहरु प्राप्त गरेका छौं।

कतिपय कुराहरु हामीले वादविवाद गरेर धेरै कुराहरु प्राप्त गरेका छौं।कतिपय कुराहरु शैद्धान्तिकरुपमा झगडा गरेर, यो  सार्वजनिक खपतको विषय बनाएर पनि हामीले काम गरेका छौं, त्यसकारणले यसमा हाम्रो कुनै तलमाथी छैन र मलाई के विश्वास छ भने हामी अहिले फेरि पनि म दोहोर्‍याउन चाहान्छु यो हामीले अहिलेसम्म भन्दै आएको लोकतन्त्र हामीले हाम्रो लोकतन्त्र होईन। लिबरल डेमोक्रेशिले नेपालको समस्या समाधान गरेन भनेर हामी संघीयतामा गएकै हो।कम्युनिष्टहरुको शासन भनेको एकदलिय शासन प्रणाली चल्दैन भनेर धेरै अगाडि मदन भण्डारीले जनताको बहुदलीय जनवाद ल्याउँदा भनिसकेको बिषय हो। सोभियत संघ वाट हामीले पाठ सिकेका छौं।शोभियत संघको कोल्याप्स डिस्इन्टिग्रेटेड किन भयो? आज किन शक्तिविहिन भएर बसेको छ? त्यसकारणले गर्दाखेरि त्यो चिज त्यसबाट सिकेर एउटा लोकतन्त्रको मुलभूत मान्यता स्वीकार गरेर अघि माननीयज्यूले भन्नुभो हैन, नेपालमा कम्युनिष्टहरु बढदै गयो।नेपालमा कम्युनिष्टहरु बढदै गयो, दुनियामा अरु कांग्रेस जस्तै पार्टीहरु फिलोसोफिमा विश्वास गर्ने पार्टीहरु बढ्दै छन, कम्युनिष्टहरु घटदैछन।

नेपालमा कम्युनिष्टहरु पार्टीहरु बढदै छन,नेपाली कंग्रेसमा कोअपरेटिभ घटदैछ किन? किन? अनि त्यो घटदै गएको पार्टिले समस्याको समाधान गरको भए घटदै जान्छ? भन्नुभो साथिहरुले, यो मुलुकमा कम्युनिष्टहरु समस्याको  समस्या हो, समस्याको जड हो भन्नुभयो। यो बिषयमा मैले भन्ने कुरा आफ्नो बिषयमा प्रवेश गर्न चाहेको थिएन

मैले ! तर प्रश्न उठिसकेपछि मैले प्रश्नको उत्तर दिनुपर्छ किनभने म पनि एउटा दलको नेता हो त्यो दलको नेताको हैशियतले एउटा पार्टी प्रति आफ्नो प्रतिवद्धताको हिसाबले म भन्छु फेरि वहाँ तिर फर्केर,के भन्छु मैले भनेदेखि यो मुलुकमा समस्याको जड नेपाली कंग्रेस हो।यो मुलुकमा सरकार चलाउन असक्षम पार्टी नेपाली कांग्रेश हो किन? १५ सालमा चुनाव भयो कति महिना चल्यो कंग्रेसको सरकार?अहिलेको कम्युनिष्टको त दुई तिहाईको सरकार होईन, दुई तिहाईको नजिकको सरकार मात्रै हो।६९ पोईन्ट भन्दा बढि दुई तिहाई प्राप्त गरेको नेपाली कंग्रेसको सरकार १५,१६ महिना पनि चलेन।योग्य भएको भए चलाउँदैन?सक्षम भएको भए चलाउँदैन?

चलाएर मात्र होईन,३०बर्ष उसको नालायकीपनको कारणले,उसको मैमत्ताका कारणले, उसको घमण्डको कारणले राजा महेन्द्रलाई पञ्चायती ब्यवस्था लागु गर्ने अबसर मिल्यो।अनि भन्नुस,समस्याको जड वहाँहरु कि हामी ? फेरि ०४६ सालमा बहुदल आयो,०४६ सालमा बहुदल आएपछि फेरि हामी पार्टीमा प्रतिष्पर्धा गर्दै गयौं। ०४६ सालपछि नेपालमा फेरि अर्को दोस्रोपटक  हाम्रो लोकतन्त्र गुम्यो, दरवारको पटाङ्गिनीमा पुग्यो हाम्रो लोकतन्त्र ! कसले पुऱ्याएको हो मनमोहन अधिकारीले? प्रचण्डले पुऱ्यायो? या  माधब नेपालले पुऱ्यायो,झलनाथले पुऱ्यायो? के.पि.वलीले पुऱ्यायो? माननीय शेर बहादुरजीले पुऱ्याउनुभयो, नेपाली कंग्रेसले पुऱ्यायो। फेरि पनि हामी ०६२/०६३ साल सम्म त लडाईं लडनुपऱ्यो, युद्ध गरिरहेको पार्टीलाई पनि हमीले युद्ध बन्द गरेर यता शान्ती प्रकृयामा आउ भन्नुपऱ्यो।हामीले फेरि उसैसंग मिलेर हामीले त्यो राजाको विरुद्धमा लडनुपऱ्यो।कंग्रेश बलियो भए जहिले पनि लोकतन्त्र धरापमा पर्छ।यो नेपाली जनताको अनुभूती हो,अनुभव हो,नेपाली जनताले भोगेको यथार्थ हो यो ! अनि आज जुन समस्या भा छ, आज समस्या के भा छ समस्या त कृत्तिम रुपमा सृजना गरिएको समस्या हो,सरकार चलिरहेकै छ,सरकारले आफ्नो काम गरिरहेकै छ, यो सरकारले लोकतन्त्र लगेर दरवारमा बुझाएको छैन।

यो सरकारले लोकतन्त्र लगेर दिल्ली दरवारमा बुझाएको छैन भने कसरि रातारात मिल्यो त्यही भन्ने जुन आरोप छ नि ! गाउँघरमा एउटा उखान छ, जस्तो आंफु उस्तै

च्यापु भन्ने।हामी कहिल्यै पनि अरु द्वारा सञ्चालित होइनौं । हाम्रो आफ्नो स्वतन्त्रता, आफ्नो स्वाधिनताको कुरा हामीले यो नाकाबन्दीको बेलामा देखाएका छौं।संविधान निर्माणको बेलामा देखाएका छौं, अहिले लिपुलेक र लिम्पियाधुराको काण्डमा हामीले देखाएका छौं, हामी कुनै विदेशीद्वारा सञ्चालित पार्टी होईनौं हामी कम्युनिष्टहरु। देशको लागि सबभन्दा देशभक्तिपूर्ण भावनाका साथ लडने, सानो सानो कम्युनिष्ट समूह देखी लिएर सबभन्दा ठूलो नेकपा एमाले सम्मको कम्युनिष्टहरु सबभन्दा देशभक्त यो मुलुकमा कोही छ भने, कम्युनिष्टहरु छन कांग्रेस छन् काहीँ? अस्ती भरखर सम्म कांग्रेसलाई के आरोप लाउने गर्थे मानीसहरुले, यो विदेशी दलाल हो भनेर आरोप लाउने गर्थे,नेपाल एउटा प्रशासनिक इकाई हो भनेर भन्ने वहाँको नेताहरु होईन? नेपाल एउटा भारतको प्रशासनिक एकाई हो कि एउटा स्वतन्त्र मुलुक हो, दुनियाँको १९ वटा मुलुकहरु मात्रै छन स्वतन्त्र भएको कहिले पनि विदेशि शक्तीको मातहतमा नपरेको, अधिनमा नपरेको, एउटा स्वतन्त्र भएर बाँचेको मुलुक १९ वटा मुलुक मध्ये त्यस्तो स्वाभिमानी मुलुक, त्यस्तो स्वतन्त्र मुलुक नेपाल हो।

त्यो, यो मुलुकलाई स्वतन्त्र राख्ने कुरामा हाम्रो अहं भूमिका छ भन्ने लाग्छ मलाई! त्यसकारणले राजनितिक स्टण्डबाजीको लागि जे पनि गर्ने भन्ने कुरा होईन।यथार्थमा आधारित भएर भन्नुपर्छ हामीले।यति गरेर राखेर अब अहिले हामी जुन खालको लोकतन्त्रको कुराकानी गरिराखेका छौं। लोकतन्त्रमा त्यो हुन्छ,तपाईंले चाहेको बेलामा चुनाव भयो भने त्यो लोकतन्त्र हुने, तपाईलाई चुनाव बोझ लाग्यो भने त्यो अलोकतन्त्र हुन्छ? दुनियामा चुनावको पनि अर्थ हुनपर्‍यो,यो कुनै राजा महाराजाले सञ्चालन गरेको पञ्चायती चुनाव हो? यो कुनै पञ्चायती शासकले गरेको पञ्चायती चुनाव हो? जहाँ हामी बलजफती भाग लिंदैछौं।

यो त नेपाली जनताले निर्माण गरेको नेपालको संबिधान मुताबिक सार्बभौम जनताले निर्वाचित गरेको प्रधानमन्त्री, वहाँले आफ्नो पार्टीभित्र विवाद भयो, काम गर्न पाईन,सकिएन, दिएनन।यस्तो बेलामा वहाँले ट्रायल गर्नुभयो नि! संसद , यो पार्टी भित्र अबसरवादको पदको सौदाबाजी गरिराख्नुभन्दा म नयाँ उसमा जान्छु भनेर भन्नुभो,

अदालतले त्यसलाई बेठिक ठहऱ्यायो, ५ गते वहाँले गरेको सिफारिस सदर त भएन नि बदर भयो नि। सदर भएपछि त्यो केरे चुनावमा जाँदाखेरि अस्थिरता देख्ने शक्तिले,अहिले स्थिरता भाछ कि अस्थिरता भाछ? संसद पुनर्स्थापना भो, अहिले के खेलमा छौं हामी, सरकार चलाउने खेलमा छौं कि !नयाँ सरकार गठन गर्ने खेलमा छौं कि!गठन गर्न सकेका छौं कि त्यो भूमिका निर्वाह गर्न सकेका छौं कि ! हामी झगडा गरिराखेका छौं हामी सरकारलाई उस् गरिराखेका छौं।अस्थिरता निम्त्याउने काम कसले गरिराखेको छ हामी ?

त्यसकारणले प्रधानमन्त्रीले भनेको कुरा यसमा सही साबित भएको छ।प्रधानमन्त्रीले के भन्नुभको थियो,यो संसदको यो समिकरण रहिन्जेल सम्म, पार्टीको यो झगडा रहिन्जेलसम्म यो मुलुकको स्थिरता हुन्न।सरकारले काम गर्न सक्दैन,त्यसकारणले नयाँ मेन्डेटमा जाउँ,जनताले जे म्यान्डेट दिन्छ, यो नेपाल कम्युनिष्ट पार्टी त्यो बेलाको, शिफारिस गर्दा ताकाको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) पद गुमाएर जनताले अविश्वास गरेर दोश्रो दर्जामा झऱ्यो भने,नेपाली काँग्रेस १ नम्बरमा गयो भने त्यो दिन वहाँले शिफारिस गरेको एमाले नै पहिलो नम्बरमा या संयुक्त पार्टी नै १ नम्बरमा हुन्छ भनेर शिफारिस गऱ्या हो र? जनतामा जाउँ ,जनताले जे निर्णय गर्छ त्यही निर्णय हुन्छ। जनताले जसलाई जिताउँछ उसले सरकार चलाओस।यो संसदको अहिले जुन खालको समिकरण छ, यो समिकरणले राजनितिक स्थीरताको प्रत्याभूती गर्न सकेन भन्ने कुरा मात्रै हो नि! त्यो कुरा त अहिले पुष्टी भाछ,खोई त्यो सरकार? खोई नयाँ सरकार बनेको? त्यसकारणले गर्दाखेरि नयाँ सरकार बनाउन पनि नसक्ने, काम गर्न पनि नदिने,अनि अहिले हामी दुईटा पार्टी एकठाउँमा थियौं।त्यसोहुँदाखेरी अदालतले फुटाईदिनपर्ने,हामी कति निरीह छौं।हाम्रो नेताहरुतिर फर्केर,सम्माननीय नेताहरुतिर फर्केर भन्न चाहान्छु, हामी कति निरीह छौं।यो एउटा तपाईको अदालतको एउटा न्यायाधीस भन्दा कति निरिह छौं हामी।

आन्दोलन हामीले हाँकेका छौं कि अदालतले हाँकेको छ ? हाम्रो पार्टी रातारात मिलेको भन्नुभो, हाम्रो पार्टी त दुईटा पार्टी अलगअलग हुँदाखेरि पनि एउटै मेनुफेस्टो लिएर,एउटै

चुनाव चिन्ह लिएर उठेको, लडेको पार्टी हो। चुनाव चिन्हको बेलादेखि एउटै मेनुफेष्टोको आधारमा चुनाव लडेको बेलादेखि हाम्रो धेरै सहकार्य हुँदै थियो नि यो त कुनै ओभरनाइट भएको चिज थिएन, त्यो चुनाव पछाडी सम्पन्न भैसकेपछि हामीले संयुक्त सरकार बनायौं,संयुक्त सरकार बनाएपछि हामीले के जनतालाई भनेकै थियौं हामीले, हामी एउटै चुनाव चिन्ह लिएर लडने भनेको सहमती भएन,चुनाव चिन्ह आफ्आफ्नै लडेका छौं , एउटै घोषणापत्र बाट लडेका छौं हामी, र यो एउटै घोषणापत्र बाट चुनाव लडेर हामी जितिसकेपछि एकता गर्छौं भनेर जनतासंग गरेको कबुल पूरा गरेको थियो,यद्यपि त्यसमा हाम्रो पनि बुझाई के छ भने पर्याप्त होमवर्क भएन, पर्याप्त छलफल भएन। पर्याप्त गृहकार्य नभएको कारणले गर्दाखेरि त्यसमा फेरि बिकृतिहरु, बिसंगतिहरु उब्जिएर अहिले हाम्रो पार्टी फेरि अलग अलग भएको छ  डिसेन्डिकृत भएको छ पार्टी त्यसमा हामीलाई दुःख छ ,कुरो त यहाँनेर मात्रै हो।

त्यसकारणले गर्दाखेरिमा म के भन्न चाहान्छु भनेदेखि अहिले हामी जुन ठाउँमा उभिएका छौं, मैले फर्केर भन्न खोजेको! हामी ५ वर्षको लागि एउटै चुनाव चिन्ह लिएर आएका छौं केरे घोषणापत्रको चिन्ह! साबिक माओवादी केन्द्रको घोषणापत्र नि त्यही हो, साबिक एमालेको घोषणापत्र नि त्यही हो,त्यसकारणले आज पृथ्वीसुब्बा गुरुङले मुख्यमन्त्री भएर निर्वाह ,कार्यान्वयन गर्ने पनि त्यही घोषणापत्रमा आधारित भएर होला, आज हरि बहादुर चुमानज्यूले मन्त्री भएर गर्ने पनि त्यही घोषणापत्र हो, अरु घोषणापत्र छैन नि! जस्तो नेपाली कांग्रेशको आफ्नै घोषणापत्र छ, राष्ट्रीय जनमोर्चाको आफ्नै घोषणापत्र छ, त्यतिखेरको नयाँशक्ती अहिलेको जनता समाजवादी पार्टीको आफ्नै घोषणापत्र छ हैन? घोषणापत्रै वहाँहरुको,राजमोको पनि आफ्नो घोषणापत्र थियो, संघीय समाजवादीको आफ्नै घोषणापत्र,नयाँशक्तिको पनि आफ्नै घोषणापत्र थियो, ती सबै पार्टीहरु एकै ठाउँमा मिलेपछि अब वहाँको घोषणापत्र फेरि त्यस्तै त्यस्तै खालको छ भन्नुपर्‍यो हामीले। उनीहरुको संयुक्त घोषणापत्रलाई एक ठाउँमा राख्दाखेरि बुझ्नुपर्ने होला हामीले। तर यही अहिलेको वहाँहरुको कंग्रेशको जस्तो,हाम्रो राष्ट्रिय जनमोर्चाको जस्तो, आफ्नो घोषणापत्र त हामीसँग छैन नि!

त्यसकारणले एउटै घोषणापत्र कार्यान्वयन गर्नको लागि सरकार बाट छोड्नु भनेदेखि यसले संघीयता कमजोर बनाउँछ भन्ने लाग्छ मलाई। हो,यो जतिसुकै संघियता आएपनि हाम्रो कुनै न कुनै रुपमा हामि संघियको केन्द्रीय कमिटीसँग,केन्द्रीयका नेताहरुसँग हामी कुनै न कुनै रुपमा आवद्ध छौं। कुनै न कुनै रुपमा कमिटि बनउनेमा हामी बाँधीएकै छौं तर प्रदेशका सरकारहरु निर्माण गर्ने कुरामा म यहाँ तपाईंहरुलाई आज यो सम्मानित सदनमा एउटा कुरा डिस्पोज गर्न चाहान्छु, त्यो भनेको के भनेदेखि मैले यो गण्डकी प्रदेश सरकारको मन्त्रीमण्डल गठन गर्दाखेरि नेपाल सरकारको प्रधानमन्त्रीसँग सल्लाह गरिन। वहाँसँग ईजाजत मागिन, म आफैले गठन गरेको हो। त्यसको एउटा उत्तर मैले के दिन खोजेको, के सन्देश दिन खोजेको नेपाल सरकारलाई भने, प्रदेश सरकारहरु एकपटक आफ्नो पार्टिले संसदीय दलको नेता चुनिसकेपछाडी मुलुकको संविधान कार्यान्वयन गर्ने हो।

मुलुकको सविधान कार्यान्वयन गर्ने एउटा मुख्यमन्त्रीले, मुख्यमन्त्रीले पाएको अधिकार त्यहाँ बाट नेपाल सरकारको प्रधानमन्त्रीले पाएको अधिकार, जे प्रयोग गर्छ,प्रधानमन्त्रीले आफ्नो ठाउँमा मुख्यमन्त्रीले त्यही अधिकार प्रयोग गर्ने हो भनेर मैले नसोधेको। वहाँसंग सोधिन मैले! त्यो आज मात्र मैले डिस्पोज गर्दैछु। त्यसकारणले एउटै घोषणापत्र बाट चुनाव लड्नेहरुले अलग अलग ठाउँमा बस्नुपर्छ , सत्तापक्ष र प्रतिपक्षमा बस्नुपर्छ, अलग अलग पार्टी हुँदा पनि ।हिजो अलग अलग पार्टी हुँदाखेरि एउटै घोषणापत्र गऱ्या हैन हामीले ? आज किन छुट्टिनुपऱ्यो? सँगै माथिको सरकारको नेताहरुको निर्णयले गर्दाखेरि हामी विभाजित भाछौं भने यसले संघीयतालाई कमजोर बनाउँछ।

हामी हाम्रो गण्डकी प्रदेशले एउटा अर्को काम पनि गऱ्यो गर्वको काम ! कर्णालीले पनि त्यो काम गऱ्यो कर्णाली र गण्डकी प्रदेशले आफ्नो प्रदेशका नामहरु गर्दाखेरि माथी संघ ,नेताहरु सँग सहमती मागेर, नेताहरुको ह्वीप जारी गरेर हामीले गरेको होईन। हामीले लामो छलफल चलाएर, गण्डकी प्रदेशै बनाउनुपर्छ ,अरु अरुले तलमाथीको कुरामा जाँदाखेरि हुँदैन भनेर हामी त्यतिखेर पनि यो आफ्नै प्रिजकेटिभ अधिकार हो गण्डकी प्रदेश सभाको! गण्डकी प्रदेशको आफ्नो प्रदेशको नाम राख्ने, आफ्नो राजधानी तोक्ने

भनेर हामीले त्यो आधारलाई पनि छोडेका थिएनौं तर अहिले पछिल्लो कालमा बागमती प्रदेशको काठमाण्डौ बाट निर्देशन गयो, निर्देशन मुताबिक सबै मान्छेहरु अब छाती माथि ढुंगा राखेर भोट हाल्नुपर्‍याछ भन्नुभएको हामीले सुन्नुपररको छ नि! पार्टीले ह्विप जारी गरिहाल्यो, मन परेको छैन तर गर्नुपर्ने! हामी त्यहाँ संघीयताको खिलापमा गयौं,प्रदेशको प्रदेशसभाको सार्वभौम अधिकारमाथि हामीले आंफैंले ख्यालठट्टा गरेका छौं।

अनि यो चिज हामीले बुझ्नुपरेन? यहाँ लुम्बिनी प्रदेशमा त्यो मिल्दै मिल्नि स्थितिको थिएन, नेताहरुले माथिबाट ह्वीप जारी गरेर ल अब भालुबाङमा या देउखुरीमा भनेपछि बल्ल भयो।हाम्रो जस्तो आफ्नै प्रदेश सभाको औकात बाट निर्णय गर्ने भने त्यो निर्णय हुने थिएन, त्यसकारणले हामीले सुरुको दिनदेखि नै संघीयताको पक्षधरको रुपमा गण्डकी प्रदेश सरकार गण्डकी प्रदेश सभालाई सञ्चालन गर्नुपर्छ भनेर त्यस ढंगले हामीले चलाउँदै आएको हो।त्यसको बारेमा हामीले धेरै भित्रभित्र हामीले धेरै कठिनाई पनि खेप्नु पर्‍या होला तपाईको मुख्यमन्त्रीले।त्यो उसँग मात्रै बिषय छ, त्यो अरुको बिषय होईन, त्यसकारणले गर्दाखेरी यो सबै चिजमा हामीले, म फेरि पनि भन्न चाहान्छु, यसको एउटा लजिकल ईण्ड हुनुपर्‍यो।

राजिनामाको एउटा लजिकल ईण्ड हुनुपर्‍यो,लजिकल एउटा अर्थ हुनुपर्‍यो, समुह छुट्टिने या छुट्टिनुपर्छ भन्ने, हामी संघीयतामा किन गइराख्ने? संघीय,प्रदेश सभाको अलग आईडेन्टीटि छ भनेर किन भन्ने पार्टी ,त्यसकारणले गर्दाखेरि यो हामी सरकार चलाउने कुरा त नेपालको सविधान अनुसार हो पार्टीको बिधान अनुसार होईन।जुनबेलासम्म संसदीय दल चल्छ,संसदीय दल चलाउने बेला सम्म पार्टीको निर्देशन पनि मान्नुपर्छ हामीले तर एकपटक तपाईको त्यो अख्तियार प्राप्त गरिसकेपछि मन्त्रीहरु, मुख्यमन्त्रीहरु, सांसदहरुले नेपालको संबिधान मान्नुपर्ने होला नि ! पार्टीको बिधान भन्दा पनि।अर्थात पार्टीको बिधान अनुसार चल्ने कि मुलुकको संविधान अनुसार चल्ने?

मुलुकको संबिधान अनुसार चल्नुपर्छ ।नेपालमा यही कुराको फेरि पनि हामीले छिनोफानो गर्नुपर्छ ।म अनुरोध गर्न चाहान्छु,माननीय सभामुखज्यू, नेपाली कंग्रेस होस या रा.ज.मो. होस या जनता समाजवादी होस या नेकपा एमाले होस या नेकपा माओवादी केन्द्र होस अब यो सबै पार्टीले एउटा छलफल चलाउनुपर्छ, पार्टी र सरकारको बिचको अन्तरसम्बन्ध कस्तो हुन्छ? पार्टी र सरकारको बिचको अन्तरसम्बन्ध हामी के अभ्यास गरिराख्याछौं ? कम्युनिष्टहरुले उहिलेको एकदलीय शासन प्रणाली भएका मुलुकहरुको अभ्यास खोज्दैछौं,जहाँ सरकार पार्टीको छायाँमा मात्रै हुन्छ।हामी आज त्यो अभ्यास गर्दैछौं या हामी बहुदलीय प्रतिष्पर्धामा राजनितिक प्रणालीमा छौं हामी ? हामी ओपन सोसाइटीमा छौं हामी। संसदीय प्रणालीको अभ्यास गर्दैछौं हामी त यो अभ्यासमा हामीले एक ठाउँ संघीय लोकतान्त्रीक संसदीय शासन प्रणालीको अभ्यास गर्ने, सरकार त्यस ढंगले निर्माण गर्ने,पार्टीहरुको काम गर्ने ठाउँ त्यो हुने, फ्रेमवर्क त्यो बनाउने, डिजाईन त्यो बन्ने अनि काम हामीले रुसी मोडेलको या चाहिं अरु मुलुकको मोडेलको काम गर्ने।

यहाँ त हुँदाहुँदा कांग्रेशले पनि त्यही मोडेल अपनाउन थाल्यो,पार्टी ठूलो कि सरकार ठूलो भनेर गिरिजाको पालामा फोर्श लगाईन्थ्यो।त्यही कारणले मध्यावधिमा जानुपऱ्यो,कांग्रेसले हार खानुपऱ्यो, त्यसकारण हामी सबै पार्टीले सिक्नुपर्ने बिषय के छ भनेदेखि आजको छलफलको क्रममा, अब पार्टीहरुले आफ्नो बिधान बनाउँदा खेरि पनि या दल त्याग ऐन बनाउँदा खेरि पार्टी र सरकारको बिचको अन्तरसम्बन्ध कहाँ सम्म हो? कति बेला सम्म हो ? त्यो छुटयाउनु पर्छ हामीले । फेरी पनि यस्तो विवाद पार्टीको अध्यक्ष र प्रधानमन्त्री बीचको विवाद, यहाँ पनि पार्टीको अध्यक्ष या प्रधानमन्त्रीको विवाद जहिले पनि विवादमा रहेर अन्तरद्वन्दमा रहेर त्यो सरकारले तपाईंको राम्रो पफर्मेन्स दिनै सक्दैन पार्टीका कारणले सरकार अयोग्य सावित हुन्छ त्यसकारणले यो यो कुरा पनि छिनोफानो गर्ने बिषय हो ।

आज हामीले मुलुक के कुनै सिद्धान्तको कुरा भैरहेको छ र ? मुलुक आज नेताको इगो क्राइसिस मेनेजमेण्ट गर्न नसकेको कारणले मुलुक संकटमा फसिरहेको छ । इगो

क्राइसिसका कारणले गर्दाखेरि मुलुक संकटमा फँसिराछ, यो प्रदेशसभामा पनि त्यसको बाछिटा पर्‍यो आजदेखि त्यस्तो हो र हाम्रो प्रदेश सरकार गठन गर्ने कुराले त्यही भन्छ र? भन्दैन नि । त्यस्को एउटा लजिक के हो न्यासनालीटी के हो ? त्यसको व्याख्या के गर्न सक्छौं हामी ? सक्दैनौ हामी।त्यसकारणले यो प्रणाली यस्तो चिज तपाईंको नेताहरुको इगोको कारणले मुलुकको व्यवस्थामा संकट आउने मुलुकको प्रणालीमा संकट आउने, हाम्रो संघीय शासन प्रणाली कार्यान्वयनमा संकट आउने कुरा हुन हुन्छ ? यसमा हामीले कुनै न कुनै निष्कर्ष खोज्नुपर्छ, कुनै कुनै समाधान खोज्नुपर्छ हामीले त्यो काम  आफ्नो आफ्नो पार्टीभित्र पनि गर्नुपर्छ सबैले र आफ्नो आफ्नो दल भित्र यस्तो अभ्यासहरु कहिले गर्नुपर्छ होला छलफल कसरी जाने हामी भनेर छलफल चलाउनु पर्छ होला ।

यति कुरा राखेर अन्तिममा,यहाँ  भ्रष्टाचारका कुराहरु पनि उठ्यो, काण्डै काण्डका कुराहरु उठ्यो म निवेदन गर्न चाहन्छु फेरि पनि मैले आज तीतो कुराहरु धेरै बोल्नुपर्ने स्थिति बनेको छ ।हाम्रो मुलुकमा एउटा प्रश्न उठिरहेको छ त्यो जनताले धेरै, आज म त्यो प्रश्न उठाउन चाहन्छु ।

माननीय सभामुखज्यू मैले उठाउन खोजेको प्रश्न के हो यो मुलुकमा सरकारी ओहोदामा बसेर प्रधानमन्त्री, मन्त्री भएर, सत्ताको दुरुपयोग गरेर अख्तियारको दुरुपयोग गरेर, आफ्नो अधिकारको दुरुपयोग गरेर, भ्रष्टाचार गरेर, अकुत सम्पत्ति कमाएर, करोडौं रुपैयाँ कमाएर, सडकका मान्छे करोडपति बनेर, मुद्दा परेर अदालतले मुद्दा हराएर, अदालतमा जेलमा बसेको  चिरञ्जिवी वाग्ले कुन पार्टीको ? विजय कुमार गच्छेदार कुन पार्टीको ? खुम बहादुर खड्का कुन पार्टीको ? गोविन्द राज जोशी कुन पार्टीको ?

जेपी आनन्द त्यतिखेर कुन पार्टीको ? एउटा कम्युनिष्टलाई देखाउनुस् अख्तियारको दुरुपयोग गरेर, भ्रष्टाचार गरेर, जेलमा परेर पाँच किलोको माला पन्ध्र किलोको माला जेलबाट निस्कदा कुनै बहादुरी काम गरेर देश बँचाएर आएको जस्तो, हजारौं लाखौं जनताको सेवा गरेर आएको जस्तो, कुनै पुरुषार्थ गरेको जस्तो त्यो कस्तो संस्कार हो

तपाईंको पार्टीको ? भ्रष्टाचार गरेर, अनियमितता गरेर, अख्तियारको दुरुपयोग गरेर जेल जाने अनि जेलमा बसेर जेलबाट बाहिर निस्कदाखेरी पन्ध्र किलोको माला लगाएर स्वागत गर्ने,त्यो तपाईंको पार्टी हो । हाम्रो पार्टी होइन, त्यसकारणले आज वाइडबडी र न्यारोबडीको कुरा उठिरहेको छ । म निवेदन गर्न चाहन्छु वाइडबडी र न्यारोबडी कस्को पालामा भएको हो ? शेर बहादुर देउबाजी सम्माननीय प्रधानमन्त्री हुँदाखेरी भएको काण्डहरु,भएका हुन यी काण्डहरु । बरु हामीले त्यो काण्डको बेला त्यतिबेला कस्ले कति खायो, कहाँ कहाँ कति कमिशन खायो थाहा छैन ।

त्यो कमिसन खाएको वापत जे खालको सम्झौता भयो त्यो सम्झौता अनुसारको इन्सटलमेन्ट सरकारले बरु आजसम्म तिर्नुपरिराख्या छ दुईवटा न्यारो बडी किन्दा खेरीको किस्ता तिर्नु परिराखेको छ । दुईवटा वाइड बडी किन्दाखेरीको किस्ता तिर्नु परिराख्या छ । आज हामीले तिर्नु परिराखेको छैन राज्यले,त्यो बोझ तिर्नुपर्‍या छैन? भृकुटी कागज कारखानाको कुरा उठाउनुभयो उहाँले,आज त कम्यूनिष्टको सरकार नेपाली काँग्रेसले आफ्नो सरकार चलाउने बेलामा गरेका सबै फोहोर कुँडा कर्कट पन्छाउनमा दिक्क दिक्क भैराखेको छ उस्को धेरै पहिलाको शासन त्यसमा फँसिराछ,बिउँताउन परिराख्या छ।भृकुटी कागज कारखाना गुन्द्रुकको मोलमा, विरगञ्ज चिनी कारखाना गुन्द्रुकको मोलमा अनि हाम्रो तपाईंको हरिसिद्दी ईट्टा टायल कारखाना गुन्द्रुकको मोलमा, उदारीकरणको नाममा बाँसबारी जुत्ता कारखाना गुन्द्रुकको मोलमा बेच्याछ, यो ने.क.पा. एमालेले गरेको हो कम्युनिष्ट पार्टी सरकार हुँदा खेरिहो? रा.प्र.पा.ले हो? नेपाली काँग्रेस सरकारमा हुँदाखेरी उदारीकरणको नाममा, निजीकरणको नाउँमा, बजारीकरणको नाउँमा बेच्या होइन तपाईंहरुले ?

त्यस्को आज समस्या हामीलाई कति भयो एउटा कपास कारखाना तपाईंको बुटवल धागो कारखाना निजी क्षेत्रमा जाँदाखेरी कति हजार मान्छेको रोजगारी गुमेको छ कति हजार कपास हुन्थ्यो अनि किसानको रोजगारी गुमेको छ । त्यसको समिक्षा गर्नुभएको छ तपाईंले ? त्यसकारणले गर्दाखेरी यी सबै चिजहरु हामीले जहिले पनि भन्न पाएँ भनेर प्वाक्क भन्ने होइन।फेरी पनि तपाईंको घामतिर फर्केर थुक्यो भने त थुक त आफ्नै

अनुहारमा आइलाग्छ । कहिल्यै पनि त्यस्तो नगरौं म अनुरोध गर्न चाहन्छु । हामीले त्यो गरेका छैनौ त्यसकारणले गर्दाखेरी आज ललिता निवास प्रकरणको कुरा आउँछ, ललिता निवास प्रकरणमा अहिलेको सरकार सामेल भएको हो?
अहिले सरकारले गरेको एउटा काम मात्रै हो।ललिता निवास प्रकरणमा यो अनियमितता भएको छ, यो अख्तियारको दुरुपयोग भएको छ, त्यसकारणले त्यसको छानविन गर्नुपर्‍यो भनेर तीन सदस्यीय कार्यदल शारदा प्रसाद त्रितालको नेतृत्वमा तीन सदस्यीय कार्यदल गठन गरेर त्यो कार्यदलले दिएको रिपोर्टको आधारमा आज अख्तियारको प्रमुख दिप बस्न्यात जस्ता मान्छेहरु जेलमा छन् । त्यो जेलमा हालेको कसले ? तपाईंको सरकारले त होइन अहिलेको सरकारले नै जेलमा हालेको हो अनि त्यसमा  यी यी मन्त्रीहरु, प्रधानमन्त्रीहरु पनि सामेल छन् भनेर त्यो कुरा बाहिर निकाल्ने को हो ?

अहिलेको सरकारले हो आफ्नो नेताहरु पनि पर्‍या होला त्यसैको कारणले पनि अलि अलि झगडा गरेको कोही कोही ठाउँमा अलिकति झगडालाई अलिकति इग्नाइट गर्ने काम  भएको होला यहि नै कुरा हो तर सरकार अख्तियारले एउटा निर्णय गर्‍यो, के गर्‍यो प्रधानमन्त्री र मन्त्रीहरुको बारेमा मुद्दा चलाउने काम  सरकारले नै गरोस् यो अख्तियारले उनीहरुलाई गर्न सकेन भनेर भन्यो।यो अख्तियारको ऐनले त्यो भन्यो ।त्यसमा सामेल भएका अरु  नागरिकहरुलाई उनिहरुले त्यसरुपले जे प्रतिवेदन दियो , प्रतिवेदन अन्तर्गत मुद्दा चल्यो।

३८ किलोको सुन काण्डका दोषीहरु कहाँ छन्? जेलमा छन्। लौ त तपाईहरुको सरकार भा बेलामा कुन चाहीँ सुनकाण्डमा पक्डेर जेलमा पर्‍याछ त्यो अपराधी ! अनि आज त्यसैलाई काण्डै काण्ड भनि सरकार भो यो कम्युनिष्टको सरकार, एमालेको सरकार ! यो त अलि हजम होईन नि माननीयज्यू! हजम हुने कुरा गर्नुपर्छ।त्यसकारणले यस्तो कुराहरु गर्दै जाँदाखेरी हामीले , म भन्न चाहान्छु की यो कोभिडको बारेमा पनि कहिले कहिले कुरा उठाउँछौं हामी ,कोभिडको बारेमा हाम्रो यो सम्मानित सदनको बिशेष अधिवेशन बस्यो,प्रमूख प्रतिपक्ष लगायतका साथीहरुले राख्नुभएको कुरालाई सरकारले गम्भिरतापूर्वक लियो, हामीले एउटा साझा संकल्प पनि

गऱ्यौं, कतिपय कुरामा हामीले छलफल चलाएर एउटा निश्कर्षमा पुगेका छौं र अहिले सम्म अनुरोध गर्न चाहान्छु खाली १ जना कुनै मान्छे २ जना कुन्नि के भो त्यो त भा होला,कमजोरि त्यसो भाछैन भन्ने हैन मेरो।
त्यस्तो महामारि आउने केही संरचना छैन, केही जनशक्ती छैन हामीले कम्तीमा त्यति त गरेको हो र त्यसको सधैं त्यो कुरा उठाएर हामीले गरेको कुरालाई ढाकछोप गर्न मिल्दैन होला।हामीले जुन दिन गण्डकी प्रदेशको ११ जिल्ला मध्ये १० जिल्ला ग्रिन जोनमा घोषणा गरेका थियौं कास्की जिल्ला मात्र बाँकी थियो, त्यही दिनदेखि फेरि नयाँ शिरा बाट कोभिड फेरि आउन थाल्यो, महामारी फेरि बढ्न थाल्यो भन्ने प्रश्न आछ।अहिले, अहिले पनि हामी अरु जिल्लामा कोभिडको बिरामी देखिएको छैन हाम्रो।यो कास्कीमा मात्रै बढिराखेको छ।कास्कीमा पनि त्यो डरलाग्दोरुपमा जे बाहिर उठिराछ, एउटा अन्तर्वार्तामा हाम्रो स्वास्थ्यमन्त्रीले भन्नु भाछ, स्वास्थ्यमन्त्रीले के भन्नुभाछ,जेठमा यो महामारीको प्रकोप अलि बढन सक्छ भनेर भन्नुभाछ, बढ्छ भन्नुभाछ, बढ्छ भनेर वहाँले ग्यारेन्टी दिने कुनैपनि छैन, त्यसकारणले त्यो बढ्न सक्छ भन्ने आधारमा अब हामीले सतर्कता अपनाउनुपर्यो।

प्रदेश सरकारले सचेतनता अपनाउनुपऱ्यो।अभियानहरु सञ्चालन गर्नुपऱ्यो।नेपाल सरकारको त यो अभियानै छ की यो ३ करोडै नेपालीले भ्याक्सिनेशन गराउने भन्ने अभियान छ नेपाल सरकारको र यस बारेमा हामीले जेजे कामहरु गरिराखेका छौं त्यो आफ्नो क्षमतामा सब बाहिर बाट ल्याउनुपर्नेभो हाम्रो मुलुकमा कुनै भ्याक्सिनेशन, भ्याक्सिनहरु उत्पादन भाछैन,त्यसमा आफ्नो प्रोटोकलहरु गरेर त्यो ल्याउनुपऱ्यो त्यो काम गरेर अहिले जे काम भैराखेको छ, हामी आज एक खालको निश्चिन्तता हुने स्थीति हाम्रो बनेको छ र कोभिडका कारणले हाम्रो त्यो चुनौतिको कारणले गर्दा खेरि हाम्रो धेरै अबसर पनि के मिल्यो भनेदेखि हाम्रो स्वास्थ्यका संरचनाहरुलाई प्रभावकारी ढंगले बिस्तार गर्ने काममा , सुदृढ गर्ने काममा यो कोभिडको बहानामा हामीले धेरै काम गरेका छौं। धेरै खर्च गरेका छौं हामीले।त्यो पनि अर्को यो पोष्ट कोभिडको सिचुएसन अब हाम्रो लागि सुखद हुनेछ भन्ने विश्वास छ हामीलाई। यो काम पछि पनि हामिले मुल्यांकन गर्नुपर्छ होला त्यसैढंगले।

अब त्रीबेणी दुम्किबास नाकाको कुरा छ यो हाम्रो लाईफलाईनको भन्याछ। अहिले पनि म त्यसैको लागि मैले गर्दागर्दा नसकेको हो, नगरेको होईन,समस्या बाट भागेको होईन। हामी धेरै पटक लड्यौं हामी बन विभागको मान्छेसँग पनि बसेका छौं, बनमन्त्री सँग पनि बसेका छौं,बन सचिवसँग पनि बसेका छौं,अघिल्लो बनमन्त्रीले असहयोग गरेको साँचो हो, बनको सचिवले भन्नुहुन्छ,वहाँले चाहँदै चाहानुहुन्थेन, त्यसकारणले त्यो नभाको। अहिले हामीले चितवन राष्ट्रीय निकुञ्जको अनुनाथ बराल सँग भेटेर वहाँले त्यो सबै देखाएर हामी सबै थियौं सत्तापक्ष, प्रतिपक्ष देखेर वहाँले एउटा रिपोर्ट बल्ल दिनुभाछ । अलिअलि पोजिटिभ रिपोर्ट दिनुभाछ,युनेस्कोको हेरिटेज भित्र हेरिटेज जोन नेशनल पार्क,यो युनेस्कोको हेरिटेज भित्र बाटो बनाउन पर्ने भएको हुनाले युनेस्कोको सहमति पनि लिनुहोला युनेस्कोले जुन खालको त्यो संरचना बनाउन खोज्छ त्यो मापदण्डहरु बनाएको छ।त्यो मापदण्ड पुरा गरेर कार्यान्वयन गर्ने त्यो मापदण्ड अनुसारको संरचनाहरु बनाउनु होला भनेर एक खालको ग्रीन सिग्नल दिएको छ। अब त्यो आएर विभागमा आउनु पर्यो ।

विभागबाट फेरी मन्त्रालयलमा आउनु पर्यो । त्यो कामको लागी तीन चार पटक त म काठमाण्डौं गै सकें । त्यसकारणले यसमा हामीलाई त्रिवेणी दुख्याछ । नेपाल सरकारलाई हामीलाई दुख्या अनुसार नेपाल सरकारलाई दुख्या छैन।हामीलाई दुम्कीबास त्रिवेणी सडक धेरै चांडै चाहियाछ । मैले यो त नेपालको नेपाल र भारत जोडने सडक हो त्यसकारणले तपाइहरुलाई पनि दुखु पर्छ प्रधानमन्त्री ज्यू भनेर भनें। बन मन्त्रीसंग धेरै पटक कुरा भाछ तर पनि अहिले पनि लौ भैसक्यो अब डिपिआर तयार गर्ने चरणमा पुगिसक्यो भन्ने अझै पनि भाछैन। तर जे होस अलिकति हरियो बत्ति चाहिं बलेको छ। यति कुरा राखेर फेरी पनि यो प्रदेश सभाको यो सातौं अधिवेशनको चरणमा यो हामीलाई बाध्यता भएको हुनाले चलाएको के तपाईईलाइ त्यस्तै लाग्छ ? यस पटक चाहिं हामी विभागमा थियौं अस्तिभर्खर अधिवेशन गयौं। हाम्रो विधेयकहरु तयार भएनन। तपाईहरुलाई याद छ कि छैन ?

कसैले उठाएको छैन। एउटा चाहिं अधिवेशन त्यस्तो छ एउटा मात्र विधेयक पास भएको अधिवेशन पनि छ। त्यहांबाट मैले पाठ सिक्याछु। तपाईले मलाई कहिल्यै पनि त्यहांबाट पाठ सिक्नु भनेर रोष्टमबाट भन्नु भएको छैन। पाठ के सिक्या छु तयारी गरेर मात्रै कमसेकम ४/५ वटा ९/१० वटा विधेयक तयार गरेर मात्रै संसदको अधिवेशन बोलाउं ताकि हामीले त्यो काम गर्न सकौं भनेर हामीले भन्या छौं। अहिले हामीले धेरै बल गर्दाखेरी एउटा आर्थिक  दायित्व पर्ने विधेयक छ। एकदमै महत्वपूर्ण विधेयक हो त्यो विधेयकमा एउटा संचार सम्बन्धी विधेयक छ। एउटा बालबालिका हक सम्बन्धी विधेयक छ। अर्को एउटा निजी फर्म दर्ता गर्ने एउटा विधेयक छ । यस बाहेक हामीले ज्येष्ठ नागरिक विधेयक बनाउनु पर्ने छ ।

दलितहरुको विधेयक, त्यही संसदबाट अन्ध, अपाङ्ग,असक्त व्यक्तिहरुको विधेयक बनाउन पर्ने खास के सामाजिक न्याय दिनुपर्ने समुहगत समुदायका मान्छेहरुको लागी संरक्षित गर्ने विधेयकहरु हामीले बनाउनु पर्नेछ। त्यो यो वेला हामीले सक्छौं कि सक्दैनौं ? ५/६ वटा विधेयक तयारी भै सकेपछी फेरी वजेट अधिवेशन शुरु हुन्छ । हामी वजेट निर्माणको काममा लाग्छौं । त्यसमा छलफलमा लाग्छौं त्यसकारणले यसबाट हाम्रो विधेयक अलि चांडैचांडै फास्ट ट्र्याकमा गएर आइरहेका विधेयक पास गरेर चांडै यसको अन्त्य गरेर नयां अधिवेशन बोलाउने क्रममा जानुपर्छ। त्यो काममा यहांहरुको महत्वपूर्ण भूमिका रहनु पर्छ भन्ने मलाई लाग्छ र यस पटक हामीले यो विकासको कुराकानी गर्दाखेरी स्थानिय तहसम्मको हाम्रो अन्तर सम्बन्धलाई व्यवस्थित गर्ने कुरा हामीले अलिकति अघि बढाएका छौं र यो नयां आइजीएफ एक्ट आएको छ इन्टर गभर्मेन्ट रिलेसनको कोअर्डिनेसनमा जुन विधेयक आएको छ त्यो विधेयक अनुसार हामीले स्थानीय तह र हामी विचको अन्तर सम्बन्धलाई कसरी व्यवस्थित गर्ने द्धन्दहरुलाई कसरी समाधान गर्ने भन्ने पनि हामीले ड्राफ्ट गर्दै छौं र स्थानीय तहले अहिलेसम्म अब उनीहरुको चौथो वर्ष हो अब एक वर्ष मात्र बांकी छ। तर धेरै चाहिं स्थानीय तहले ४२ वटा स्थानीय तहहरुले अहिलेसम्म आवधिक योजना बनाएको छैन। आवधिक योजना बनाउनलाई हामीले जिसिअ कार्यक्रम अन्तर्गत योजना बनाउन सहयोग गरेका छौं ।

यो सवै डिपीआरको स्टिमेट मोडल तयार गर्न उनीहरुलाई दिएका छौं। धेरै महत्वपूर्ण कुराहरु जो वहांहरुले गर्नुभएको छैन र यो न्यायिक समितिको कुराहरु, तलका अध्यक्ष उपाध्यक्षका कुराहरु, त्यस्तै भूमिकालाई प्रभावकारी बनाउने कुराहरु हाम्रो कर्मचारीहरुलाई अन्तर जव केरे तपाईको ट्रेनिङ दिने कुराहरु गण्डकी प्रदेश प्रतिष्ठानले त्यो महत्वपूर्ण काम गरेको छ र गण्डकी प्रदेश प्रतिष्ठान मार्फत हामीले नेपालको एउटा मोडल प्रतिष्ठान हो त्यो। कुनैं पनि प्रदेशमा छैन।

यस कारण संघको स्थानीय प्रशिक्षण प्रतिष्ठान जुन छ जावलाखेलको त्यसले एउटा हामीले बनाएको जुन चाहिं रणनीतिक योजना हो जुन खालको कार्यविधि हो जुनखालको कार्यनीति हो त्यो प्रतिष्ठानले संचालन गरेको र जुन खालको टयाक्स बुक पाठ्यक्रम उसले करिकुलम निर्धारण गरेको छ त्यो करीकुलमलाई उसले देश व्यापी रुपमा वितरण गरेर गण्डकीको मिडेल हो यो। यो मोडल सबैले यो अनुसार काम गर भनेर दिएको छ । एउटा मोडेल पेश गरेका छौं हामीले । गण्डकी प्रदेश प्रतिष्ठान मार्फत र त्यसले हाम्रो ३/४ लट कर्मचारीको व्यवस्था गरी सकेको छ र अरु अन्तराष्ट्रिय कम्युनिटिसंग फरेन कम्युनिटिसंग हाम्रो अन्तर सरकारी सम्बन्ध कस्तो हुन्छ भनेर २/३ पटक हामीले छलफल चलाई सकेका छौं। इन्टरनेशनल विज्ञहरुसंग छलफल चलाएका छौं । त्यसले अरु एसिया फउण्डेसन लगायत अरु संस्था पनि काम गरिराखेको छ । त्यसले महत्वपूर्ण प्रभावकारी काम गरिराखेको कुरा हामीले यो प्रदेश सभाको यो सम्मानित सभा समक्ष प्रदेश सभाको तर्फबाट जानकारी गराउन पाउंदा मलाई एकदमै गर्भ महसूस लागेको किनभने देखि यो एउटा मोडेल बन्यो।

हाम्रो गण्डकी प्रदेशको धेरै कुराहरु पेश गर्न खोजी राखेका छौं मुलुको सामु र त्यस मध्येको एउटा मोडेल यो पनि हो र आगामी दिनमा हामीले यो नयां नयां मोडल संघीय शासन प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन गर्नलाई चाहिन्छ। त्यो जरुरी रुपमा अगाडि बढाउनु पर्छ भन्ने मलाई लागेको छ र यति कुरा राखेर माननीय सभामुखज्यू आजको यो गण्डकी प्रदेश सभाको पहिलो बैठकमा सातौं अधिवेशनको पहिलो बैठकमा

म के अनुरोध गर्न चाहन्छु भने गण्डकी प्रदेश सभालाई अझ प्रभावकारी बनाउं। सायद हामी जांदाजांदै हाम्रो कार्यावधि सकिंदा हाम्रो गण्डकी प्रदेश सभाको नयां भवनमा बस्न पाउने हाम्रो कार्यक्रम संचालन गर्न पाउने स्थिति निर्माणको लागी हामी काम गरिराखेका छौं । अरु काम केहि न केहि ढिला भएको छ यो पनि म यहांहरु समक्ष जानकारी गराउन चाहन्छु। सबै समक्ष राख्न चाहन्छु र यो सदन यो सेसनको वैठकहरुलाई प्रभावकारी रुपले सम्पादन गरेर पार्टिहरु वीचको अहिले सम्मको समझदारीलाई अझ व्यवस्थित गरेर सुदृढीकरण गरेर अगाडि बढौं र एउटा सन्देश सिङ्गो मुलुकलाई दिइ सफल बनौं र प्रभावकारी ढङ्गले कानुन निर्माण गर्ने कुरामा भूमिका निर्वाह गर्न सकौं यो कुरा म प्रदेश सभालाई सफलताको शुभकामना व्यक्त गरेर आफ्ना भनाई टुङ्गयाउछु । धन्यवाद ।

**<u>माननीय सभामुख</u>**

माननीय सदस्यहरु अब यो वैठक २०७७ साल चैत्र २६ गते दिनको १.०० वजे सम्मको लागि स्थगित हुन्छ।